# पहिलो अध्याय :

# अनुसन्धान परिचय :

## १.१. पृष्ठभूमि

काठ्माडौ उपत्यकाका तीन प्रमुख शहरहरु मध्ये सर्वप्राचीन मानिने ललितपुर बौद्ध धर्म, इतिहास र संस्कृतिका दृष्टिकोणले महत्वपूर्ण शहर हो । यस प्राचीन नगरको विस्तार भौगोलिक रुपमा पूर्वमा त्रिवेणी डाँडाँ, फूलचोकी, फुलवारी डाँडाँ, नागी डाँडाँ एवं दुर्लुङ्ग खोलाले छुट्याएको छ भने दक्षिण र पश्चिममा वाग्मती नदीले छुट्याएको छ र उत्तरमा हनुमन्ते खोला, मनोहर खोला, र वाग्मती नदीले छुट्याएको छ । जिल्लाको आधारमा ललितपुर शहरको पूर्वमा इमाडोल, हरिसिद्धि, दक्षिणमा सैबु, सुनाकोठी, धापाखेल पर्दछ भने पश्चिममा कीर्तिपुर र उत्तरमा काठ्माडौ पर्दछ । चक्र आकारको वास्तुयोजनामा बनेको यस शहरलाई ललितपुर, यल, पाटन, अशोकपत्तन, ललितपत्तन, युपग्राम, यग्ला आदि नामहरुबाट पनि परिचित छन् ।

यस क्षेत्रको एतिहासिकता र बौद्ध धर्मको सम्वन्ध किराँतकालमा चौधौं किराँतीराजा स्थुन्कोको पालामा, मौर्य सम्राट अशोकको कालमै स्थापित भैसकेको देखिन्छ । उनले पाटनका चार दिशामा चार स्तुप र शहरको बिचमा एउटा स्तुपको निर्माण गरेको पाइन्छ । शहरको पूर्वमा तेता स्तुप, दक्षिणमा लगनखेल स्तुप, पश्चिममा पुल्चोक स्तुप, उत्तरमा इबही स्तुप र बिचमा पिम्बहाल स्तुपको स्थापना गरेको पाइन्छ । यी स्तुपहरु अशोक स्तुपको नामले परिचित छन् ।(चि.फ.सं.ङ)

उपत्यकाका अन्य शहरमा भन्दा ललितपुरमा बौद्ध धर्म बढी विकसीत भएको पाइन्छ । यस क्षेत्रभित्र बौद्ध विहारहरु, कचाबहालहरु, निजीबहालहरु, र बहीलहरुको संख्या तीन सय भन्दा बदी छन् ।यस क्षेत्रमा प्रमुख पन्ध्रवटा बहाल र ९ वटा बहीलहरु छन् । वर्तमान समयमा तीन वटा नयाँ बहाल समेत गरी अठारवटा वहालहरुको अस्थित्व देखिन्छ ।(हेर्नुहोस् परिशष्ट ग)

प्राचीन समयमा विहारको निर्माण नगरभन्दा बाहिरी भेगमा गर्ने चलन थियो तर उपत्यकामा नगरको भित्री भागमा पनि विहारहरुको निर्माण भएको पाइन्छ । त्यसैले टोल टोलमा विहारको निमार्ण भएकोले सम्वन्धित ठाँउको नाम नै विहारको नामबाट प्रचलित भएको पाइन्छ । यस क्षेत्रमा बौद्ध विहार, वहील, चैत्य, धर्मधातुको निर्माण हुनुका साथै विभिन्न बौद्ध साँस्कृतिक कियाकलापहरु पनि भइरहेको पाइन्छ । उदाहरणको लागि बुद्ध जयन्ती, मच्छिन्द्रनाथ जात्रा, गुलापर्व, पंचदान, नवदान, सम्यक् महादान, (प्रTo]s ५ वर्षमा) मतया पर्व, बाहापूजा, दीपंखा यात्रा, (प्रत्येक १९ वर्षमा) वशुन्धरा ब्रत, आर्यतारा ब्रत, वंला पर्व आदि बौद्ध धर्मको दानधर्म संग सम्वन्धित पर्वहरु मनाउने गरेको पाइन्छ ।

यी विभिन्न साँस्कृतिक पर्वहरु मध्ये पाटनमा परम्परागत रुपमा चलिआएको इल्हने सम्यक् महादान महत्वपूर्ण पर्वका रुपमा मनाउने चलन छ । यो पर्व प्रत्येक पाँच वर्षमा फाल्गुण शुक्ल चतुर्थीको दिनमा हिरण्यवर्ण महाविहार रहेको सम्यक् महादान गुठीले आयोजना गरी मनाउने गरिन्छ । यसरी सम्यक् पर्वको आयोजना गर्दा ललितपुरका प्रमुख १८ वटा बहाल, वशुन्धरादेवी, थासद्यो:, दीपंकर बुद्ध, आर्यतारा, लोकेश्वर, मच्छिन्द्रनाथ, मीननाथ, लगनखेलथुरका साथै कीर्तिपुर, दुख्योबहाल, चोभार, काठमाडौ, भक्तपुरका देवताहरुलाई विधिवत् निमन्त्रणा दिई मुख्य दिनमा पूजा तथा दानधर्म गरी मनाउने गरिन्छ ।

यो पर्व मनाउने अर्को शैली पनि छ । कुनै दाताले सधर्मचित्त उत्पन्न भई स्वइच्छाले आयोजना गरी पनि मनाउने गरिन्छ । दातृले आयोजना गर्दा सर्वप्रथम दीपंकर बुद्धको मूर्ति र ताराको मूर्ति प्रतिष्ठान गरिन्छ । यसरी आयोजना गर्दा आपनो सम्वन्धित विहार वा लगनखेल स्तुपको परिसरमा दानशाला बनाएर गरिन्छ । यसरी सम्यक् पर्वको समापन समारोह्पछि यस पर्वको सम्झनामा पिण्डपात्र, शिलापत्र, ताम्रपत्र आदिको प्रतिष्ठा गरी आपनो विहारमा चढाउने चलन छ ।

आफु पनि इल्हनेका स्थानीय बासिन्दा, सम्यक् पर्वमा सानैदेखी सहभागी हुदै आएकोले यस पर्व बारेमा अनुसन्धान गर्न इच्छुक भएकोले र अरुलाई पनि थप जानकारी गराउने उद्देश्य लिई यस विषयलाई सोधपत्रमा लिएकी छु ।

## १.२. शोध समस्या कथन :

पाटनको इल्हने सम्यक् महादान पर्वको वारेमा विभिन्न समयमा लघु पुस्तक, लेख, निवन्धहरु प्रकाशित छन् । तर हालसम्म इल्हने सम्यक् पर्वको बारेमा स्पष्ट रुपमा लघु अनुसनधान प्रवन्धका रुपमा काम भएको नदेखिएको हुनाले बौद्ध धर्ममा महत्वपूर्ण भूमिका रहेको यस पर्वलाई अनुसन्धानको विषय बनाइएको छ । यस अध्ययनमा शोधको मुख्य समस्या बुद्ध धर्मको दानपारमिता, इल्हने स्थिति, उत्पति, परम्परा, साँस्कृतिक क्रियाकलाप, देवी देवताको कलाकृति र पूजा सामाग्री हुन् ।

## १.३. उद्देश्य :

यस अनुसन्धानको मूल उद्देश्य निम्न अनुसार छन् ।

१.३.१. इल्हने सम्यक् महादान पर्वको एतिहासिकता, महत्व, परम्परा, अध्ययन गर्नु हो ।

१.३.२. यो पर्व मनाइने स्थान तथा यहाँको अन्य साँस्कृतिक क्रियाकलापहरुका बारेमा अध्ययन गर्नु हो ।

१.३.३. यस पर्वसंग सम्वन्धित साँस्कृतिक क्रियाकलापहरु तथा यस अवसरमा प्रदर्शनी गरिने देवी देवताहरुको कलाकृतिहरु र आवश्यक सामाग्रीहरुको बारेमा अध्ययन गर्नु हो ।

१.३.४. यस शोध पत्रको अर्को उद्देश्य त्रि.वि.वि.को स्नातकोत्तर तहको नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयको दशौं पत्रको आंशिक परिपूर्ति गरी स्नातकोत्तर तहको उपाधि प्राप्त गर्नु हो ।

## १.४. महत्व :

इल्हने सम्यक् महादान पर्वको धार्मिक महत्व बारेमा विभिन्न लेखहरु प्रकाशित छन् । तर यस अध्ययनमा त्यसदेखि बाहेक अझ स्पष्ट रुपमा बौद्ध धर्ममा दानको महत्व, इल्हने सम्यक् उत्पति, परम्परा, इल्हने स्थान, यस पर्वको साँस्कृतिक गतिविधि, यस समारोहमा प्रदर्शन गरिने देवीदेवताहरुको कलाकृति, र यस पर्वमा प्रयोग गरिने आवश्यक सामाग्रीहरु आदिको उल्लेख गरेकोले महत्वपूर्ण छ ।

## १.५. पूर्व साहित्य समीक्षा :

इल्हने सम्यक् महादान भनेको बौद्ध धर्मावलम्वीहरुको महान पर्व हो । यस महान पर्वका बारेमा विभिन्न स्वदेशी तथा विदेशी लेखकहरुले पनि प्रत्यक्ष र अप्रत्यक्ष रुपमा पुस्तक तथा लेखहरुको माध्यमबाट प्रकाशित गर्नु भएको छ ।

### १.५.१. अंग्रेजीः

१.५.१.१ बैद्य, करुणाकरले **बुद्धिष्ट त्रेदिसन एन्ड कल्चर अफ दी काठमाडौ भ्याली**, (काठमाडौ : साझा प्रकाशन, १९८६) मा विभिन्न चाडपर्व र संस्कारहरुको वर्णन गर्नुका साथै इल्हने सम्यक् महादान पर्वका बारेमा पनि आंशिक रुपमा उल्लेख भएको छ ।

१.५.१.२. लक, जोन, केले **बुद्धिष्ट मोनाष्ट्रीज अफ नेपाल,** (काठमाडौ : १९९६)मा काठमाडौ, ललितपुर, र भक्तपुरका विहारहरुको उल्लेख गर्ने प्रसंगमा सम्यक् पर्वसंग सम्वन्धित बहाल र बहीलहरुको बारेमा उल्लेख गरेतापनि सम्यक् पर्वको बारेमा छुटै उल्लेख गरिएको छैन।

१.५.१.३. बज्राचार्य(धाख्वा), रञ्जनाले, **रोल अफ दी हिरण्यवर्ण महाविहार इन सोसिल कल्चर लाइफ अफ दी बुद्धिष्ट नेवार अफ पाटन**, (अप्रकाशित विद्यावारिधी शोधग्रन्थ, त्रि.वि. २०५०) मा हिरण्यवर्ण महाविहारबाट गरिने धार्मिक, सांस्कृतिक कार्यक्रमहरुको बारेमा वर्णन गरिएको छ। सम्यक् महादान पर्वको बारेमा पनि संक्षिप्त रुपमा उल्लेख गरिएको पाइन्छ ।

### १.५.२. नेपालभाषा :

१.५.२.१. हेमराज शाक्यले इल्हने सम्यक् महादान पर्वका बारेमा उल्लेख गरिएका ग्रन्थहरु निम्न प्रकारका छन् ।

१.५.२.१.१. उनको, **इल्हने सम्यक् संक्षिप्त इतिहास,** (यल : संघ रत्न शाक्य, २०३२)मा सम्यक् पर्वको इतिहास मात्र वर्णन गर्नु भएको छ ।

१.५.२.१.२. उनकै, **सम्यक् महादान गुठी,** (यें : जगतधर तुलाधर, २०३६)मा सम्यक् पर्वको इतिहास, परम्परा, र साँस्कृतिक प्रक्रिया आदिको बारेमा वर्णन गर्नु भएको छ तर इल्हने सम्यक् पर्वको गरिनै क्रियाकलापहरुका बारैमा वर्णन गरेको छैन् ।

१.५.२.१.३. उनकै, **इल्हने सम्यक् इतिहास व थ्वया ज्याभ्व** :(यल : बेखारत्न शाक्य, २०४८)मा इल्हने सम्यक् पर्वमा गरिने कार्यक्रमहरुको बारेमा उल्लेख गरेको पाइन्छ ।

१.५.२.२. दरशा नेवामीले, **इल्हने सम्यक् महोत्सव**, (यलः हेराकाजी सुइका, २०४५)मा सम्यक् पर्वका परम्परा र कार्यहरुको बारेमा संक्षिप्त रुपमा वर्णन गरेको पाइन्छ ।

१.५.२.३. सुगत रत्न सिन्दुराकारले **सम्यक् महादान,** (काठमाडौं : तेज रत्न सिन्दुराकार, २०५९), ग्रन्थमा विभिन्न लेखकहरुले काठमाडौ, ललितपुर र भक्तपुरमा हुने सम्यक् महादान पर्वका बारेमा उल्लेख गरेका छन् तर इल्हने सम्यक् पर्वका बारेमा विस्तृत रुपमा उल्लेख गरेको पाइदैन ।

१.५.२.४. हेमराज शाक्य र अरु (संम्पा.प्रा.डा.वज्रराज शाक्य), **पलेस्वाँ,** अंक.२१, (२०६०) मा पनि इल्हने सम्यक् पर्वका बारेमा उल्लेख गरेको पाइन्छ ।

**१.५.३. नेपाली :**

१.५.३.१. ध्रुव कृष्ण दीपले, **हाम्रो संस्कृति हाम्रो ढुकुटी** (ललितपुर : साझा प्रकाशन, २०३७) मा विभिन्न चाड पर्वहरुको साथै सम्यक् पर्वका बारेमा पनि संक्षिप्त वर्णन गर्नु भएको छ ।

१.५.३.२. मीन बहादुर शाक्यले **सम्यक् पर्व हिरण्यवर्ण महाविहार** (ललितपुर : आशा रत्न शाक्य, २०५६), मा सम्यक् पर्वको इतिहास र अन्यको संक्षिप्त रुपमा वर्णन गरेको पाइन्छ ।

## १.६. अध्ययनको  क्षेत्र र सीमा :

यस अध्ययनको सिमाङकन भौगोलिक रुपमा ललितपुरको इल्हने सम्यक् महादान पर्वमा मात्र केन्द्रित गरिएको छ । यस अध्ययनमा बौद्ध ग्रन्थमा उल्लेखित उपदेश दशपारमितामा दानपारमिताको महत्व अध्ययन गरिएको छ । यस महादान पर्वको परम्परा आंशिक रुपमा बुद्धको समय देखि हालको अन्तिम सम्यक् पर्व (बि.सं २०६०) सम्म अध्ययन गरिएको छ । यस पर्वमा गुठीयारहरुको कार्यको बारेमा वर्णन छ । त्यस्तै यस पर्वमा प्रदर्शन गरिने विभिन्न देवीदेवताहरु थासद्यो, वशुन्धरा, दीपंकर बुद्ध, ताराको कला तथा आभूषणको बारेमा पनि यसमा वर्णन छ । यस्का साथै यस अध्ययनमा सम्यक् पर्वमा  प्रयोग गरिने मुख्य मुख्य सामग्रीहरुको समेत वर्णन गरिएको छ ।

## १.७. अनुसन्धान विधि :

यस अध्ययनमा प्राथमिक स्रोत र द्धितीय स्रोत अनुरुप कार्य गरिएको छ ।

### १.७.१. प्राथमिक स्रोत :

यस अध्ययनको प्राथमिक स्रोत भनेको सम्यक् महादानको प्रत्यक्ष अवलोकन र यस गुठीका सदस्यहरु संग गरिएको कुराकानी वा छलफल हुन् ।

१.७.१.१. छलफल :

यस विधि अन्तर्गत यस अध्ययन संग सम्वन्धित व्यक्तिहरु, गुठीयारहरु तथा लेखकहरुसंग अर्न्तवार्ता वा प्रत्यक्ष कुराकानी तथा अनौपचारिक छलफल गरेकी छु । यस विधिबाट इल्हने शब्दको परिभाषा, गुठियारहरुको उत्तरदायित्व, जनसहभागिता, पूजा विधि, अप्रकाशित पितलपत्र, आदि बारेमा जानकारी मिलेको छ ।

१.७.१.२. प्रत्यक्ष अवलोकन :

यस विधिबाट सम्वन्धित विभिन्न स्थानहरुमा स्थलगत भ्रमण, पनी सफु, पितलपत्र, पंचदान पर्व, पिण्डपात्र, दिपंकर बुद्धको मूर्ति तथा अन्य यस पर्वसंग सम्वन्धित विषयबस्तुको प्रत्यक्ष अवलोकन गरेकी छु ।

### १.७.२. द्वितीय स्रोत :

यस अध्ययनसंग सम्बन्धित विभिन्न प्रकाशित सामग्रीहरु पुस्तक तथा पत्रिका, लेख, रचनाहरु यस अध्ययनका लागि द्वितीय स्रोतका रुपमा सहयोगी बनेको छ । उपयुक्त पुस्तक तथा लेखहरुको विवरण पूर्व साहित्य समीक्षा र सन्दर्भ सूचीमा विस्तृत रुपमा छन् । यस्का साथै अध्ययनसंग सम्वन्धित वेब साइटको पनि प्रयोग गरिएको छ । यस पर्वको अध्ययनको समयमा प्रत्यक्ष अवलोकन गर्न आफु सक्षम नभएपनि यस पर्वमा खिचिएको फोटो र भिडियो अध्ययनलाई द्वितीय सामग्रीका रुपमा प्रयोग गरिएको छ । यस्तै द्वितीय स्रोतहरुबाट यस पर्वको इतिहास, परम्परा र प्रकियाबारे जानकारी तथा चित्र फलकहरु प्राप्त भएको छ ।

# दोस्रो अध्याय :

## बौद्ध पर्व सम्यक् महादान :

सम्यक् महादान बौद्ध धर्मावलम्वीहरुको महत्वपूर्ण पर्वको रुपमा परिचित छ । सम्यक् महादान भन्नाले बौद्ध देवीदेवताहरुलाई विशेष तिथिको निमन्त्रणा दिई संघ भोजन तथा दान धर्म गरी मनाउने पर्व हो । पंचदान, नवदान, आदि दानधर्म संग सम्वन्धित पर्वमा राखिने देवीदेवताहरुलाई एकत्रित गरी सम्पूर्ण आगन्तुकहरुलाई दान दिएर मनाउने पर्वलाई सम्यक् महादान भनिन्छ । यो पर्व काठमाडौमा प्रत्येक बाह्र वर्षमा, भक्तपुरमा प्रत्येक वर्ष र पाटनमा प्रत्येक पाँच वर्षमा एक पल्ट मनाउने गरिन्छ । उपत्यकामा गरिने अन्य सम्यक् पर्व मध्ये पाटनमा गरिने पर्वको आफ्नै विशेषता छ । पाटनको इल्हने सम्यक् पर्व पनि बौद्ध धर्मको दानपारमितासंग सम्वन्धित छ ।

### २.१. बौद्ध धर्ममा दानको महत्वः

बौद्ध धर्ममा दानको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । बौद्ध साहित्य अनुसार भगवान बुद्धले बुद्धत्व प्राप्त गर्नु भन्दा अगाडि विगतका जन्ममा त्याग, दान, गरेको फलबाट पछिल्ला जन्ममा कपिलवस्तुको राजकुमार भई जन्म लिएका थिए । तर पनि ज्ञान प्राप्तिको लागि दरवार त्याग गरी छ वर्ष सम्म कठोर तपश्या पश्चात अन्तमा बुद्ध भएका थिए । बुद्धत्व प्राप्त भएपछि बुद्धले धर्मचक्रप्रवर्तन गरेका थिए । उनको उपदेशमा गृहस्थीहरुलाई सर्वप्रथम दानपारमिता बारेमा ज्ञान दिएका थिए । दानको अर्थ दिनु वा त्याग गर्नु हो ।[१] दान भन्नाले स्वच्छ मनले एक पल्ट दिएपछि फेरी फिर्ता नलिने आशयले दिइने दातब्य हो । यसरी दान दिदा अरुको भलो होस् भन्ने इच्छा राखी त्यसबाट कुनै प्रति फलको आशा नराखी दिएपछि पश्चाताप नगरिकन दिइएको दान नै महादान हो भनी सम्झनु उपयुक्त हुन्छ । बौद्ध ग्रन्थमा बुद्धत्व वा बोधिज्ञान प्राप्त गर्न दशपारमिता कुशलचर्या पूरा गर्नु पर्छ । बुद्धको उपदेश दशपारमिता र षट्पारमितामा

[१] भिक्षु कोण्डन्य, *सम्यक् दानः एक चिनारी,* **आनन्द भूमि,** अंक १०, (२०५८), पृ. १३–१५ ।

पनि सर्वप्रथम दानलाई नै महत्व दिएको छ । दशपारमिता भन्नाले दान, शील, नैश्कम्य, प्रज्ञा, वीर्य, क्षान्ति, सत्य, अधिष्ठान, मैत्रि, र उपेक्षा हुन् । यस दशपारमितालाई मूल रुपमा प्रज्ञा, शील र समाधि रुपमा उल्लेख गरिन्छ । त्यस्तै षट्पारमिता भन्नाले दान, शील, ध्यान, क्षान्ति, वीर्य, र प्रज्ञा हुन् ।[२] बौद्ध धर्मका अनुसार त्याग, नैतिकता, निष्कामता, समानता, परोपकार र अनवरत कार्यशीलता आदि गुण भएको व्यक्ति बोधिसत्व बन्न सकिन्छ । बोधिसत्वले बुद्धत्व प्राप्त गरी निर्वाण प्राप्तीको लागि गरिने कुशल चर्या पारमी वा पारमीता हो । पारमी भन्नाले संसारवन्धन, तृष्णा, इच्छा, आकांक्षा, अहम आदि क्लेशबाट पार लगाई निर्वाण प्राप्त गराउनु हो ।[३]

## २.२. दानको प्रकार :

बुद्धधर्ममा दानको महत्वलाई बिशेषतः दानपारमिता, दानउपपारमिता र दानपरमत्थपारमिता गरी तीन प्रकार विभाजन गरिएको छ । यी दानपारमिताका बारेमा विस्तृत रुपमा निम्न प्रकार वर्णन गरिएको छ ।

### २.२.१ दानपारमिता :

बोधिसत्वले कुशलचर्या गरेर बुद्धत्व प्राप्त गर्ने सवभन्दा सरल र छिटो उपाय दानलाई मानिन्छ । दानको फल वा पुण्यको रुपमा स्वर्ग प्राप्त हुन्छ भने विश्वास छ । त्यसैले बोधिसत्व अवदान साहित्यमा विभिन्न प्रकारका दानहरु गरी बुद्धत्व लाभ गरेको उल्लेख पाइन्छ । यसरी पारंगत गरिने बौद्धचर्यालाई पारमिता भनिन्छ । पारमिताहरु मध्ये सबभन्दा महत्वपूर्ण दानपारमितालाई मानिन्छ । यही दानपारमितालाई अमिसदान, अभयदान र धम्मदान गरी विभाजन गरेको पाइन्छ ।

#### २.२.१.१.अमिस दान :

अमिस दान भन्नाले सम्पूर्ण दैनिक उपभोग्य भौतिक वस्तु वा खाद्यान्न, आवास, लत्ताकपडा, औषधी, आदि कसैलाई दान दिनु हो । कुनै पनि व्यक्तिलाई आवश्यक भएको बेला उस्को हित वा भलो हुने गरी दिने दानलाई अमिस दान भनिन्छ । विभिन्न जातक कथाहरुमा वोधिसत्वहरुले आफु भोकै बसैर, दःुख कष्ट सहेर अरुको भलोको लागि दान दिएको कुरा

---

२ भिक्षु कुमार कश्यप, **दशपारमिता,** (काठमाडौं : सुखी होतु नेपाल, ने.सं ११२३ ), पृ. ४, ९ ।

३ **उही,** पृ. २, ३ ।

उल्लेख भएको छ । जस्तै वेस्सन्तर जातक, कुरुधर्म जातक, महासुदर्शन जातक आदि । बौद्धधर्ममा गरिने पंचदान, नवदान र सम्यक् महादानहरु अमिस दान अन्तर्गत पर्दछन् ।

**२.२.१.२. अभय दान :**

अभय दान भन्नाले कसैलाई आपनो तर्फबाट भय नदिनुलाई भनिन्छ । कसैको जीवन वा सुरक्षामा आएको भयलाई मुक्त गराई दिनु अभयदान हो । जातककथामा जीवनदान दिएर अभयदान दिएको उल्लेख पाइन्छ । उदाहरणको लागि महकपि जातक, निग्रोधमृग जातक आदि ।

**२.२.१.३. धर्मदान :**

अधर्म र असत्मार्गबाट धर्म देशना दिई सत्धर्म र सत्मार्गमा ल्याउनुलाई धर्मदान भनिन्छ । निस्वार्थ भावले आफूले जानेको ज्ञानको कुरा अरुलाई बताउने क्रिया धर्मदान अन्तर्गत पर्दछ । बुद्ध तथा बोधिसत्वहरुले गरिएको धर्म देशना वा उपदेशलाई धम्म दान भनिन्छ ।[४]

**२.२.२. दानउपपारमिता :**

अरुको भलोको लागि आपनो शरीरको अंगप्रत्यग नै परित्याग गरी दान दिनुलाई दानउपपारमिता भनिन्छ । जातकहरुका वोधिसत्वहरुले कुनै व्यक्तिलाई आवश्यक भएको बेला आपनो आँखा, दाँत, वा शरीरका अन्यभागहरु पनि दान दिएको उल्लेख पाइन्छ । उदाहरणको लागि शीलव जातक, शिवि जातक आदि ।[५]

**२.२.३. दानपरमत्थपारमिता :**

आपनो जीवन वा प्राण नै कसैको भलोको लागि त्याग वा दान दिनुलाई दानपरमत्थपारमिता भनिन्छ । कसैको सुरक्षाको लागि वा अरुको इच्छापूर्तिका लागि आपनो प्राणको आहुति दिने कार्य परमत्थपारमिता दान हो । उदाहरणको लागि जातककथाहरु महासत्व कथा र जयदिस जातकमा प्राणको आहुति दिएको उल्लेख पाइन्छ । वोधिसत्वहरुले दानपारमिता पूर्ण गरेर मात्र अन्य पारमितापूर्ण गर्दछन् ।[६]

---

[४] **उही,** पृ. २०-४१ ।

[५] **उही,** पृ. ४०-४६ ।

[६] **उही,** पृ. ४६-५२ ।

बौद्ध धर्ममा जस्तै हिन्दु सनातन धर्ममा पनि दानलाई महत्व दिएको छ । मनुस्मृतिले सत्ययुगमा तप, त्रेतायुगमा अध्यात्मिक ज्ञान, द्वापरयुगमा यज्ञ र कलियुगमा दानद्वारा नै मोक्ष प्राप्तीको उल्लेख गरेको छ ।[७] त्यसकारण कलयुगमा जन्म भएका शान्ति नायक गौतम बुद्धको समयमा मोक्ष वा निर्वाण प्राप्तीको लागि दानधर्म गरेको पाइन्छ ।

## २.३. बुद्धकालमा प्रदत्त दानहरु :

बौद्ध ग्रन्थमा अतित बुद्ध दीपंकरको समयमा पनि बोधिसत्वहरुले दान दिएको उल्लेख पाइन्छ । बौद्ध ग्रन्थ कपिसावदानमा दीपंकर बुद्ध किंसुक वनमा चंक्रमण गरी राखेको बेलामा ज्ञानकर नामक बाँदरले पानसफल दान दिएका थिए । कामार्थिशहरमा सार्थवाहुका छोरा धर्मश्री बालकले श्रावण शुक्ल अष्टमीका दिनमा दिपंकर बुद्धलाई आफू खेलिराखेको धुलो लिएर विभिन्न अन्नहरुको नाम लिएर दान दिएको उल्लेख पाइन्छ । त्यस्तै राजा सर्वानन्दले पनि दिपंकर बुद्ध दीपावती नगर नजिक प्रसन्नशील महाविहारमा आगमण भएको बेला सम्यक्दान, नवदान र पंचदान गरेको उल्लेख पाइन्छ । त्यही दानशालामा लक्ष्मी थकुं नाम गरेकी कन्याले पनि पिण्डपात्रमा पायस (खिर) दान गरेको उल्लेख पाइन्छ ।[८] त्यसकारण उपयुक्त घटनाको संस्मरणमा वर्तमान समयसम्म पनि प्रत्येक श्रावण महिनामा ललितपुरको गुइत बहीलमा लक्ष्मी थकुको मूर्तिलाई सर्वानन्द राजाको पालामा दान गरिएको घटनालाई सम्भ्काउन प्रदर्शनी गर्ने चलन छ । (हेनुहोस् चि.फ.सं.१)

बुद्धको जीवनीमा पनि सिद्धार्थले बोधिज्ञानको खोजी गरिराखेको समयमा सोत्थिय नाम गरेका घाँसीले घाँस (कुश) दान दिएका थिए । त्यस्तै सुजाता नाम गरेकी स्त्रीले पनि आपनो इच्छा पूर्ण भएकोले बोधि बृक्षमा तपश्या गरी रहेका सिद्धार्थलाई सुवर्ण पिण्डपात्रमा पायस(क्षीर) दान गरेकी थिइन् । त्यस्तै बुद्धले बुद्धत्व प्राप्त गरिसकेपछि त्यस्को अभ्यास गरी राखेको बेलामा आकासवाणी सुनेर आएका तपुस्स र भल्लुक नाम गरेका दुई व्यापारीहरुले आफूसंग भएको मह र सतु (पिठोको धुलो) बुद्धलाई दान दिएका थिए । यिनै दुई व्यापारी बुद्धको उपदेश सुनेपछि बुद्धका प्रथम दुई शिष्य भएको उल्लेख पाइन्छ ।[९]

बौद्धग्रन्थमा बुद्धले सारनाथमा धर्मचक प्रवर्तन गरी बौद्ध धर्मको बिस्तार गरेको उल्लेख पाइन्छ । बुद्धको उपदेश सुनेर विभिन्न राजा, व्यापारी, गणिकाहरु, रानी तथा राजकुमारी, सर्वसाधारणहरु प्रभावित भएर दानधर्म तथा संघ भोजन गराएको उल्लेख पाइन्छ । यसकममा मगध नरेश बिम्बसारमहाराजले बुद्ध र संघलाई संघभोजन गराएर बेलुवन (बेणुवन वा बाँस भ्कारी) विहार दान गरेका थिए । कपिलबस्तुका राजा शुद्धोधनले पनि संघ भोजन गराएर न्याग्रोधाराम विहार दान गरेका थिए । त्यस्तै श्रावस्तीका सेठ अनाथपिण्डक महाजनले(सुदत्त) पनि भोजन दान गर्नुका साथै जेतवन कुमारसंग सुनको असर्फी बिछ्याएर खरिद गरेको जेतवन विहार दान गरेका थिए । यस कममा बुद्धकालिन महिलामा श्रावस्तीका बिशाखाले पूर्वाराम विहार बनाएर दान दिएका थिए । बैशालीका आम्रपालीले पनि आम्रपाली वन विहारको लागि

---

[७] श्रीजना शाक्य, **यल पंचदानको एक सांस्कृतिक अध्ययन,** (काठमाडौं : अप्रकाशित शोधपत्र, नेपाली, इतिहास, संस्कृति तथा पुरातत्व विभाग, त्रि. वि, २०४६), पृ. ३२ ।

[८] हेमराज शाक्य, **सम्यक् महादान गुठी**, ( काठ्माडौ : जगतधर तुलाधर, २०३६), पृ. ८ ।

[९] अमृतानन्द स्थवीर, **बुद्ध जीवनी,** ( काठमाडौं : चतुर्थ विश्व बौद्ध सम्मेलन, २०१३ ), पृ. ३९-५० ।

दान दिएका थिए । यसरी बुद्धको समयमा भिक्षु तथा संघलाई श्रदापूर्वक निमन्त्रणा दिएर भोजन दान तथा अन्य दान दिएकोलाई सम्यक् दान भनेर उल्लेख गरेको पाइन्छ ।[१०]

## २.४. सम्यक्को अर्थ, महत्व र दार्शनिक पक्ष :

संस्कृत शब्द सम्यक् मूल रुपमा सम+एक दुई शब्द मिलेर समान भन्ने अर्थ जनाउछ । बौद्ध धर्ममा चतुआर्य सत्य बुभ्न अष्टाङ्गिक मार्गमा बुद्धले सम्यक् शब्दको प्रयोग गरेको पाइन्छ । सम्यक्को अर्थ सत्य, उचीत, र समान कार्य भन्ने बुभिन्छ । बौद्धधर्ममा बुद्धलाई सम्यक् संघहरु भन्ने भावमा प्रथमपल्ट सम्बोधन गरेको पाइन्छ । बुद्धको उपदेश अष्टाङ्गिक मार्गमा पनि सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वाक्, सम्यक् कर्म, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति, सम्यक् समाधि भनेर उल्लेख भएको छ । जस्को अर्थ सत्य वा मध्यम मार्ग भन्ने बुभिन्छ ।[११]

बौद्ध पर्व सम्यक् महादान पर्वमा सहभागी भएर कार्य गर्नुलाई अष्टाङ्गिक मागको अनुसरण गर्नु समान मानिन्छ । उदाहरणको लागि अष्टाङ्गिक मार्गमा सम्यक् दृष्टि भन्नाले सत्यलाई मात्र हेर्नु हो । सम्यक् पर्वमा दीपंकर बुद्ध तथा अन्य देवीदेवताहरुको दर्शन गर्नु सम्यक् दृष्टि हो। त्यस्तै सम्यक् संकल्पको रुपमा धर्मचित्त राखि पर्वमा सहभागी हुनु हो । सम्यक् वचनको रुपमा दानगाथा र भजन गर्नु हो । आर्यसंघलाई पूजा गरी, दानधर्म गरेर, भोजन गराउने कार्य सम्यक् कर्म हो । सम्यक् पर्वमा सहभागी हुनु नै सम्यक् जीवन हो । सम्यक्मा अल्छी, थकीत नभई कार्य गर्नु सम्यक् व्यायाम हो । त्यस्तै सम्यक् स्मृती भन्नाले सम्यक् कार्यमा होस् पुऱ्याएर दानधर्म कार्य गर्नु हो र सम्यक् समाधिको रुपमा सम्यक् कार्यमा एक चित्त भई कार्य गर्नु हो ।[१२] त्यसकारण सम्यक् पर्वमा दानधर्म तथा कार्यक्रममा सहभागी हुनु अष्टाङ्गिक मार्ग पूरा गर्नु पनि हो ।

श्री स्वयम्भूको दार्शनिक पक्षमा धर्मधातु अथवा बुद्ध हृदयमा प्रभा स्वरुप उत्पन्न भएको मानिने धर्मकायको पंचबुद्धात्मक पंचयानलाई नै नेपालमा बुद्धयान भन्ने चलन छ । त्यसैले श्री स्वयम्भू धर्मधातु चैत्यलाई हरेक विहारहरुमा धर्मकायका रुपमा प्रतिस्थापन गरेर मात्र

---

१० **उही**, पृ. ७१-१०९ ।

११ हेमराज शाक्य, **इल्हने सम्यक् इतिहास व थ्वया ज्याभव**,(ललितपुर : बेखारत्न शाक्य, २०४८), पृ. ९ ।

१२ **उही** ।

बौद्ध विहार तथा बहिलहरुको साँस्कृतिक पूजा परम्पराको थालनी हुन्छ । यस सम्यक् पर्वमा पनि थासद्योः भनेर स्वयम्भू धर्मधातु चैत्यलाई सर्वप्रथम स्थापना गरेर संस्कारको आरम्भ गर्नुको पछाडि यिनी बुद्ध धर्म ज्ञान लाभ होस् भन्ने अभिप्राय लुकेको देखिन्छ । साथै यस पर्वमा अन्य बौद्ध देवी देवताका साथै वशुन्धरादेवीलाई बुद्ध जननीका रुपमा र प्रज्ञा ज्ञान र उपायको प्रतिकको रुपमा मान्यता दिएर महत्वपूर्ण स्थान दिने परम्परा छ । यसका साथै सम्यक्लाई बौद्ध दर्शनमा सम्पूर्ण क्लेश रुपी राग, द्वेष, मोह लाई नास गरेर कुशल मार्गमा अग्रसर भएर सत्धर्म लाभ गर्ने हेतुले पनि यसलाई मनाएको देखिन्छ । सम्यक्कै आंशिक रुपमा पंचदान, नवदान पनि गरिन्छ । बौद्ध दर्शनको क्रियाकलाप दानको आधारमा चल्ने हुनाले दानको महत्व बुझाउन र दानपारमितालाई पूर्ण गर्न यो महोत्सव मनाएको पाइन्छ ।

## २.५. सम्यक् पर्वको इतिहासः

पूर्वमध्यकालिन (१२ औं शताब्दीका) राजा भाष्करदेव वर्माले हिरण्यवर्ण महाविहार (क्वाठ भट विहार) क्वावहालको निर्माण गराएका थिए । यिनैका सन्तानहरुले विभिन्न समयमा दानधर्म तथा हरेक वर्ष माघ शुक्ल पूर्णिमाको दिनमा दशपारमिता बौद्धदेवताहरुलाई निमन्त्रणा गरी *लिख्यचायकेगु* (स्वागत), क्षीर (तस्मी) भोजन गराउन पर्ने एउता गुठीको निर्माण गरेका थिए ।[१३] यस गुठीका बारेमा एउटा किम्बदन्ती निम्न अनुसार छ ।

> यिनीहरुकै बंशका एक जनाले भक्तपुरको ठकुरी बंशकी कन्या संग विवाह गरेका थिए । यही गुठी मनाएको बेला सम्धिलाई पनि भोजनकोलागि निमन्त्रणा गरी सम्मानपूर्वक सत्कार गर्यो । भक्तपुरका ठकुरीलाई यस गुठीमा गरिने गुह्य विधि बारेमा थाहा पाउन ज्वाईलाई भोज बोलाएर रहस्य पत्ता लगाए । यस गुठीको महत्व थाहा पाएर ईष्या लागेर ससुराले दशपारमिता छत्र ओढेका आजुहरुलाई बोलाएर पायस (तस्मी) भोजनमा गुप्त रुपमा बिष हालि चढायो । तर दशपारमिता आजुहरुले थाहा पाएर बिष संसोधन धारणी पाठ गरेर भोजन ग्रहण गरेछ । मन्त्र पढेकोले आजुहरुलाई केही भएन तर कुकर्म गर्ने ससुरालाई पाप लागेर बिषको दाहबाट मरण अवस्थामा पुऱ्यायो । विभिन्न बैद्यहरु देखाए पनि निको भएन अन्तमा ज्योतिषलाई देखाएपछि ठूलो देवताको दोष लागेको भनेछ, त्यसपछि ससुराले दशपारमिता आजुहरुसंग क्षमा मागेछ । त्यसपछि त्यहाँ उपस्थित दाता र जजमानहरुलाई ती दशपारमिताले उपदेश दिए ।[१४] यस संसारमा पाप बढ्दै छ । तिम्रो ससुराले हाम्रो कुनै गल्ती बिना नै दुर्मति

---

१३ हेमराज शाक्य, **इल्हन्हे सम्यक्,** ( यल : संघ रत्न शाक्य, २०३२), पृ. १, २ ।

१४ **उही,** पृ. २, ३ ।

लिएर यस्तो जघन्य अपराध गरेर आफ्नै कर्मको फलस्वरुप यस्तो दुःख भोग्नुपयो। यति भनेर आजुहरुले माफ गरेर पापीलाई जल छर्किदिएपछि रोग निको भएछ। उसले भविष्यमा कसैलाई दुख नदिने प्रतिज्ञा गरेछ। त्यसपछि ती दशपारमिता आजुहरुले बारम्बार यस धर्तीमा आगमन हुन सक्दैनौं तर दशस्थविरको रुपमा अवश्य आउनेछौ। तिनीहरुलाई श्रद्धा र भक्तिपूर्वक पूजा र दानधर्म गरेमा पुण्य तथा लाभ प्राप्त गर्नेछौ भनी अन्तरध्यान भएछ। अतितमा घटेको यही घटना सम्झेर आजसम्म पनि दशपारमिता आजुहरुलाई बोधिसत्वको रुपमा सम्मान गर्ने चलन विद्यमान छ ।[१५]

केही वर्षपछि यिनै भाष्करदेवका सन्तान भलिभराद नाम गरेका व्यक्तिले गरिब भएर गाईको गोबर जम्मा गर्ने काम गरी जीवन बिताई राखेका थिए। आफ्नो दरिद्रताको कारणले आफ्नी श्रीमतीलाई पनि नभनि गोबर संग्रह गरी भण्डारमा जम्मा गरी राखेको थियो। एक दिन उसले साँचो लुकाउन बिर्सेछ र उसकी श्रीमतीले जिज्ञासावश भण्डार खोली हेरेपछि त्यहाँ गोबर सबै सुनको रुपमा परिणत भएको देखिन्। भलिभराद फर्केपछि श्रीमतीले भण्डार खोलेर हेरेको कुरा भनिन् र त्यतिका धन भएपनि किन यस्तो दुःख कष्ट सहेर जीवन बिताई राखेको भनी सोधीन्। भलिभराद प्रसन्न भएर भगवानको आशिषले धैरै धन प्राप्त भएको हो। विगतमा कूकर्म गरेकोले दुख भोग्नु परेको र केही पुण्यको काम गरेबाट धन प्राप्त भएको मानेछ।[१६]
दुबै दाम्पती मिलि दान धर्म गर्ने निर्णय गरेछन्। भलिभरादले आफ्नो पुर्खाले जस्तै बौद्ध धर्ममा दानधर्म गर्ने भनेछ तर श्रीमतीले वैष्णव धर्ममा दान धर्म गर्ने भनी दुई बिच विवाद भएछ। समस्याको समाधान गर्न वैष्णव धर्मको रुपमा तुलसीको बोट र बौद्धधर्म रुपमा कपूरको बोट राप्ने र जुन बोटमा पहिला तुसा आउछ त्यही धर्ममा दान गर्ने योजना बनाए। केही दिनपछि भलिभारोले रोपेको बोटमा नै पहिला उम्रेको देखेछ। तसर्थ दुबै जनाले मिलेर तिनीहरुको पुर्खाले बनाएर गएको हिरण्यवर्ण महाविहारको शाक्यमुनि बुद्धलाई पूजा गर्नुका साथै संघ भोजन गराउने गुठीको व्यवस्था गर्यो। जस्मा पाटनका बौद्ध बिहारका दीपंकर बुद्ध, शाक्यमुनि बुद्ध, बोधिसत्व, आर्यतारा र आर्यसंघ श्रामणेर, बज्राचार्य, शाक्य, ब्रम्हचर्य भिक्षुलाई निमन्त्रणा गरी सम्यक् महादान पर्व मनाएका थिए। पाटनको हिरण्यवर्ण महाविहारमा सम्यक् महादान गुठीको व्यवस्था गरी जग्गा र आवश्यक सामग्री दान दिएर प्रत्येक वर्ष मनाउने गरी व्यवस्था मिलाएर गएका थिए। यही गुठीले हालसम्म पनि परम्परागत रुपमा फागुण शुक्ल चतुर्थीको दिनमा सम्यक् पर्व मनाउदै आइरहेको छ।[१७]

सम्यक् पर्व बि.सं. १७६१ सम्म बार्षिक रुपमा मनाउने गरिन्थ्यो तर पछि जग्गा अधिकरणको कारणले प्रत्येक वर्ष नभई पाँच वर्षमा एक पल्ट मनाउने गरेको पाइन्छ।[१८]

---

१५ मीन वहादुर शाक्य, **सम्यक् महादान पर्व,** (ललितपुर : आशा रत्न शाक्य, २०५६), पृ. २।

१६ शाक्य, **पूर्ववत्,** (पा.टि.सं.१३), पृ. ६-८।

१७ **उही,** पृ. ८, ९, १०।

१८ दरशा नेवामी, **इल्हने सम्यक महोत्सव**, (यल : हिराकाजी सुजिका, २०४५), पृ.७।

भलिभराद सम्यक् पर्वका संस्थापक भएकाले गुँला पर्वमा हिरण्यवर्ण महाविहारमा र सम्यक् पर्वका नागबहालमा यिनको प्रतिमा राख्ने चलन छ । (हेर्नुहोस् चि.फ.सं.२)

## २.६. बौद्ध पर्व सम्यक् महादानको परम्परा :

काठमाडौ उपत्यका स्वयम्भू धर्मधातु ज्योति उत्पन्न भएको स्थलका रुपमा परिचित छन् । पुरातात्विक महत्वका शिलाअभिलेख आधारमा शाक्यमुनि बुद्धभन्दा पहिलेका अतित बुद्धहरु कनकमुनी बुद्धको निग्लीहवामा र ककुच्छन्द बुद्धको गोटिहवामा जन्म भएको प्रमाण प्राप्त भएको छ । वंशावली अनुसार प्राचीन समयमा नेपाल उपत्यका जलमग्न भएकोले नागदहको रुपमा चिनिन्थ्यो । सत्ययुगमा बन्धुमति नगरबाट विपश्वी बुद्ध आएर कमलको बीज छरेर गएका थिए । केही समयपछि त्यस बीजबाट कमलको फूल फूलेर ज्योति उत्पन्न भएछ । त्यस ज्योतिरुप दर्शन गर्न अरुणपुरीबाट शिखीबुद्ध आएको उल्लेख पाइन्छ । त्यसपछि त्रेतायुगमा अनुपम नगरबाट बिश्वभू बुद्ध स्वयम्भू ज्योतिलाई फूलचोकी डाँडाँबाट सहस्रलाख फूल चढाएर पूजा गरेको उल्लेख पाइन्छ । त्यस्तै महाचीनबाट महामन्जुश्री बोधिसत्वले जलमग्न उपत्यकाको पानी चोभारको डाँडाँकाटेर बाहिर पठाएर बस्तीयोग्य बनाएको कुरा उल्लेख पाइन्छ । त्यस्तै क्षमावति नगरबाट ककुछन्द बुद्ध आएर स्वयम्भू दर्शन गरी मन्जुपतनमा बसेको उल्लेख पाइन्छ । द्वापरयुगमा स्वभावती नगरबाट कनकमुनीबुद्ध र काशीबाट काश्यपबुद्ध आएर स्वयम्भू र गुहेश्वरीको दर्शन गरेको पनि उल्लेख पाइन्छ ।[१९]

त्यस्तै वंशावलीमा सातौं किराँती राजा जितेदास्तीको समयमा शाक्यमुनी बुद्ध उपत्यकामा आएर स्वयम्भू र मन्जुश्री चैत्यको दर्शन गरी गोपुच्छत्र चैत्यमा बास गरेको कुरा उल्लेख पाइन्छ ।[२०] त्यस्तै यिनै जितेदास्तीको समयमा सारनाथबाट आएका तीन जना महास्थवीरलाई निमन्त्रणा दिएर शुद्ध चितले सम्यक् सहभोजन गराएको पनि उल्लेख गरेको पाइन्छ ।[२१] यस्का साथै चौधौ किराँती राजा स्थुंकोको समयमा पातलीपुत्रबाट सम्राट अशोक र

---

[१९] डेनियल राइत, **हिस्ट्री अफ नेपाल**, (काठमाडौ : नेपाल एण्टीकुवेट बुक पब्लिसर, पुनं संस्करण, १९७२), पृ. ७७-८३ ।

[२०] **उही**, पृ. १०८ ।

[२१] दरशा नेवामी, **सम्यक् महादान पर्व**, ( काठ्माडौं : धर्म रत्न शाक्य, २०४८), पृ. ५ ।

आफ्नो धर्मगुरु उपगुप्त सहित नेपालमण्डलमा आएर पाटनको चार दिशामा स्तुपहरु बनाएको उल्लेख पाइन्छ ।[२२]

लिच्छवीकालमा पनि राजाहरुबाट विहार बनाउने तथा दानधर्म गरेको पाइन्छ । प्रथम अभिलेख प्राप्त राजा मानदेवका पुर्खाहरु क्रमशः वृषदेव, शंकरदेव र धर्मदेवले पनि विभिन्न विहारहरुको निर्माण गराएको उल्लेख पाइन्छ । राजा बृषदेवको समयमा सुन्दर नामक सार्थवाहु विशाल चैत्यको स्थापना गरी सम्यक् दान, नवदानको आयोजना गरी आर्यभिक्षुसंघलाई खीर भोजन गराएको उल्लेख पाइन्छ । त्यस्तै एक उपासिकाले चाबहीलको धर्मदत्तचैत्य (धंद्धचिवाहा) नजीकै बुद्धको किन्नरी जातक तथा चित्रहरु उत्कीर्ण गरी चैत्यको निर्माण गराएका थिए । साथै यस चैत्यको संरक्षण र सुधारका निम्ति प्रतिवर्ष ४५ मानिका कूतबाली आउने जग्गा दान दिएर गुठीको व्यवस्था मिलाएर गएका थिए । यस्का साथै आर्यसंघ, जिनसंघ, भिक्षुसंघलाई सम्यक् भोजन र बुद्धपूजा गराउन २८ मानिका कूतबाली आउने जग्गा चढाएको उल्लेख पाइन्छ । राजा शिवदेवले पनि नन्दीशाला विहार निर्माण गराई आर्यसंघलाई भोजन गराएको उल्लेख पाइन्छ ।[२३] त्यस्तै अंशुवर्माको सं.३२ हाँडीगाउको अभिलेखमा मानदेवविहार, गुविहार(साँखु), श्रीराजविहार, खर्जुरिका विहार र मध्यमविहारको उल्लेख पाइन्छ । राजा नरेन्द्रदेवको पाटन यागबहाल सं.१०३ शिलालेखमा अभयरुचीविहार, वार्तकल्याणगुप्तविहार, चतुरभलिटासन विहारको उल्लेख पाइन्छ । त्यस्तै नरेन्द्रदेवकै पशुपति बज्रघर अभिलेखमा श्री सिवदेव विहार उल्लेख पाइन्छ ।[२४]यसप्रकार लिच्छवीकालमा थुप्रै विहार र संघको उल्लेख भएतापनि त्यसबेलाको अभिलेखमा सम्यक् प्रथा बारेमा भने मौन देखिन्छ । तर पनि विहारहरुको संघलाई संघदान, भोजनदान गरेको उल्लेख भएबाट बुद्धको समयमा गरिएको संघ भोजन प्रथालाई निरन्तरता दिएको पाइन्छ ।

यसै प्रसंगमा पूर्व मध्यकालमा (ने.सं.१०४०)मा अतिशा दीपंकरको काठमाडौं विक्रमशील महाविहारमा आगमन भएको बेला समस्त भक्तजन तथा राजा समेत उपस्थित भएर दीपंकर भगवान सहित सम्पूर्ण बुद्ध, बोधिसत्वलाई निमन्त्रणा गरी सम्यक् मनाएको उल्लेख पाइन्छ ।[२५]

---

[२२] राइत, **पूर्ववत्**, (पा. टि.सं १९), पृ. १११ ।

[२३] शाक्य, **पूर्ववत्**, (पा.टि.सं.८), पृ. १३, १४ ।

[२४] धनवज्र, वज्राचार्य **लिच्छविकालका अभिलेख**, (काठमाडौ : त्रि. वि. नेपाल र एसियाली अध्ययन संस्थान, २०३०), पृ. ३२३, ३२४ ।

[२५] नेवामी, **पूर्ववत्**, (पा.टि.सं.२१), पृ. ५ ।

उनले त्यसबेलाको विहारका भिक्षुहरुको भोजन गर्ने र बौद्धशास्त्र अध्ययन गर्ने विधि राम्रो भएको भनि वर्णन गरेको पाइन्छ ।[२६]

यसरी बौद्ध धर्मावलम्वीहरुले विभिन्न समयमा आर्यसंघलाई संघभोजनदान, पंचदान, नवदान र सम्यक् महादान गरेको पाइन्छ । पाटनमा परम्परागत रुपमा इल्हने सम्यक् महादान गुठीबाट आयोजना गर्नुका साथै एच्छीक रुपमा पनि सम्यक् पर्वको आयोजना गरेको पाइन्छ । जुन पिण्डपात्र, ताडपत्र, शिलापत्र र धातुपत्र आदिमा उल्लेखीत छन् । यिनैको अध्ययनबाट प्राप्त जानकारी निम्न अनुसार वर्णन गरिएको छ ।

### २.६.१. अष्टसहस्रिका महाप्रज्ञापारमिता :

सम्यक् महादान पर्वको आयोजना गरेको सम्झनामा प्रज्ञापारमिता ग्रन्थ लेखाउने चलन छ । यसै प्रसंगमा हाल क्याम्ब्रिज युनिभर्सिटीको लाइब्ररीमा राखेको अष्टसहस्रिका महाप्रज्ञापारमितामा राजा भोजदेव, रुद्रदेव, र लक्ष्मीकामदेवको संयुक्त शासन कालमा बि.सं.१०७२ (ने.सं.१३५)सालमा सम्यक् पर्व मनाएर बौद्ध विहार बनाएको कुरा उल्लेख गरेको पाइन्छ ।[२७] यसबाट एघारौ शताब्दी देखि नै विहार एवं सम्यक् महादानको परम्पराको अभिलिखित परम्परा शुरुवात भई सकेको देखिन्छ ।

### २.६.२. ताडपत्र :

त्यस्तै प्राचिन समयमा निमन्त्रणा पठाउदा ताडपत्रको प्रयोग गरेको पाइन्छ । हिरण्यवर्ण महाविहारका शाक्यभिक्षुले बि.सं १५३३ (ने.सं.५९६) सम्यक् भोजन आयोजना गराएको कुरा ताडपत्रमा उल्लेखित छ । यस पर्वका लागि भक्तपुरस्थित दीपंकर विहारका दश स्थवीरहरुलाई (आजुहरुलाई) निम्तो दिएको त्यहाँकै दीपंकर विहारमा राखेको ताडपत्रमा उल्लेख गरिएको छ ।[२८] त्यस्तै हाल पं.हेमराज शाक्यको संग्रहमा राखेको हरितालपत्रमा बि.सं १५३६ (ने.सं. ५९९) मा अमृतसिहले तःबहाल (धर्मकीर्ति महविहार) मा सम्यक् दान र संघ भोजन गराएको कुरा उल्लेख भएको छ ।[२९] त्यस्तै बि.सं.१६१९ (ने.सं.६८२) तालपत्रमा गोविन्दराज, भाईहरु जयसिहराज, वन्धुदेवसिहंले महादिशासंघ भोजनको निमन्त्रणा गरेको उल्लेख छ । त्यस्तै

---

[२६] सुर्यविकम, ज्ञवाली, **नेपालको उपत्यकाको मध्यकालिन इतिहास,** (काठमाडौ : रोयल नेपाल एकेडमी, २०१९), पृ. २६८ ।

[२७] शाक्य, **पूर्ववत्,** (पा.टि.सं.११), पृ. १३, १४ ।

[२८] शाक्य, **पूर्ववत्,** (पा.टि.सं.१५), पृ. ५ ।

[२९] शाक्य, **पूर्ववत्,** (पा.टि.सं.११), पृ.१९ ।

वकुवहाल महाबौद्धका श्रीदेवसिहंले श्रीदेवदत्तमहाविहारको निर्माणको केही वर्षपछि बि.सं १७०४ (ने.सं.७६७) सम्यक् पर्व मनाएको कुरा पनि तालपत्रमा उल्लेख गरेको पाइन्छ । यसका साथै सम्यक्को दीपंकरको मूर्ति राखेर पंचदानमा दान दिने गुठीको पनि व्यवस्था मिलाएर गएको उल्लेख पाइन्छ ।[३०] त्यस्तै बि.सं १७०८ (ने.सं.७७१) मा नकवहीलका भायोजु पंचदान गुठीमा संरक्षित एक तालपत्रमा श्री देवरत्न शाक्यभिक्षुले दीपंकर बुद्धको प्रतिमा प्रतिष्ठान गरी सम्यक् महादान गरेको उल्लेख पाइन्छ ।[३१]

### २.६.३. पिण्डपात्र :

सम्यक् पर्वको आयोजना गरेपछि आपनो विहारमा पिण्डपात्र चढाउने चलन छ । यसरी विभिन्न समयमा हिरण्यवर्ण महाविहारमा तथा अन्य ठाँउमा चढाएका पिण्डपात्रहरुमा पनि सम्यक्दान र संघभोजन गराएको उल्लेख पाइन्छ ।यस प्रसंगमा न्याखाचोकका हर्षसिहंले बि.सं १५८२ (ने.सं.६४५) श्रावण शुक्ल अष्टमीको दिनमा सम्यक् पर्व गरी पिण्डपात्र दान दिएको कुरा हिरण्यवर्ण महाविहारमा चढाएको पिण्डपात्रमा उल्लेख गरिएको छ । त्यस्तै इतिल्हनेका स्थवीर र उनकी श्रीमतीले बि सं १५९१ (ने.सं ६५४) श्रावण शुक्ल पंजाष्टमीको दिनमा सम्यक् पर्व गरी पिण्डपात्र दान दिएको कुरा पनि हिरण्यवर्ण महाविहारमै चढाएको पिण्डपात्रमा उल्लेख भएको छ ।[३२] त्यस्तै नकबहिल अट्को बहालको जशीराज भारोले बि.सं.१५९३ (ने.सं.६५६) पंजाष्टमीको दिनमा पुरानो पिण्डपात्र जीर्ण भएकोले नयाँ बनाएर चढाएको कुरा हिरण्यवर्ण महाविहारमा रहेको पिण्डपात्रबाट थाहा भएको छ । नागबहालका उल्हासिंहले बि.सं १६०७ (ने.सं.६७०) पंजाष्टमीको दिनमा सम्यक् पर्व मनाएर पिण्डपात्र दान दिएको कुरा हिरण्यवर्ण महाविहारमा चढाएको पिण्डपात्रमा उल्लेख छ । पाटन हिरण्यवर्ण महाविहार संगै ससुननीका जयसिंह शाक्यले बि.सं.१६८७ (ने.सं.७४५) श्रावण शुक्ल षष्ठी सोमबारको दिन सम्यक् पर्व गरी पिण्डपात्र दान दिएको कुरा ससुननी आँगमघरमा चढाएको पिण्डपात्रमा उल्लेख छ । त्यस्तै नकबहिलका लक्ष्मीनाराँ उनका परिवारले पनि बि.सं.१८७४ (ने.सं.९३७) श्रावण शुक्ल अष्टमी

---

[३०] हेमराज शाक्य, *सम्यक् महादानया परम्परा व इतिहास,* **पलेस्वाँ,** (ललितपुर : अंक २१, २०६०), पृ. ११ ।

[३१] शाक्य, **पूर्ववत्,** (पा.टि.सं.१५), पृ. ६ ।

[३२] शाक्य, **पूर्ववत्,** (पा.टि.सं.८), पृ. २२ ।

बुद्धवारको दिनमा नवदान मनाएको उपलक्ष्यमा हिरण्यवर्ण महाविहारको शाक्यमुनीलाई पिण्डपात्र चढाएका कुरा उल्लेख पाइन्छ ।[३३]

## २.६.४. शिलालेख :

सम्यक् पर्वको आयोजना गरेको कुरा शिलालेखहरुमा पनि उत्कीर्ण गरेको पाइन्छ । यस प्रसंगमा ललितपुरको दुरुख्यबहालको शिलापत्रमा अमृतसिंह भद्र तथा उनका परिवारले बि.सं १६८७ (ने.सं.७५०) माघ १ गतेका दिनमा दीपंकर बुद्धलाई संघ भोजन निमन्त्रणा गरी सम्यक् पर्व मनाएको कुरा उल्लेख छ । त्यस्तै ओकुबहाल योतालिविका श्रीरत्नमुनि शाक्य तथा उनका परिवारले बि.सं.१७५४ (ने.सं.८१७) श्रावण शुक्ल अष्टमीको दिनमा संघ भोजन र पिण्डपात्र दान गरी सम्यक् मनाएको कुरा शिलापत्रमा उल्लेख गरेको छ ।[३४] त्यस्तै बुबहालका न्हुल्छे र मिल्म्ह दाजुभाई बि.सं.१८३२ (ने.सं.८९५) श्रावण शुक्ल अष्टमीको दिनमा पंचदान विधि रुपमा पिण्डशाला र दानशाला बनाएर आर्यभिक्षु संघ, बज्राचार्य, शाक्यभिक्षु, शाक्यबंश, चैलक आदिले सर्वसंघलाई पिण्डपात्र दान गरी नवदान मनाएको उल्लेख पाइन्छ । त्यसको एक वर्ष पछि अर्थात बि.सं.१८३३ (ने.सं ८९६) वैशाख शुक्ल द्वादशीको दिनमा अठारवटा बहालका आजुहरुलाई निमन्त्रणा गरी पूजा गरी भोजन गराएको कुरा पनि उल्लेख पाइन्छ । त्यस्तै इल्हने देवननिका भाजुनरसिहं (भाजुधनसिह) र उनका परिवारले बि.सं.१८९१ (ने.सं.९५४) पौष शुक्ल तृतिया मकरसंकान्ति पर्व दिनमा लगनखेलमा दिपंकर तथा आर्यसंघलाई निमन्त्रणा दिई सम्यक् भोजन गराएर सम्यक् पर्व मनाएको उल्लेख पाइन्छ । त्यस्तै हिरण्यवर्ण महाविहारका शाक्यबंश कमसः मुनिधन, धीर्जमुनि, कुवेरमुनि, स्पर्शमुनि देवमुनि र माता मेजुधनले बि.सं.१९३५ (ने.सं.९९८) पौष शुक्ल अष्टमी मकर संकान्ति दिनमा लगनखेलमा सम्यक् संघ भोजन गराएको पनि उल्लेख पाइन्छ । त्यस्तै वशुबर्द्धन महाविहार इल्हनेका गजेन्द्र बज्राचार्य र उनका चार छोराहरुले पनि बि.सं.१९५६ (ने.सं.१०१९) पौष कृष्ण द्वितीया मकर संकान्ति दिनमा लगनखेलमा श्रीदिपंकर, आर्यसंघलाई  निमन्त्रणा गरी सम्यक्दान गराएका उल्लेख पाइन्छ । यसका साथै लोककीर्ति महाविहार नकबहिलका शाक्य बाघनरसिंह र तीन छोराहरु, नातिले पनि

---

[३३] शाक्य, **पूर्ववत्**, (पा.टि.सं.३०), पृ. १०, ११, १४ ।

[३४] शाक्य, **पूर्ववत्**, (पा.टि.सं.८), पृ. ३३, ४१ ।

बि.सं.१९८४ (ने.सं.१०४७) पौष शुक्ल षष्ठी दिनमा श्रीदिपंकर, आर्यसंघ, निमन्त्रणा दिई सम्यक् मनाएको कुरा पिण्डपात्रमा उल्लेख गरेको पाइन्छ ।[३५]

**२.६.५. सुनको सिहांसन अभिलेख :**

ओकुवहालका जोधाजु शाक्यले बि.सं.१७२४ (ने.सं.७८७) श्रावण शुक्ल अष्टमीको दिनमा आर्यसंघलाई पिण्डपात्र दान दिएर सम्यक् मनाएका थिए । साथै राजा श्रीनिवास मल्ललाई सम्मानपूर्वक सुवर्णमय सिंहासन चढाएको कुरा पाटन संग्राहलयमा संग्रहित सुनको सिंहासनमा उल्लेख भएको पाइन्छ ।[३६]

**२.६.६. ताम्र पत्र :**

सम्यक् पर्वका बारेमा ताम्रपत्र पनि उल्लेख भएको पाइन्छ । हिरण्यवर्ण महाविहारको ताम्रपत्रमा इल्हनेका कर्मराज शाक्यले बि.सं १६९४ (ने.सं. ७५७) दिनमा सम्यक् पर्व को आयोजना गरी दानधर्म गरेको कुरा उल्लेख गरेको छ । नकवहीलका शाक्यभिक्षु धर्मश्रीले बि.सं. १८७६ (ने.सं.८३९) माघकृष्ण औशी आदित्यबार सुर्यग्रहणको दिनमा सम्यक् मनाएको हिरण्यवर्ण महाविहारको ताम्रपत्रमा उल्लेख भएको छ ।[३७]

**२.६.७. विलँपौ :**

सम्यक् पर्व आयोजना गरी आपनो विहारमा विलँपौ चढाएको पनि उल्लेख पाइन्छ । यस प्रसंगमा रत्नाकर महाविहार (हःबहाल) का दानपति श्री बेखाराज बज्राचार्य र उनका परिवारले बि.सं.१९४९ (ने.सं.१०१२) पौष शुक्ल चतुर्दशीको दिनमा श्रीदिपंकर, बज्राचार्य, श्रावक, चैलक, आर्यसंघलाई निमन्त्रणा गरी सम्यक् भोजन गराएका थिए ।[३८]

**२.६.८. पितलपत्र :**

---

[३५] शाक्य, **पूर्ववत्,** (पा.टि.सं.३०), पृ. १४, १५, १६ ।

[३६] शाक्य, **पूर्ववत्,** (पा.टि.सं.८), पृ. ४० ।

[३७] शाक्य, **पूर्ववत्,** (पा.टि.सं.३०), पृ. १२, १४ ।

[३८] **उही,** पृ. १६ ।

यसरी परम्परागत सम्यक् पर्वको निरन्तरता तथा आर्थिक विकासका लागि दान गरेको पनि पाइन्छ । हिरण्यवर्ण महाविहारका शान्तरत्न बज्राचार्य, श्रीमतीहरु धर्मकुमारी बज्राचार्य र लक्ष्मीकुमारी बज्राचार्यले बि.सं.२०६० (ने.सं.११२४) सालमा फाल्गुण शुक्ल चतुर्थी सम्यक् पर्वका दिनमा कान्तिपुर कमलपोखरीको स्वबासी दुईटा घर सम्यक् महादान गुठीमा दान दिएको कुरा त्यस विहारमा अवस्थित पितलपत्रमा उल्लेख भएको छ ।[३९] (हेर्नुहोस् चि.फ.सं.४)

यस प्रकार बुद्ध धर्मको थालनीमा सुजाताले पायस(खीर) दानबाट शुरु भएको भोजनदान परम्पराले शाक्यमुनीको समयमा भिक्षुसंघलाई संघभोजन गराएर परम्परालाई निरन्तरता दिएको पाइन्छ । विभिन्न राजा, रानी, राजकुमार, महाजन, गणीका तथा सर्वसाधारणले पनि भोजनदान गराएको उल्लेख पाइन्छ । त्यस्तै प्रथम अभिलिखित प्रमाण प्राप्त भएको लिच्छवीकालका अभिलेखहरुमा पनि विहारको निर्माणका साथै भिक्षु भिक्षुणीहरुलाई संघ भोजन गराएर निरन्तरता दिएको पाइन्छ । यो बिकासक्रम मध्यकालमा आएर अझ चलेको देखिन्छ । पूर्वमध्यकालमा ११औं शताब्दीमा अतिशा दीपंकर आगमण भएको बेला सम्यक् भोजन गराएको उल्लेख पाइन्छ । मध्यकालमा परम्परागतका साथै एच्छीक रुपमा पनि सधर्मचित्त उत्पन्न भई पंचदान, नवदान, सम्यक् महादानको आयोजना गरी संघ भोजन र पिण्डपात्र दान गरेको उल्लेख पाइन्छ । वर्तमान समयमा पनि केही फेरबदल भएतापनि यो प्रथा यथावत चलिरहेकै देखिन्छ ।

---

३९ हिरण्यवर्ण महाविहारमा रहेको पितलपत्रको अवलोकनबाट प्राप्त जानकारी ।

# तेस्रो अध्याय :

## इल्हने बौद्ध साँस्कृतिक स्थल :

ललितपुरका प्रमुख अठार महाविहारहरु मध्ये क्वालखु टोलमा अवस्थित श्री भाष्करदेव संस्कारीत हिरण्यवर्ण महाविहार पनि एक महत्वपूर्ण विहार हो । यो महाविहारलाई जनबोलीमा क्वावहाल (क्वाठ भट् विहार) भनिन्छ । यस विहारमा पूर्व दिशामा फर्केको शाक्यमुनी बुद्धलाई प्रमुख देवताको रुपमा पूजा गर्ने चलन छ । जनबोलीमा शाक्यमुनी बुद्धलाई क्वावाजु (क्वावहालका आजु) भनि सम्वोधन गर्ने चलन छ । (हेर्नुहोस् चि.फ.सं.३) बाहौ शताब्दीका राजा भाष्करदेव बर्माले यस विहारको स्थापना गरेका थिए । यिनैका सन्तानहरुले विभिन्न समयमा दान धर्म गरी गुठी बनाएको पनि पाइन्छ । यिनैका बंशज चौधौ शताब्दीमा भलिभारो वा भलिभराद नाम गरेका व्यक्तिले पनि हिरण्यवर्ण महाविहारमा पूजा पाठका साथै सम्यक् महादान पर्वको आयोजना गरेका थिए । यस विहारमा दश जना प्रमुख छत्र ओढेका आजुहरु र बिस जना स्थवीरहरु छन् । यिनै बीस स्थवीरहरुमध्ये क्रमवद्ध रुपले प्रत्येक सम्यक् पर्वमा आठ/आठ जना आजुहरुलाई आयोजक समितिका रुपमा अभिभारा(पालो) दिने गरिन्छ । यस बहालका तेह्रवटा कचाबहालहरु र बाह्रवटा नीजि बहालहरु पनि छन् । हिरण्यवर्ण महाविहारले मुबहाल (मुख्यबहाल) र अन्य तेह्र (१३) वटा कचाबहाल (हाँगा बहाल)को रुपमा रहेको छ । इल्हने सम्यक् पर्वमा यिनै मुख्य बहाल र कचाबहालका गुठीयारहरु मध्ये नै उक्त बीस जना स्थवीरहरुको प्रमुख रुपमा सहभागिता भएको पाइन्छ ।[१]

### ३.१.इल्हने अर्थ र परिभाषा :

हिरण्यवर्ण महाविहारको कचाबहालहरु मध्ये इल्हने पनि एक हो । यस बहालको संस्कृत

---

[१] रञ्जना धाख्वा, बज्राचार्य, **रोल अफ दी हिरण्यवर्ण महाविहार इन सोसियल कल्चरल लाइफ अफ दी बुद्धिष्ट नेवार अफ पाटन**, (अप्रकाशित विद्यावारिधि शोधपत्र, त्रि.वि, २०५०), पृ. ४८ ।

नाम *श्री सजया जितेन संस्थापित बशुवर्धन वा पशुवर्धन महाविहार हो* ।[२] यस ठाँउलाई इतिल्हने र इल्हने भन्ने गरिन्छ । नेवारी शब्द इल्हने मुलरुपमा इति र ल्हने दुई भिन्दै अर्थ लाग्ने शब्दहरुको समासबाट बनेको छ । इति शब्द नेपालभाषाकै हिटि (गैरीधारा) अर्को ल्हने शब्दको अर्थ न्ह्योने (सामुन्ने) भन्ने भावको समिश्रणबाट धारा अगाडिको भन्ने अर्थबाट इल्हने बनेको देखिन्छ । जस्को शाब्दिक अर्थ धारा सामुन्ने ननी (चोक) भित्र मनाइने पर्व बुझिन्छ । यसरी इतिल्हने अथवा हितिन्ह्योने भन्ने शब्दको अपभ्रंशको रुपमा इल्हने भन्ने स्थान विशेषको नामाकरण हुन गएको विषयमा वरिष्ठ लिपि तथा संस्कृतबिद हेमराज शाक्यज्यू विश्वस्त हुनु हुन्छ ।[३] यसकासाथै जनविश्वास अनुसार इतिको अर्थ शुद्ध र लन्हेको अर्थ खुल्ला चोकबाट यस ठाँउको नाम इतिल्हने भएको मान्यता पनि पाइन्छ ।[४]

## ३.२. इल्हने अवस्थित कलाकृतिहरु :

जनबोलीमा यस बहाललाई नागबहालको नामले बढी परिचित छ । प्राचिन समयमा सम्यक् पर्वमा दान दिन राखेको वस्तुमा दुई जना नागको बास भएछ, जस्ले गर्दा दान दिन जति धान निकाले पनि त्यतिनै संचयभई राख्यो । त्यही सम्झनामा सदैव नागको बास होस् भन्ने हेतुले यस चोकको पूर्वमा दुइटा पाटीहरु बनाएर बासुकी र चम्पक दुई नाग नागिनीको स्थापना गरेकोले यस ठाँउको नाम नागबहाल रहन गएको मान्यता पाइन्छ । त्यसकारण सम्यक् पर्वमा यी दुई नागको जीवन्यास निकाल्ने र नयाँ बनाई विधिपूर्वक कलश पूजा गरी पुनः जीवन्यास राख्ने चलन छ ।[५]

यो बहाल हिरण्यवर्ण महाविहारबाट पशिचममा वा पछाडी ठूलो चोकको आकारमा अवस्थीत छ । यस्को पूर्वमा इलाननी वा क्वावहाल, क्वाल्खु, झाटापोल पर्दछ भने दक्षिणमा नकबहिल, धलाचा पर्दछ । त्यस्तै यस बहालको पशिचममा न्याखाचोक पर्दछ र उत्तरमा इखाछें र कुम्भेश्वर पर्दछ । (हेर्नुहोस् पृ.च)

---

२ जोन के लक, **बुद्धिष्ट मोनाष्ट्रीज अफ नेपाल**, (काठमाडौ : सहयोगि प्रेश, १९८५), पृ. ५६ ।

३ हेमराज शाक्यसंग कुराकानीबाट प्राप्त जानकारी । २०६३।०२। २० गते ।

४ धर्म रत्न शाक्य र अन्य, **दीपंखा यात्रा,** (यल : दिपंखा गुठि दिपंखा यात्रा व्यवस्थापन समिति, २०६२ ), पृ. ८ ।

५ दरशा नेवामी, **इल्हने सम्यक् महोत्सव**, ( यल : हिराकाजी सुइका, २०४५), पृ. ७ ।

यस खुल्ला चोकको बिचमा गगनबाटिका भित्र वशुबर्धन वा पशुवर्ण महाविहार अवस्थीत छ ।(हेर्नुहोस् चि.फ.सं ५) जसलाई जनबोलीमा देल्को भगवान भन्ने गरिन्छ । यस्को गर्भगृहमा पूर्व फर्केको अक्षोभ्यको मूर्ति छ । यस विहारको प्राङ्गनमा लिच्छविकालीन शैलीका तीनवटा चैत्यहरु र दुइटा बज्रधातु चैत्य, एउटा अष्टकोणेपरिबृताकार चैत्य, दुइटा शिखरकुट चैत्य, एउटा बिम्ब चैत्य संगै दुइटा धर्मधातु स्थापना गरेको छ । यस विहारको उत्तरमा पूर्व फर्केको तामाको साढेको मूर्ति पनि अवस्थित छ । जसलाई नील थुसा (निलो सिंङ भएको) भनिन्छ ।[६] (हेर्नुहोस् चि.फ.सं.६)

यस नागबहालको उत्तर पूर्वमा प्राचीन गैह्रीधारा वा ढुङ्गेधारा पनि छ । (हेनुहोस् चि.फ.सं ७) यस धारा जाने भऱ्याङ्गमा एउटा ठूलो बुद्धको स्थानक प्रतिमा अंकित गरेको पाइन्छ । त्यस प्रतिमाको केही पर अर्को ३ फिटको चैत्य छ जस्को चार दिशामा शाक्यमुनि बुद्ध, बज्रपाणी बोधीसत्व, पदमपाणी बोधिसत्व र मैत्रिय बुद्ध छ । यी मुर्तिहरुलाई पालले (लेखक) आठौ शताब्दीको प्रमाणित गर्नु भएको छ ।[७] यस ढुङ्गेधाराको अगाडि स्थानीय श्री गणेशको मूर्ति पनि छ । गणेशको मूर्तिको दायाँ बायाँ पाटिमा ठूलो र सानो दुईटा नागहरु पनि छन् । यही स्थानीय गणेशको पछाडि भन्सार घरमा भन्सार गणेशको मूर्ति पनि छ ।

यस विहारको संघ छैन । क्वावहा संघका शाक्य, बज्राचार्य, धाख्वाहरुको बसोवास वरपर बस्ने भएकोले सम्पूर्ण कार्य यिनीहरुबाटै गरिन्छ ।[८] यस बहालको दैनिक पूजा गर्ने अभिभारा नागबहालका बज्राचार्य (खिचावा) खलकले गरेको पाइन्छ । यही नागबहालमा विभिन्न धार्मिक कार्यका साथै फाल्गुण शुक्ल चौथीको दिनमा विभिन्न बहाल, बहील तथा अन्य ठाँउका दीपंकर, तारा, वशुन्धरा, लोकेश्वर आदी देवीदेवताको सहभागीता गराई सम्यक् महादान पर्व मनाउने गरिन्छ ।

---

[६] शाक्य, **पूर्ववत्** ( पा.टि.सं ४), पृ. १० ।

[७] लक, **पूर्ववत्** ( पा.टि.सं २), पृ. ५६ ।

## ३.३. इल्हनेका साँस्कृतिक गतिविधिः

इल्हनेमा विभिन्न बौद्ध साँस्कृतिक कियाकलाप भएको पाइन्छ । इल्हनेमा शाक्य, बज्राचार्य, धाख्वा, जोशी, महर्जन, नापित आदी जातका मानिसहरुको बसोबास छन् । यस स्थानमा बौद्ध धर्मावलम्वीहरुको बाहुल्यता भएकोले बौद्ध धर्मसंग सम्वन्धीत कृयाकलाप बढी भएको पाइन्छ । उदाहरणको लागि बुद्ध जयन्ती, पंचदान पर्व, दीपंखायात्रा, लुचिद्यः थायगु (माटोको चैत्य बनाउने), मतयाः पर्व (दीप यात्रा), गणेश पूजा, बाहा पूजा आदि पर्व मनाउने गरेको पाइन्छ ।

### ३.३.१. बुद्ध जयन्तीः

नेपालमा बौद्ध धर्मको इतिहास प्राचीन छ । सिद्धार्थ गौतमको जन्म नेपालको पश्चिम तराईको लुम्बिनीमा भएको कुरा प्रशिद्ध अशोक स्तम्भबाट प्रमाणित भएको छ । आजभन्दा २५५० वर्ष अगाडी भगवान बुद्धको जन्म कपिलवस्तुका राजा शुद्धोधनकी जेठी महारानी मायादेवीको कोखबाट लुम्बिनीमा भएको थियो । सिद्धार्थले २९ बर्षको उमेरमा बुद्धत्व प्राप्त गर्न दरवारको त्याग (महाभिनिष्कमण) गरेका थिए । ६ बर्षको कठोर तपश्यापछि बौद्धगयाको बोधिबृक्षमा बुद्धत्व प्राप्त गरेका थिए । बुद्धले ४५ बर्ष सम्म बौद्ध धर्मको प्रचार गरी ८० वर्षको उमेरमा काशीमा महापरिनिर्वाण प्राप्त गरेका थिए । बैशाख पूणिकाको दिनमा बुद्धले जन्म, बोधिज्ञान र निर्वाण प्राप्ति गरेको पूनित अवसरको सम्झनामा बौद्ध धर्मावलम्वीहरुले बुद्ध जयन्ती पर्व मनाउने गरेको पाइन्छ ।

यस पर्वको आयोजना नागबहालमा वार्षिक र ऐच्छिक रुपमा मनाउने गरिन्छ । ऐच्छिक रुपमा बुद्ध जयन्तीको अभिभारा लिएपछि बैशाख पुर्णिमाको एक हप्ता अगाडि देखि नै विभिन्न कार्यकमको आयोजना गरिन्छ । उदारणको लागि स्थानीय बासिन्दाहरुको घरघरमा र टोलटोलमा बौद्ध झण्डा फरफराउने, बुद्धका तस्वीरहरु प्रदर्शनी गर्ने, निःशुल्क स्वास्थ शिविर, रक्तदान, भिक्षुहरुद्वारा उपदेश तथा जातक कथाको वाचन, हाजिरी जवाफ प्रतियोगिता, ज्ञानमाला भजन, आदी कार्यकमहरु गरिन्छ । बैशाख पूर्णिमा वा बुद्ध जयन्तीको दिनमा बुद्धको प्रतिमालाई अगाडि राखेर बुद्धपूजा गर्ने, पंचशील र अष्टशील बस्ने, विभिन्न स्थानका भक्तजनहरु आएर पूजा र

---

८ उही,

दान गर्न आउने गर्छ ।[९] प्रभातकालिन कार्यक्रम सम्पन्न भएपछि बुद्धको मुर्ति नगरको परिक्रमाको लागि लगिन्छ । यात्राको क्रममा विभिन्न बहालहरुका भक्तजनहरु पनि आफ्नो विहारको नाम रहेको टुल कपडा बोकी बाजागाजा सहित ज्ञानमाला भजन गाएर यात्रामा सहभागी हुन आउँछन् । अन्तमा यात्रामा सहभागी सबै जना भक्तजनहरु नागबहाल आइपुग्छन् र यात्रा सम्पन्न भएको घोषणा गरिन्छ र आगामी बुद्ध जयन्ती आयोजना गर्ने अभिभारा अन्य टोललाई दिने गरिन्छ ।

### ३.३.२. पंचदान पर्व :

बौद्ध धर्ममा दानहरुको महत्वपुर्ण भूमिका रहेको पाइन्छ । पंचदान शब्द नेवारी जनबोलीमा अप्रभंस भएर पञ्जरा बनेको देखिन्छ । पंज शब्द पं (पृथ्वी) र ज (उत्पन्न) हुन्छ । पंचदान वा पंञ्जराको शाब्दीक अर्थ पाँच प्रकारको दान गर्नु हो । जस्तै पूजाको रुपमा पुष्प, धुप, दीप, गन्ध, र रस गरिन्छ । भोजनको रुपमा धान, गहु, चामल, केराउ, भटमास, मास, मुला आदि दिने गरिन्छ । पानको रुपमा पंचामृत, सखरको झोल, आदि दान गरिन्छ । औषधीको रुपमा नुन, तेल, हरर, अमला आदि दान गरिन्छ । त्यस्तै दैनिक उपभोग्य बस्तुको रुपमा सियो धागो, कुचो, डोरी, आसन, सला (खरी ढुङ्गा), मन्जन र काषाय् वस्त्र आदि दान दिने चलन छ ।[१०] यसरी पंचदान गर्नाले प्रज्ञा ज्ञान, निरोगी तथा दीर्घायु हुने, धनाढ्य हुने, सन्तानप्राप्ती, यशकीर्ति, पुण्य आदि फल प्राप्त हुने जनविश्वास पाइन्छ ।[११]

श्रावण शुक्ल अष्टमीको दिनमा पाटन नागबहालमा पनि पंचदानको आयोजना गरिन्छ । यहाँका बासिन्दाहरुले आ-आपनो घरको आँगनमा दानशालाको आयोजना गरी विधिवत पंचदान दिने गरिन्छ । सम्यक् पर्वको आयोजना गरी त्यसको सम्झनामा बनाएका दीपंकरको मूर्तिलाई घरको आँगनमा स्थापित गरी संगै दान दिने सामाग्रीहरु राखी पंचदान दिने गरिन्छ । (हेर्नुहोस् चि.फ.सं.८) यिनै दीपंकरलाई इल्हने सम्यक् महादान गुठीबाट सम्यक् पर्वको मुख्य दिन दानशालामा पंचदान पनि दिने गरिन्छ । नागबहालमा दानपतिले आपनो घरमा पास्नी, विवाह,

---

९ चुन्दा बज्राचार्य, **नेवाः तजिलजिइ नखः चखः**, (काठमाडौं : नेपालभाषा एकेदमि, २०५७), पृ. १० ।

१० धर्म सुन्दर बज्राचार्य, *पंचदान,* **विश्व शान्ति,** वर्ष १६, (२०६३), पृ. २५ ।

११ आशाकाजी बज्राचार्य, **पंचदान विधि**, (यल : सिद्धिराज शाक्य, २०३९), पृ. १५ ।

अन्त्यष्टी आदि संस्कार सम्पन्न गरेको अवसरमा आपनो बहील र बहालका स्थवीर आजुहरुलाई पंचदान दिने प्रचलन पनि पाइन्छ ।[१२]

### ३.३.३. दीपंखायात्राः

दीपंखा यात्रा सौर्यमास सल्हु (१ गते), चन्द्रमासको पूर्णिमा, आदित्यबार, रेवती नक्षत्र, हर्षण योग, आदी ५ दुर्लभ योग जुडेमा पाटन नागबहालमा दीपंखा यात्रा आयोजना गरिन्छ । जनविश्वास अनुसार नागबहालको नीलथुसा(द्वोचा) कराएको आवाज कसैले सुनेमा वा चौरमा घाँस खान आएको देखेमा दीपंखा यात्राको आयोजना गर्नु पर्ने मान्यता पनि पाइन्छ । दीपंखायात्रा शब्द नेवारी भाषामा अपभ्रंश भएर बनेको मानिन्छ । नेवारी भाषाको ´दीपंकर तथागतं भविष्य व्याकरण याना बिज्यागु खं´ भन्ने वाक्यबाट अपभ्रंश भई ´दीपंकर धागु खं´ र पछि गएर ´दीपंखा´ हुन गएको मानिन्छ ।[१३]

> बौद्ध ग्रन्थ बृषजन्म अवदान अनुसार सत्ययुगमा दीपंकर तथागतको समयमा बन्धुमति नगरमा एक ब्राम्हणको घरमा आश्विन पूर्णिमाको दिनमा निलो सिंड भएको साढेंको जन्म भएछ । यो निलोथुसा बुढो भएपछि कसैलाई दुःख नदिई दीपंकर बुद्धको दर्शन गर्न भनेर राति नै बाहिर गएछ । दीपंकर बुद्धले निलोथुसा भएको साढेलाई भविष्यमा शाक्यमुनि बुद्ध भई जन्म लिने भविष्यवाणी गरेका थिए । निलथुसा बुद्धको आशिर्वाद लिएर फर्की राखेको बेलामा बाटोमा जंगली जनावरहरुको आक्रमणबाट मृत्यु भएछ । ब्राम्हणले चार दिनपछि जंगलमा उनको अस्थिपंजरहरु भेटाए र नदीमा लगेर गर्भगृहमा त्यस अस्थीलाई राखेर बालुवाको चैत्य बनाए । निलथुसाको दायाँ सिङ गजुरको रुपमा राखे र बायाँ सिङले नदीको पानि ल्याएर अर्घ तथा पूजा गरी ३० दिनसम्म त्यही बिताए । भोलीपल्ट बिहान बालुवाको चैत्य सुवर्णमय चैत्य र बायाँ सिङ आकास जस्तै निलोवर्णको बृष आकार भएर पंचरश्मी निस्कीएको देखेछ । त्यसपछि ब्राम्हण दीपंकर बुद्ध भएको ठाँउमा गएर सम्पूर्ण घटना बताए । दीपंकर बुद्धले महान आत्मालाई चिनेर आश्वीन शुक्ल पुर्णिमा, आश्वीन नक्षत्र, आदित्यवार, हर्षण योग र सल्हु (१ गते) दिनमा दैवी सक्ति उत्पन्न भएको सम्झनामा विधि पूर्वक मूर्ति र चैत्यको स्थापना गराई पूजा गराए । बुद्धले मूर्तिको प्राण प्रतिस्था गरी निलमहाबृषरत्न बोधिसत्व प्रतिक भनी नामाभिषेक गरेका थिए ।
>
> कालान्तरमा यस्को सुरक्षाको लागि यसलाई कसैले पनि नदेखिने गुप्त स्थानमा राख्ने भनेर हिरण्यवर्ण महाविहारको योगाम्वर चक्रस्थलमा राख्न ल्याए । निलथुसाको प्रभावले त्यहाँ पूजा गरी भोजन खुवाउदा जति निकालेपनि त्यति नै संचय भइराख्यो । यो शक्तिको बारेमा शंकराचार्यले थाहा पाएछ र वज्रयानी धर्म अनुसार पूजा गरी बली चढाउन गएको मौका पारेर नीलथुसालाई पशुपतिमा

---

[१२] रञ्जना बज्राचार्य, **पंचदान बौद्ध परम्परा,** (काठ्माडौ : शाक्य जः, २०५६), पृ. २६ ।

[१३] रविन्द्र शाक्य, *दीपंखा यात्रा,* **बिश्व शान्ति**, अंक १६, (२०६३), पृ. ७५, ७८ ।

फालिदिए । फेरी  फर्केर नआओस् भनी मन्त्र पढेर थुनिदिए । नीलथुसा नभएको थाहापाएर आचार्यहरुले मन्त्र पढेर आह्वान गरेछ तर नीलथुसाले बाटो बिर्सेर भौतारीदै हिडेछ । आखिरमा तीन महिना पछाडि यल नागबहालमा पुगेपछि त्यही सिद्ध भएछ ।[१४]

यही नीलथुसाको घटनालाई सम्झेर उपरोक्त पाँच योग मिलेपछि दिगभ्रम भएर हराएर देवस्थल, पीठ, सीवालय आदि विभिन्न ठाँउमा बास बसेको मन्दिरहरुमा यात्रा गरिन्छ । जसलाई दिपंखायात्रा भनिन्छ । यो पर्वमा पाटन नागबहालको नीलथुसाबाट आरम्भ गरी बसुवर्धन महाविहार, भंसार गणेश, हिरण्यवर्ण महाविहार, मंगलबजार, महालक्ष्मीस्थान, खोकना, बुंगमति, चोभार, स्वयम्भू, बौद्ध, पशुपति, सिकबहील, लगनखेल स्तुप आदि विभिन्न स्थानमा दिनरात पैदल यात्रा गर्ने चलन छ । विभिन्न ज्योतिषहरुका अनुसार यो पर्व १९ वर्षमा एक पल्ट योग मिल्ने गरिन्छ । ३८ वर्षको अन्तरालमा अर्थात बि.सं २०६२ सालमा दीपंखा यात्रा गरिएको थियो । यस पर्वमा १४१ देवीदेवता भएको मुख्य मुख्य स्थानहरुमा यात्रा गरीएको थियो ।[१५]

### ३.३.४. लुचिद्यो थायगु :

बौद्ध धर्ममा गुँला धर्मको ठूलो महत्व छ । गुँला शब्दको अर्थ गुँ भन्नाले नेवारी भाषामा नौ र ला भन्नाले महिना हो । गुँला महिना नेपाल संवत महिना अनुसार नवौं महिना अर्थात श्रावणमा पर्दछ । गुँला धर्म भन्नाले गुंलाथ्व पारु देखी यलाथ्व पारु सम्म एक महिना विभिन्न धार्मिक क्रियाकलाप गरी मनाउने पर्व हो । बौद्ध मार्गीहरुका अनुसार बुद्धको समयमा वर्षायाममा भिक्षुहरु भिक्षाटनको लागि बाहिर नजाने भएकोले संभवत उपासक उपासिकाहरु विहारमा नै गएर भोजन गराउनेबाट गुँला धर्मको विकास भएको मान्दछन् । गुँला महिनामा बौद्ध विहारमा पूजा पाठ, भजन गर्ने, स्वयम्भूमा बाजा गाजा सहित पूजा गर्न जाने र प्राचीन बस्तु प्रदर्शनी गर्ने चलन पाइन्छ ।[१६]

गुँला महिनामा बौद्ध विहारमा वही द्यः ब्वयगु वा वहीलको देवता प्रदर्शनी गर्ने, दीपंकरको मूर्ति, पौभाहरु र बुद्धको जीवनीका चित्रहरु, देवीदेवताहरुको गहनाहरु, पिण्डपात्रहरु र

---

[१४] शाक्य, **पूर्ववत्** ,( पा.टि.सं ४), पृ. २९-३७ ।

[१५] शाक्य, **पूर्ववत्** ,( पा.टि.सं १३), पृ. ७५, ७८ ।

[१६] श्रीजना शाक्य, **यल पंचदानको एक सांस्कृतिक अध्ययन**, (अप्रकाशित शोधपत्र : एम.ए, त्रि.वि, २०४६), पृ. ४२ ।

ग्रन्थहरुको आदिको प्रदर्शनी गरिन्छ ।(हेर्नुहोस् चि.फ.सं.९) साथै पंचदान, द्यः थायगु (माटोको चैत्य बनाउने), मायपसं च्वनेगु (जल मात्र खाएर एक महिना व्रत्त बस्ने), मतया (मृतकको सम्झनामा गरिने दिपयात्रा), गुँला बाजाको अभ्यास र राती प्रज्ञापारमिताको पाठ गर्ने आदि धार्मिक कार्यहरु गरिन्छ ।[१७]

यसरी गुँला महिनामा एक महिनासम्म नागबहालको बशुवर्धन महाबिहार अगाडि बसेर *लुचिद्यो थायगु* (माटोको चैत्य बनाउने) पनि गरिन्छ । प्रत्येक बिहान नुहाईधुवाई गरी केही नखाइकन मन्त्र उच्चारण गर्दै पितलको सानो चैत्यको छाप लिई माटोको चैत्य बनाएर त्यसको गर्भगृहमा आसंखली(आख्य) एउटा राखेर बनाउने गरिन्छ । गुँला महिना सकेपछि बाजा गाजाका साथ जात्रा गरी लाखौ चैत्यलाई वाग्मतीमा बिसर्जन गर्न लगिन्छ । जसलाई *लुचिद्यो चुइकेगु* भनिन्छ ।[१८]

### ३.३.५.मतया पर्व (दीप यात्रा) :

गुँला महिनामा वा श्रावण कृष्ण तृतियाको दिनमा पाटनमा वार्षिक मृतकहरुको सम्झनामा दिपयात्रा गर्ने चलन छ । पाटनमा मतया पर्व चकबहील, इखाछे (नागबहाल), बुबहाल, हौगल, ओकुबहाल, इखालखु, कोबहाल, नकबहील, सौगल र मंगलबजार आदि टोलहरुबाट क्रमवद्ध रुपमा प्रत्येक वर्ष मतया पर्वको आयोजना गर्ने चलन छ । एक वर्षमा मृतकको सम्झनामा बहाल, बहील, ननी, चोकहरुको देवी देवता, चैत्य, धर्मधातुहरुमा दीप, अमला, हरर, दक्षिणा, चामल, रोटी, किसली पुस्तक(मृतकको फोटो र गाथा) आदि दान गर्ने चलन छ । बज्राचार्य वा गुभाजुद्वारा अर्घ दिएर यात्रा गरिन्छ भने ज्यापू समाजका मान्छेहरुले विभिन्न बाजा तथा बासुरी बजाएर यात्रा गरिन्छ ।[१९] मतयापछिको प्रथम बुद्धवारका दिन यस पर्वमा सहभागीहरुले पाटनको दक्षिणपूर्वमा पर्ने बरेगाँउको बुद्धवादो, बुंगमति, स्वयम्भूमा पनि

---

[१७] धाख्वा, **पूर्ववत्**, (पा.टि.सं १), पृ. १५२ ।

[१८] करुणाकर बैद्य, **बुद्धिष्ट ट्रेडिसन एन्ड कल्चर अफ दी काठमाडौ भ्याली**, (काठमाडौ : साझा प्रकाशन, १९८६) पृ. १२७-१३१ ।

[१९] बज्राचार्य, **पूर्ववत्**, (पा.टि.सं ९), पृ. ६७ ।

मतया जाने गरिन्छ ।[२०] मतया आयोजना गरिने स्थानका भक्तजनहरु पर्वको केही दिन अगाडि विहानीपख मतया जाने स्थानहरुमा सूचना दिन *बोगी* जाने पनि गरिन्छ ।

**३.३.६. गणेश पूजा :**

मतया पर्वको सम्पन्न भएपछि कार्य सफल वा क्षमा पूजा भनि चार दिन पछि गणेश पूजाको यात्रा गरिन्छ । नागबहालबाट गणेश पूजाको थालनी गर्दा सर्वप्रथम भन्सार गणेशबाट आरम्भ गरी अन्य ठाँउमा यात्रा गरिन्छ । यस पर्वकालागि पाटन भेकका प्रमुख गणेशहरुको पूजा गरिन्छ । यस पूजामा समेबजी (चिउरा, आलु बोडी, बारा, कालो भट्मास, तोरीको साग, अदुवा, माछा, मासु आदि), दक्षिणा, लड्डु आदि चढाइन्छ ।[२१]

**३.३.७. बाहापूजा :**

बाहापूजा भन्नाले बहालहरुमा मात्र पूजा गर्ने वा यात्रा गर्ने पर्वलाई भनिन्छ । यो पर्व गुँला महिनाको अष्टमीको दिनमा वा पूर्णिमाको दिनमा प्रमुख बहालका देवताको मात्र पूजा गरी मनाइन्छ । यस पूजामा बहीलको देवता, चैत्य, धर्मधातु आदिमा पूजा गरिदैन । पाटनमा बहापूजाको आयोजना गर्दा प्रमुख १८ वटा बहालमा मात्र यात्रा गरिन्छ । यो पूजा टोल वा समुहमा नभइकन एक परिवारका सदस्यहरुबाट मात्र गरिन्छ । कुनै स्थानमा चैत्य, धर्मधातु आदिको निर्माण गराएपछि बाहापूजाको आयोजना गरिन्छ । स्मरणीय छ, नागबहालमा पनि देल्क्व भगवानको अगाडि धर्मधातु चैत्य स्थापना अवसरमा बाहापूजाको आयोजना गरिएको थियो ।

बाहापूजाको आयोजना गरेपछि परिवारका थकाली सदस्यले कपाल खौरी नुहाईधुवाई गरी चोखो लुगा लगाई परिवारका अन्य सदस्यहरु पनि दिन भरि ब्रत बसी बाजाहरुका साथ बाहापूजामा सहभागी भएको पाइन्छ । बाहापूजाको आरम्भ बज्राचार्य वा गुभाजुद्वारा बहालका

[२०] सुशिला मानन्धर, *पाटन शहरको सास्कृतिक भूगोल,* **पासुका**, वर्ष ६, (२०५८), पृ. ८ ।

क्वापाद्यः अगाडि अर्घ(जल अभिशेक) दिएर गरिन्छ । यात्रामा सहभागी परिवारका अन्य सदस्यहरुले क्रमश धान, गहु, गेडागुडी, नुन, दतिवन, रोटी, फलफुल, दक्षिणा आदि दान गरिन्छ । बाहापूजा सकेपछि आयोजकले भक्तजनहरुलाई प्रसाद ग्रहण गराउँछ । यो यात्रा सकेको उपलक्ष्यमा चोभारस्थित जल विनायक गणेशको पूजा पनि गरिन्छ ।[२२]

**३.३.८ वशुन्धरा पूजा :**

बौद्ध समाजमा बुद्धका जननीका रुपमा वशुन्धरा देवीलाई पूजा गर्ने चलन छ । यिनलाई पृथ्वीमाताको रुपमा पनि पूजा गरिन्छ । यिनको पूजा, प्रार्थना, व्रत (गतिला व्रत) बस्नाले मानिस धनवान, प्रज्ञावान र ईच्छापूर्ति हुने विश्वास गरिन्छ । पाटनमा वशुन्धरा देवीको प्रतिमा स्थापना गरेपछि वशुन्धरा पूजाको आयोजना गरिन्छ । हालसम्म पाटनमा ५० भन्दा बढी स्थानमा वशुन्धराको मूर्ति स्थापना भएको पाइन्छ ।

पाटनमा प्रत्येक वर्ष भाद्र कृष्ण तृतियाका दिन वशुन्धराको व्रत (गातिला व्रत) बसिन्छ । यसको भोलिपल्ट अर्थात् भाद्र कृष्ण चतुर्थीका दिन पाटनमा अवस्थित सम्पूर्ण वशुन्धराको पूजा तथा यात्रा गरिन्छ । नागबहालको वशुवर्धन महाविहारमा पनि वशुन्धरा देवीको मूर्ति स्थापना गरेको पाइन्छ । त्यसकारण नागबहालमा पनि समय समयमा वशुन्धरा व्रत एवं पूजा तथा यात्राको आयोजना हुँदै आइरहेको छ । यसरी यात्रा गर्दा पुष्प, धुप, दीप, गन्ध, रस, नैबैद्य, मिठाई, धानको बाला, फलफूल, छत्र, ध्वजा, पत्ताका आदि चढाउने गरिन्छ । यात्रामा विभिन्न बाजागाजा पनि बजाउने गरिन्छ ।[२३]

यस प्रकार इल्हने क्षेत्रमा सम्यक् महादान पर्वका साथै उपरोक्त अन्य बौद्ध धर्मको दानधर्म संग सम्बन्धित साँस्कृतिक क्रियाकलापहरु पनि भएको पाइन्छ । त्यसकारण इल्हने स्थान सम्यक् महादान पर्वको आयोजना गर्ने मात्र नभई अन्य महत्वपूर्ण पर्वहरु आयोजना गर्ने स्थलका रुपमा पनि प्रशिद्ध छ ।

---

२१ **उही,**

२२ बैद्य, **पूर्ववत्,** (पा.टि.सं १८), पृ. ४६-४९ ।

२३ हेमराज शाक्य, **श्री वसुन्धरादेवीया साँस्कृतिक पृष्ठभूमि**, (गुजिबहाल : भीमराज शाक्य, बि.सं. २०५०), पृ. १६, २२, ५९ ।

# चौथो अध्याय :

## इल्हने सम्यक् महादान पर्वका साांस्कृतिक पक्ष :

यल इल्हने(नागबहाल)मा प्रत्येक पाँच वर्षमा एक पल्ट परम्परागत रुपमा फाल्गुन शुक्ल चतुर्थीको दिनमा सम्य्क महादान पर्व मनाइन्छ । यस पर्वमा श्री श्वयम्भू ज्योतिका रुपमा चैत्य थासद्योः बज्रसत्व, अठारवटा (१८) वहालका दीपंकर, आर्यतारा तथा वहीलको देवता (वही द्यः) प्रज्ञापारमिता, वशुन्धरा, आर्यवलोकितेश्वर, आर्यमन्जुघोष आदि महत्वपूर्ण बौद्ध देवीदेवताहरुलाई निमन्त्रणा दिई पर्वको शुभारम्भ गरिन्छ । यो पर्व आयोजना गर्ने दुइता रोचक परम्परा छन् । प्रथम पाटन हिरण्यवर्ण महाविहारको इल्हने सम्यक् महादान गुठीबाट परम्परागत रुपमा गरिन्छ । दोस्रो पाटन भेगकै कुनै खास दाताको सधर्मचित्त उत्पन्न भएमा सम्यक् पर्वको आयोजना गरिन्छ । यसरी आयोजना गर्दा लगनखेल स्तुपको परिसर वा आपनो महाविहारमा नै दानशालाको आयोजना गरेको पाइन्छ । एच्छीक रुपमा सम्यक् पर्वको आयोजना गर्दा दीपंकर तथागतको प्रतिमा र ताराको मूर्ति बनाउने गरेको पाइन्छ । यस्का साथै प्रज्ञापारमिता सफु (ग्रन्थ), धर्मधातुचैत्य, विलपौं, पौवाहा, लीला तुनापौं, देवताहरुको चित्र लेखाउने गरेको पाइन्छ । यस्का साथै सम्यक् पर्वको सम्भनामा घण्ट चढाउने, साल मिति अंकित गरी ताम्रपत्र, सिलापत्र, मण्डपका साथै गुठीको पनि व्यवस्था मिलाउने गरेको पनि पाइन्छ । त्यस्तै आपनो विहारको क्वापाद्यलाई पिण्डपात्र, पत्ता, किकिंपा, मुकुट आदि चढाउने गरेको पाइन्छ ।[२४] यसरी आफुखुसी चढाइने दीपंकरको मूर्तिलाई समेद्यः वा हिलाआजु भनिन्छ ।[२५] पाटनमा अहिलेसम्म हिलाआजुहरुको संख्या ३६ जति पुगेको छ । यी दीपंकरहरुलाई पनि प्रत्येक सम्यक्मा ल्याउने परम्परा छ । करीब ६० वर्ष अगाडी ललितपुर नकबहिल इकुननी निवासी लामाशि आजुद्रारा

---

[२४] शाक्य हेमराज, **इल्हने सम्यक् इतिहास व थ्वया ज्याभवः**, ( भम्सीखेल, ललितपुर : बेखा रत्न शाक्य, २०४८), पृ. १०, ११ ।

[२५] धुर्वकृष्ण दीप, **हाम्रो संस्कृति हाम्रो ढुकुटी**, ( पुल्चोक ललितपुर : साभा प्रकाशन, २०५२), पृ. १६२ ।

आयोजना गरेदेखि अरुले यस प्रकारको सम्यक् आयोजना गरेको पाइदैन् ।[२६] यसका साथै यस पर्वमा तेतिसकोटि देवताहरु, आर्यसंघ, जिनसंघ, बौद्धसंघको रुपमा बज्राचार्य, शाक्यभिक्षुहरुको संघ आदिलाई पनि आमन्त्रण गरिन्छ । सम्यक पर्वमा बौद्ध पूजा परम्पराका साथै बौद्ध धर्म सम्वन्धी कला, संस्कृतिको प्रर्दशनी भएको पाइन्छ ।[२७]

यस परम्परागत सम्यक् महादान पर्वको आयोजना गर्ने अभिभारा हिरण्यवर्ण महाविहारका बिस(२०) स्थवीरहरुमा पालैपालो गरेर आठ जना आजुहरु(सदस्य) लाई दिइन्छ । यस महापर्वमा गुठीयारहरुले महोत्सवको शुरुवात देखि समापन सम्म गराउनुपर्ने सम्पूर्ण कार्यविधि, नीति, नियम तथा रितिरिवाजहरु पनी सफु भन्ने टिपोट अथवा धल-पौ (ग्रन्थ)मा उल्लेख गरिएको हुन्छ । यसै पनी सफुको टिप्पणीको आधारमा प्रत्येक पाच वर्षमा एक पल्ट यस समारोहको कमिक कृयाकलापहरु अघि बढाउने रित वर्तमान कालसम्म पनि चलेकै पाइन्छ । सम्यक्को पालो पर्ने सदस्यहरुले यस *पनी सफुमा* उल्लेख भए अनुसार गरिने कियाकलापहरुको बारेमा निम्न अनुसार वर्णन गरिएका छन् ।[२८]

## ४.१.सम्यक् पर्वको आरम्भीक कार्यहरु :

सम्यक् पर्व आयोजना गर्नु पूर्व मुख्य दिनको तयारीको लागि विभिन्न कार्यहरु गरिन्छ । यी कार्यहरु सम्यक् पर्वको अभिभारा लिएपछि मुख्य दिनको पूर्वरात सम्म गरिन्छ ।

### ४.१.१ पाब्व ल:ल्हायगु (अभिभारा लिने दिने) :

इल्हने सम्यक् पर्वको पालो लिनेदिने कृर्याको सुरुवात बैशाख शुक्ल तृतियाका दिन ( अक्षय तृतिया) पाटन क्वाल्खुमा अवस्थीत हिरण्यवर्ण महाविहारको क्वाबहालमा अभिभारा हस्तानतरण हुन्छ । सम्यक् पर्व आयोजना गर्ने अभिभारा लिने कृर्यालाई स्थानिय बोलिमा *पा:फयुगु वा पाब्व ल:ल्हायगु* भनिन्छ । यस्तो पालोलिने काम गुठीका सदस्यहरु बीच सीमित हुन्छ । यो कार्य गर्दा अगाडि सम्यक्मा पालो लिएका सदस्यहरुले आगामी सम्यक्को कार्यभार अनुमति स्वरुप नयाँ सदस्यहरुलाई पाँचमोहर, सुपारी (१), ल्वाड (१) र पनी सफु दिएर गरिन्छ

---

२६ **उही**, पृ. १५७ ।

२७ हेमराज शाक्य, **सम्यक् महादान गुठि,** ( कुसुबिया, लाछि, ये : जगतधर तुलाधर, २०३६), पृ. ६ ।

। यसरी पालो दिदा पुरानो सदस्य क्रम अनुसार आठै जना पुर्व दिशामा र नयाँ पस्चिम दिशा तर्फ मुख फर्काएर बसेको अवस्थामा दिने गरिन्छ ।[२९]

### ४.१.२ बु स्व :बनेगु (जग्गा देखाउने) :

यस पर्वको आयोजन गर्न आयस्ता खर्चका लागि आर्थिक श्रोतका रुपमा रहेर जग्गाहरु नयाँ सदस्यहरुलाई देखाउने काम हुन्छ । यो कृया भाद्र् शुक्ल चतुर्थीको दिनमा सम्यक् गुठीको जग्गा हेर्न ठसी (सानो गाँउ) र धापाखेलमा पुरानो सबै सदस्यले नयाँ सदस्यहरुलाई लगिन्छ । सम्यक्का लागि हरेक वर्ष २०-२५ मुरी धान आउने गरिन्छ । यसरी जग्गा हेर्न जानु भन्दा अगाडि नयाँ सदस्यको मृत्यु भएमा अर्को व्यक्तिलाई सदस्य बनाइन्छ भने जग्गा निरिक्षण गरीसकेपछी सदस्यको मृत्यु भएमा मृतकका सन्तानहरुलाई सदस्य बनाइन्छ ।[३०]

### ४.१.३. सिन्दुरार्चन पूजा (गुहेश्वरी पुजा) :

यस पूनित कार्यको सफलताको कामना गरेर कार्तिक कृष्ण चतुदर्शी दिन परम्परागत रुपमा श्री नैरात्मा गुहेश्वरीको पूजा गरिन्छ । त्यहाँको देवता तानेर ल्याएको प्रतिक स्वरुप रुखको हाँगा एक टुका ल्याएर पाटनको ईबही स्तुपको उत्तरपत्तिको आँगम कोठामा राखेर *सिन्ह पूजा* वा *सिन्दुरार्चन पूजा* गरिन्छ । यो पूजामा हिरण्यवर्ण महाविहारका चक्रेश्वर(प्रमुख पूजारी), बेताजु (सहायक पुजारी) र पालोलिने आठैजना सदस्यहरुको उपस्थिती हुनु पर्छ । सम्यक् वर्षमा सिन्ह पूजा हुन्छ भने त्यस पछिको दुइ सालमा दिशिपूजा मात्र हुन्छ । र अर्को वर्ष वा सम्यक् वर्षमा फेरी सिन्ह पूजा गरिन्छ ।

### ४.१.४ यचिंद्य स्वनेगु (सम्वन्धीत देवताहरु):

---

२८ शाक्य, **पूर्ववत्,** (पा.टि.सं.१), पृ. २४ ।

२९ बि.सं २०६४ सम्यक्का थकाली सदस्य *तारण राज शाक्य* संग कुराकानीबाट प्राप्त जानकारी । २०६३।०३।१५ ।

३० माणिकरत्न शाक्य, *इल्हिने सम्यक्या संक्षिप्त परिचय व थ्व्या ज्याभ्व,* **पलेस्वाँ,** अंक २१, (२०६०), पृ. २८ ।

यस महोत्सवका लागि नयाँ बालि भित्राएपछि क्वाबहाको दिगी(भण्डार) कोठामा राखिन्छ । त्यसपछि नयाँ धान, नयाँ गहु, *यचिं द्यः* (सम्वन्धीत देवताहरु)हेरी चाहिने जति ठाँउमा गएर अलि अलि चढाईन्छ ।[३१]

**४.१.५ छोः पूजा (अन्न पूजा):**

यस पर्वमा दान दिन तथा पूजा पर्वका अतिरिक्त यस समारोहमा सहभागीहरुलाई परितोषितका रुपमा घरघरमा दिएर पठाउनका लागि आवश्यक रोटि बनाउने सामाग्री गहुँको राशीमा पूजा गरिन्छ । यो प्रथा सम्यक् मनाउने पर्व आउने ६ महिना अगाडि वा भाद्र् चतुर्थी दिन पाटन हौगल टोलका राजकर्णीकार जातका हलुवाईहरु (मिठाई बनाउनेहरु) आएर *छो पूजा* गर्न आउछ ।

**४.१.६ भुतुप्वा देयेकेगु (चूलो बनाउने) :**

श्री पंञ्चमीको दिनमा (माघ शुक्ल पञ्चमी) क्वाबहालको दिगी घरमा हलुवाईहरु आएर चुल्हो बनाएर *चुल्हो पुजा* गर्छ ।(हेर्नुहोस् चि.फ.नं १०)

**४.१.७ सुपौं चिनेगु (परालको छानो बनाउने) :**

श्री पञ्चंमीकै दिनमा ठसी र धापाखेलका मोहीहरुले भान्साको लागि आवश्यक पराल ल्याई दिइन्छ । यस पर्वमा आवश्यक पकवान बनाउन चाहिने चुल्होको लागि अस्थायी परालको छाप्रो बनाइन्छ । जसलाई *सुपौ चिनेगु* भनिन्छ । यो काम गर्न पाटन सलिछेका सुवाल जातका मानिहरुले गर्न आउछ ।

**४.१.८ पोन्हतयूत दस्तुर बिइगु (पोडेलाई दस्तुर दिने) :**

यही दिनमा चोक तथा सम्यक् स्थलको सरसफाईका लागि कुम्भेश्वरका पोडेहरुलाई आवश्यक दस्तुर दिइ कामको जिम्मा लगाउने गरिन्छ ।[३२]

**४.१.९ जीवन्यास लिकायेगु (नागको जीवन्यास निकाल्ने) :**

---

[३१] शाक्य, **पूर्ववत्,** (पा.टि सं ७), पृ. २५ ।

[३२] **उही,** पृ. २५ ।

माघ शुक्ल षष्ठीको दिन इल्हनेको वशुवर्ण महाविहार नागबहालका प्रमुख आरक्षक नागहरु बासुकी (ठुलो नाग) र चम्पक (सानो नाग) को भित्तामा बनेको मूर्तिको जीवन्यास निकाल्ने र राख्ने चलन छ । यस नागको जीवन्यास निकाल्ने पूजाको लागि इखाछेमा बस्ने नागगुरुजु, बेताजु र सम्यक् थकाली यजमानको रुपमा बसेर विधिवत् नागको जीवन्यास निकालेर कलशमा राखिन्छ । त्यसपछि कलशलाई कसैले नछुने र नकुल्चीने पवित्र ठाँउमा राखिन्छ । नागको जीवन्यास पुनं नराखुन्जेलसम्म नाग गुरुजु दैनिक रुपमा बिहान आएर कलश पूजा गर्न आउछ । नागको जीवन्यस निकालेकै दिनमा अर्को नयाँ नाग बनाउन पुरानो नागलाई विगार्छ ।[३३]

## ४.१.१०. चाचिं च्वकेगु (नागको चित्र लेखन) :

नागको शरीरलाई फेरी बनाउन माघ शुक्ल अष्टमीका दिनमा न्याखाचोकका दुईजना बज्रकमी (प्लाष्टर गर्ने) राखेर नयाँ नागको निर्माण गर्छ जसलाई *चाची च्वकेगु* भनिन्छ । *चाची* लेख्नलाई चाहिने जति सामग्री सम्यक् गुठीबाटै दिईन्छ । चाचि लेख्न सकेपछि हौगलका चित्रकारले दुइतै नागको शरीरमा रंग लगाउने कार्य गरिन्छ ।[३४] (हेर्नुहोस् चि.फ.सं.११) नागको शरीरका साथै वरपर सबै ठाँउमा रंग लगाउने र चित्र बनाउने गरिन्छ । उदाहरणको लागि नागसंगैको अक्ष्योभ्य बुद्ध, कलश, भंसारको मूल ढोकामा, दिगी घरमा, न्हुबाहाचा ढोकामा फुल, आखाँ तथा अष्टमंगलीक चित्रहरु बनाउने गरिन्छ साथै नागबहालका चैत्यहरुमा, निलथुसामा रंग लगाउने गरिन्छ ।[३५]

## ४.१.११. नासद्यः पूजाः

माघ शुक्ल द्धादसीका दिनमा हौगल टोलका हलुवाईहरु(राजकर्णिकार) आएर यस पर्वकाको लागि आवश्यक रोटि पकाउन बनाएको चुलो पछाडीको गवाक्ष पूजा गर्छ । रोटि पकाउने दिनमा कार्य सिद्धीको कामना ग्री हौगलको नासद्यः (नृत्यश्वर) को साधना गरि चूलो पछाडिको गवाक्षमा स्थापना गरिन्छ । सो स्थानमा रोटि बनाउने अवधि सम्म कपडाको पर्दाले

---

[३३] शाक्य, **पूर्ववत्,** (पा.टि सं ७), पृ. २५ ।

[३४] **उही,** पृ. २६ ।

[३५] आदीबज्र बज्राचार्य, **सम्यक् महादान**, ( काठ्माडौ : तेज रत्न सिन्दुराकार, २०५९), पृ. ४७ ।

छोपी राखेको हुन्छ । मिठाई बनाउने कार्य सकेपछि सो देवतालाई त्यहाँबाट आफनै स्थानमा फिर्ता लग्ने गरिन्छ ।

### ४.१.१२. **मरि छुइकेगु (रोटी पकाउने)** :

रोटी पकाउने कार्यको थालनी गर्नु भन्दा अगाडी भान्छाको पूजा गर्छ । रोटी बनाउदा सर्वप्रथम मुजमुजा गरी बनाउने मथमरी (मुजुमरि) बाट सुरुवाट गरिन्छ । त्यसपछि मालपुवा आकारको चास्नीमा डुवाएरको बाजुमरि बनाइन्छ । बाजुमरि बनाइसकेपछि गोलो लड्डु जस्तो डल्लो लाह्लिौरा वा लाह्मिरि बनाइन्छ र अन्तमा सेतो पुरी आकारको सुमरी बनाउने गरिन्छ । (हेर्नुहोस्.चि.फ.सं.१२) मिठाई बनाउन सकेपछि क्वबहालका देवताहरु योगाम्बर, तारा, बज्रसत्व, अमिताभ बुद्धका साथै दिगीको चकसम्बर, देल्को भगवान, लगनखेल थुर, भन्सार, मछिन्द्रनाथ, मिननाथ, बसुन्धरा, निलथुसा, आदिलाई चढाईन्छ ।[३६] यसरी मिठाई बनाउदा *पनी सफुमा* दिएको तौल अनुसार तराजुमा जोखेर बनाउने चलन छ । पनी सफुमा मुजुमरी बनाउदा चार तोलाको ६००० वटा, बाजुमरी ३ तोलाको २००० वटा, सुमरी २ तोलाको २५०० वटा र लाह्मिरी ९ तोलाको २५०० वटा बनाउनु पर्ने उल्लेख गरेको छ ।[३७]

### ४.१.१३. **जीवन्यास राख्ने (कलश पूजा)** :

नयाँ नागको निमार्ण गरेपछि पुनं जीवित गर्न जीवन्यास राख्ने कार्य गरिन्छ । यस्कालागि फाल्गुण कृष्ण दशमीको दिन इखाछेका नाग गुरुजु आएर विधिवत कलश पूजा गरी नागको शरीरमा जीवन्यास राखिन्छ । यस पूजामा सम्यक् थकाली यजमान भई बस्छ ।(हेर्नुहोस् चि.फ.सं १३) । पूजा सकेपछि सेतो कपडाले छोपीराखेको  नागको आखाँ चित्रकारले खोलीदिन्छ ।[३८]

### ४.१.१४. **योसिँ राख्ने (लिडगो ठड्याउने)** :

सम्यक् पर्वको सूचना दिन योसिँ राख्ने गरिन्छ । यस्को लागि फाल्गुण कृष्ण द्वादसीको दिनमा इलाननी दिगीबाट करिब बतिस हात लामो काठको खम्वा नागबहालमा ल्याइन्छ । त्यस्मा ध्वाजापटाका, सिखरमा सिनस्वा (भिमसेनपात) एक मुठा, रागोको सिङ् एउटामा दायाँ

---

३६ शाक्य, **पूर्ववत्** (पा.टि.सं ७), पृ. २९ ।

३७ *पनी सफुको* अवलोकनबाट प्राप्त जानकारी । (बि.सं २०६३।०३।१५) ।

३८ शाक्य, **पूर्ववत्** , (पा.टि.सं १), पृ. २९ ।

बायाँ घण्टी (फयँ् गं) झुण्ड्याएको हुन्छ । साथै एउटा डमरु पनि झुण्ड्याएको हुन्छ । हलिपतामा अष्टबोधिसत्व, बज्रसत्व, स्वयम्भू, पिण्डपात्र, सुर्य, चन्द्र, आदिको चित्रहरु अंकित गरिएको हुन्छ । त्यस दिग्पत्ता भएको योसिँलाई नागबहालको द्धचा आजु (नीलथुसा) पछाडि खाल्दो खनेर ठड्याउछ । जसलाई *हलिपता ब्वयेकेगु* (ध्वजापताका राख्ने) भनिन्छ ।(हेर्नुहोस् चि.फ.सं.१४) जनविश्वासका अनुसार धेरै समय अगाडि एक पटक सम्यक् पर्वको आयोजना गरि विधिवत् हलिपता फरफराउने कार्य भईरहेको समयमा एक्कासि घनघोर आधीबेहरी चल्दा हलिपतालाई उडाएर ठिमी सम्म पुर्याएको थियो ।यसरी टाढासम्म उडेर जान सक्ने भएकोले यस पर्वलाई हलिपता ब्वयेफेगु अर्थात हलिपता उडेर जान सक्ने पनि भन्ने गरेको पाइन्छ ।[३९] धार्मिक मान्यता अनुसार हलिपता राख्नु भनेको सम्पुर्ण देवताहरुलाई सम्यक् महादान पर्वको निमन्त्रणा दिएको मानिन्छ ।[४०] साँस्कृतिक मान्यता अनुसार मानिसहरुलाई सम्यक् पर्व मनाउने दिन र स्थान बारेमा जानकारी दिनु हो । सांकेतिक पक्ष अनुसार लिडगो ठड्याउनु भनेको स्वयम्भू ज्योति रुपको स्थापना गर्नु हो ।[४१] यस उत्सवमा यमा संघ (हिरण्यवर्ण महाविहारका सबै आजुहरु), मूबहालका १, अथबहालका १, बेताजु २, चितिया २, सुवा ४ उपस्थित हुन्छ । यही दिन क्वाबहाका चकेश्वर र सम्यक् थकाली यजमान बसेर क्वाजुलाई पूजा गरिन्छ ।

### ४.१.१५. भलि चिकेगु (कामको बाँडफाँट) :

सम्यक् पर्वमा सहभागी हुने सबैजनालाई आ-आपनो कार्यको उत्तरदायित्व दिन फाल्गुण कृष्ण त्रयोदसीको दिन *भलि चिनेगु* (कामको बाँडफाँट) गर्ने काम हुन्छ । यो दिनमा क्वचपाल देवता र वतातले र दिगीको विधिवत पूजा गरिन्छ । सम्यक् कार्यकालागि यमासंघ आजुहरु बेताजु, मुबहाल र अथबहालका थपाजुहरु, चितिया, थकुजुजु, बिष्य, सुवा, पालो लिनेको गुभाजु, सुवानकी, धंगुहरु, लकामि सबैलाई कामको उत्तरदायित्व दिइन्छ । यस्कासाथै सम्यक्मा सहयोग गर्न पालो लिने आठजना आजुहरुबाट पनि अन्य आठ आठ जना गरी ६४ जना सदस्यहरु ( हिरण्यवर्ण महाविहारका) सहभागी हुने गरिन्छ । यस्को भोलीपल्ट हिरण्यवर्ण महाविहारका आजु,

---

[३९] दीप, **पूर्ववत्,** (पा.टि.सं.२), पृ. १५८ ।

[४०] **उही,** पृ.३० । ( बि.सं २०६० सालमा सम्यक्मा पुरानो हलिपता जीर्ण भएकोले खाछेका स्वर्गीय नेमरत्न शाक्यकी पत्नी नानीबेटी शाक्य र भाई मोहन रत्न शाक्यले नया बनाई योसिमा राखेको थियो ।

[४१] *हेराकाजी बज्राचार्य*संग कुराकानीबाट प्राप्त जानकारी । (बि.सं.२०६३।०३।२५) ।

बेताजु, पालो लिने सदस्य, मुबहा र अथबहालका थाय्पा, चितिया, सुवा आएर मिठाईको परिक्षण गर्न आउछ ।[४२]

### ४.१.१६. नितं पूजा (नित्य पूजा):

फाल्गुण कृष्ण औशीका दिनमा  क्वाबहालका नायजु, बेताजु, मुबहा र अथबहाल थपाजु, चितिया, सुवा, लकामीहरु सबैजनाले सम्यक्को निमन्त्रणा दिनकोलागि नुहाएर, हजामबाट नड काटेर चोख्याई सकेपछि  पूजा गरिन्छ । जसलाई *नित पुजा वा नित्य पूजा* भनिन्छ ।[४३]

### ४.१.१७. यचिद्यो ल्याउने (सम्वन्धीत देवताहरु ल्याउने) :

फाल्गुण शुक्ल प्रथम वा पारो दिनमा क्वाचापाल देवता, बज्रसत्व, ओततले आजु, जोगाम्बर, क्वालखु गणेश, सिकबहिल तथा पालो लिनेहरुको आंगम देवताहरु विधिपूर्वक तानेर ल्याई दिगीघरमा यचि द्यः राखिन्छ । त्यसपछि चकेस्वर, बेताजु, थकाली सदस्य बसेर पूजा गर्छ र त्यस्को दिनदिनै पूजा गर्ने र राती दिप दिने गरिन्छ ।[४४]

### ४.१.१८. निमन्त्रणा जाने:

सम्यक् पर्वको चार दिन अगाडि वा फाल्गुण शुक्ल प्रथमका दिनमा सम्यक्मा सहभागी हुन बहाल, बहीलका दीपंकर तथा आर्यताराहरु, लोकेश्वरहरु, शाक्यमुनी आदीलाई विधिपूर्वक यमा संघका सदस्यहरु, बेताजु, चितिया, सुवा, लकामी आदी काहाबाजा, नायबाजा, बजाएर निमन्त्रणा दिन जान्छन् । निमन्त्रणाको सुरुवात पालो लिने थकाली सदस्यले क्वाचपाल आजुलाई अर्घ दिई र किसली चढाएर गरिन्छ । त्यसपछि क्रमशः स्वयम्भू, बज्रसत्व, योगाम्बर र दसजना आजुलाई सुपारी, ल्वाड, दक्षिणा र किसली दिने गर्छ । क्वाबहालमा निमन्त्रणा दिईसकेपछि ललितपुरका अठार बटा वहालहरुमा अर्घ दिएर, किसली, पिण्डपात्र (एक पाठी अट्ने) र निसला चढाउने गर्छ ।(हेनुहोस परिशष्ट क) यसरी निमन्त्रणा जादा बेताजुले दिपौ (तिथि निधारण पत्र) पढ्छ र चितियाले दिपौ टाँस्ने कार्य गर्छ ।(हेनुहोस् चि.फ.नं.१५) निमन्त्रणा  जानेक्रममा सर्वप्राचीन बहील ई बहील(यम्पि वहील) पनि निमन्त्रणा दिन जान्छ । तंगलवहालका (जेष्ठवर्ण महाविहार) वशुन्धरादेवीलाई अर्घमा दक्षिणा पंचरत्न राखेर २४ पल्ट अर्घ दिने गरिन्छ । पाटन भन्दा बाहिरका बहालहरुमा पनि निमन्त्रणा जाने गरिन्छ । यसक्रममा चोबहाल र क्यपूबहालको निमन्त्रणा हःवहालमा र दुरुख्योवहालको गुजिबहालमा निमन्त्रणा दिने गरिन्छ । अन्तमा नागबहालको डोचा आजु (इल्हने निलथुसा), नाग (ठूलो र सानो), क्वेना गणेश (भंसार) दिगीका आजुलाई पनि किसली चढाएर निमन्त्रणा दिने गरिन्छ । यस्का साथै काठ्माडौ इटुम्बहाल, भक्तपुर आजुद्यः लाई पनि गुल्पा (पिण्डपात्र) र निसला सहित दिपौ पठाइन्छ ।[४५]

---

[४२] शाक्य, **पूर्ववत्,** (पा.टि सं १), पृ. ३० ।

[४३] शाक्य, **पूर्ववत्,** (पा.टि सं.१), पृ. २६, २७ ।

[४४] **उही,** पृ. २७ ।

[४५] शाक्य, **पूर्ववत्,** (पा.टि सं ७), पृ. ३१, ३२ ।

निमन्त्रणा जादा सुपारी ३०, ग्वलपा ३०, निसलापा ३०, बाजुमरी ३० लग्ने गरिन्छ । उक्त दिनको बेलुकी पख मंगलबजार संगैको हखाटोलको भनिग गणेशलाई विधिपूर्वक कलं पूजा गरि तानेर ल्याई भनिकोठामा राखिन्छ । यस्कालागि आजुहरु, थपाजु, बेताजु, चितिया, सुवाहरुले बाजा बजाएरसंगै जाने गरिन्छ । सोही राती सुवाहरु (खाना बनाउने)आएर पंचोपकार पूजा गरेर फेरी फर्केर भान्छाको स्थापना गर्छ ।[४६]

### ४.१.१९. महादीप र छत्र बनाउनेः

फाल्गुण शुक्ल द्वितियाका दिन सम्यक्मा आमन्त्रित देवीदेवताहरुलाई लशकुश वा स्वागत गर्ने आठ जना गुरुजुहरुले महादीप र छत्र बनाइन्छ । यो महादीप एउता बासलाई आठ टुक्रामा चिरेर कपासले वा कपडाले बेरेर चारवटा बनाइन्छ ।[४७]

### ४.१.२०. लै कें खुनेगु (मूलाको चानाको दाल बनाउने)

फाल्गुण शुक्ल द्वितियाका दिन बिहान पूजा गरी सम्यक् पर्वकोलागि चाहिने *लैसुखु के* ( मूलाको चानाको दाल) उसिने काम गरिन्छ । यसको भोली पल्ट अर्थात तृतियाका दिन मूला पकाउने गरिन्छ । यस कार्यका लागि थकुजुजु चारजना र विस्य(सहायक)चार जना आउने गर्छ ।

### ४.१.२१. सम्यक् पूर्वान्ह :

सम्यक् पर्वको एक दिन अगाडि वा फाल्गुण शुक्ल तृतियाको दिन नकबहिलका पंचताल बजाउने बाजा खलकलाई नासद्यो पूजा गर्न दिइन्छ । साथै क्वाचपाल देवतालाई पात भएको बास दुइटा, केराको बोट दुइता र नागराजलाई पात भएको बाँस दुइटा पनि चढाइन्छ ।[४८] यही दिन दशपारमिता आजुहरु, बेताजु, अथबाहा र मुबहालका थपाजु, चितिया २, धंगु १२ जनालाई मिठाईको पुनं परीक्षण गर्न भोज गरिन्छ । त्यसपछि नागबहालको दक्षिण धोखामा देवताहरुलाई स्वागत गर्ने ठाँउमा *इँला प्यनी* भनेर चारपाते कपडाको चइवा छत्रको रुपमा राखिन्छ । सोहि दिन बिहान तंगलबहालको श्रीबसुन्धरादेवीलाई विशेष पूजा (कलं पूजा) गर्न जान्छ र राति विभिन्न बाजाहरु काबाजा, नायबाजा, धाँवाजा, खिबाजा, म्वास्या प्वा (बटि) लिई जात्रा गरी बसुन्धरादेवीलाई नागबहालमा ल्याईन्छ । सम्यक् उत्सवमा सहभागी हुन आउने सम्पूर्ण देवताहरु

---

[४६] **उही,** पृ. ३१ ।

[४७] शाक्य, **पूर्ववत्,** ( पा.टि.सं ४), पृ.२८ ।

[४८] मन्जु बज्राचार्य, *यलय् इल्हने सम्यक् महादान,* **सम्यक् महादान,** ( काठ्माडौ : तेज रत्न सिन्दुराकार, २०५९), पृ.९३ ।

मंगलबजारको सुनको ढोका(केशव नारायण चोक) अगाडी जम्मा हुन्छ । त्यहाँबाट पूजा गरी कमसंग भिमसेन स्थान, क्वालखु हुदै नागबहालको दक्षिण ढोकाबाट प्रवेश गराइन्छ ।[४९]

क्वाबहालका सम्यक् देवताले आमन्त्रित सबै देवताहरुलाई क्वाल्खुमा स्वागत गर्न बाटोमा बसिरहन्छ । सबै देवताहरुले क्वालखुमा पुगेपछि एकछिन रोकेर क्वाबहालका सम्यक् देवतालाई ढोगेर जाने गर्छ । त्यसपछि नागबहालको प्रवेशद्रार(दक्षिण ढोका)मा आठ जना गुरुजु, सुवालनी दुईजनाबाट द्धाल्खा कलश, तिंप्वामत(बटि) बालेर विधिपूर्वक स्वागत गरिन्छ । यसरी स्वागत गर्दा पंचताल बजाउने र पाटन सुलिमय भन्ने ठाँउका थकाली ब्रामणले (द्य ब्रम्हु ) स्त्रोत्र (वेद) पढने गर्छ ।[५०] देवी देवताहरु नागबहालमा प्रवेश गरिसकेपछि बायाँ तर्फ भएर वा देल्को भगवानलाई घुमेर हिति अगाडी खुल्ला ठाँउमा आपनो स्थानकम अनुसार स्थान ग्रहण गरिन्छ । यस कियामा प्रमुख अठारवटा बहालका दिपंकरहरु उत्तरमुख भएर नीलथुसासंगै कमबद् भएर बस्छ ।(हेनुहोस् चि.फ.सं.१६) समेद्य (हिलाआजु) हरु दक्षिण मुख फर्कीएर बहालको देवताहरुको अलिपर अगाडि बसिन्छ (हेनुहोस् चि.फ.सं.१७) र ताराहरु तथा अन्य देवताहरु आ आपनो दीपंकर अगाडि उत्तर र दक्षिण फर्केर बीचमा चारवटा लाइन बनाएर बस्ने गरिन्छ । वशुन्धरा र थासद्योलाई पस्चिम दिशा तिर मुख फर्काएर राखिन्छ तर पूर्व दिशा फर्काएर देवताहरु राख्ने गरेको पाइदैन । यसरी सम्पूर्ण देवताको आगमन र आसन ग्रहन पछि क्वाबहालमा दीपंकर निरिक्षण गर्न आउछन् र आपनो स्थान योसिसंगै स्थान ग्रहण गर्छ । त्यसपछि हिरण्यवर्ण महाविहारका चकेश्वर(मुख्य पुजारी,) बेताजु(सहायक पुजारी), सम्यक् पालो लिने थकाली सदस्यद्रारा क्वाचपाल देवता अगाडि पूजा गरी राती महादीप बाल्ने गरिन्छ । यही दिन नागबहालका बासुकी नागको पाटीमा दान दिने बस्तु (धान) मोहीहरुले राखिन्छ र त्यस ठाँउमा खादलुमा (बटि बाल्ने भाडो) बटि बालीराख्छ । त्यसपछि गुठीको तर्फबाट सम्यक् देवताहरुको राति कुरुवा बस्नेलाई रात्री खाद्यान्न दिन्छ जसलाई *चासि* भनिन्छ ।[५१]

## ४.२. सम्यक्को मुख्य दिन गरिने कार्यहरु :

---

[४९] शाक्य, **पूर्ववत्,** ( पा.टि सं ७), पृ.३२,

[५०] **उही,** पृ. ३२, ३३ ।

[५१] बेताजु **चकराज बज्राचार्य** संग कुराकानीबाट प्राप्त जानकारी । २०६३ ।०५।२२ ।

सम्यक् मुख्य दिन भन्नाले फागुण शुक्ल चतुर्थीको दिन हो । सम्यक् पूर्व रात नै इल्हनेमा सम्पूर्ण देवीदेवताको उपस्थित भईसकेपछि भक्तजन वा दातृहरुका तर्फबाट पूजा तथा दान दिने कार्य सुरुवात गरिन्छ । यस महापर्वको मंगलकामना र कार्य सिद्धिकालागि प्रमुख दिन हिरण्यवर्ण महाविहारमा चकेस्वर, बेताजु सदस्यहरु र यजमान क्वाचपाल देवता अगाडि यज्ञ वा होम गरिन्छ । यस्का साथै यचि द्यःको पनि पुजा गरिन्छ । सुवा वा भान्छेहरुले हरेक दिन झै भान्छामा पूजा गरी थकुजुजु (मल्ल राजा) र बिस(सहायक) का साथ महाप्रसाद सम्यक् भात पकाउने गर्छ । त्यसछि खाद्ययान्न बलि पूजा गर्ने सामग्री बनाई काबाजा, नाय्बाजा बजाएर लकामी (काम गर्ने) हरुलाई  बोकाएर क्वालखु, निलथुसा, देल्को अगाडी, धलाचा, हिरण्यको योगाम्बर, इलाननी सेतो गणेश अगाडि, भन्सार, पथली आदि आठ ठाँउमा र अन्य स्थानमा पनि खाद्ययान्न बलि राख्न पठाइन्छ ।[५२] (हेनुहोस् चि.फ.सं.१८) महाप्रसाद सम्यक् भात पकाउने बेला इखाछेको नागपूजा गर्ने गुरुजु आएर कलश पूजा गर्छ ।[५३]

त्यसपछि गेडागुडी पकाउन पाटनको सलिछे टोल र मिखाबहालका धंगु (डंगोल) जातका १२ जनालाई बोलाइन्छ र यिनीहरुले भान्छामा गएर खाना पकाउनु पर्ने भएकोले शुद्ध गर्न हजाम १२ जनाले  नड काट्न लगाई, इल्हने ढुडगेधारामा नुहाएर पथुलिसे(संगैको बगैचा)मा बसेर इल्हनेका जोशी थकालीबाट टाउकोमा नन्दाभद्र(स्वस्तीक) लेखाउने गर्छ । त्यही धगुहरुले क्यता(गेडागुडी) १२ प्रकारका राख्ने गर्छ ।(हेर्नुहोस् चि.फ.सं.१९) यसकासाथै पर्वका लागि राजकर्णीकारहरुले घयू र सखरको झोल दान गर्न राखिन्छ ।[५४]

थकुजुजुले भान्छाको सबैकाम सकेपछि *लिख्य चायेकेगु* वा आजुहरुलाई स्वागत गर्न इल्हने ढुडगेधारा माथिको आशनमा पूर्व फर्केर बस्छ । हिरण्यवर्ण महाविहारका दशस्थविर आजुहरु १० जना, नायजहरु २० जना, अथबहालका थपाजु १ जना, मुबहाको थपाजु १ जना, बेताजु १ जनालाई थकुजुजुबाट विधिवत् *लिख्य चायेकेगु* (जल अभिशेक गर्ने) गर्छ ।(हेनुहोस् चि.फं.नं २०) त्यसपछि मुबहाःको थपाजुले कुन्हा कलश (पंचामृत, गाईको दुध, तिर्थजल आदि राखेको) र अथबहाका थपाजुले घण्टा लिएर संगै काहाबाजा, नाय्बाजा बजाएर सम्यक्

---

[५२] **उही,** २०६३ ।०५।२२ ।

[५३] शाक्य, **पूर्ववत्,** ( पा.टि.सं ७), पृ. ३३ ।

[५४] **उही,** पृ. ३४ । (बोडी, केराउ, मुगी, मास, लप्सी, सुकेको तामा, मूला, भट्मास, अदुवा, आदि )।

देवीदेवता भएको स्थानमा भुमिशोधन गर्न  जान्छन् । त्यहाँबाट फर्केपछि नायजुहरुलाई साखःति (सखरको झोल) खुवाउने चलन छ । यम्पीश्री महाविहार ईबहीको पञ्चस्थबीरलाई सम्यक् पालो लिने थकाली मान्छेबाट इल्हने देल्को चैत्य अगाडि *लिख्यचायेकेगु* गर्छ ।[५५]

त्यसपछि गुठीको तर्फबाट उपस्थित देवीदेवताहरुलाई पंचदान दिने गरिन्छ । प्रत्येक् देवी देवताहरुलाई *पनी सफुमा* उल्लेख भए अनुसार निस्चित रुपमा धान, चामल, चिउरा, बाजुमरी, मथमरी, लाहीमरी, सुमरी अञ्जुलीमा राखेर दान दिने गरिन्छ । त्यस्कासाथै नागबहालमा अवस्थित योसिं, निलथुसा, नागराज, देल्को देव, इलाननीको र भन्सारको गणेश, आदीलाई पनि दस्तुर अनुसार चढाइन्छ । आजुहरुलाई पनि दस्तुर अनुसार नै पञ्जरा दिन्छ ।(हेनुहोस् चि.फ.सं.२१ र २२)  सम्यक् कार्यमा सहभागी हुने सबै जनालाई पनी सफुमा भएको धल अनुसार नै दस्तुर दिइन्छ । उढाहरणको लागि पंचताल, भजन खलक, सुवा, सुवानकी, लकामी, बज्रकमी, चित्रकार, वेद पढ्ने ब्राम्हण, मोही, आदी सम्यक् कार्यमा सहभागी हुनेलाई दस्तुर अनुसार दिइन्छ । (हेनुहोस् परिशिष्ट घ) देवताहरुलाई बिदाइ दिन आजुहरुद्रारा पुनं एकचोटी उठेर काबाजाकासाथ भुमिशोधन गर्न जान्छन् । अन्तमा सम्पूर्ण देवताहरु नागबहालको उत्तरपटिको ढोकाबाट आपनो स्थानतिर फर्किन्छन् ।[५६] (हेर्नुहोस् चि.फ.सं.२३)

## ४.३. सम्यक् पछिका कार्यहरु :

सम्यक् पर्वको समापन पछि सम्यक् पूर्व ल्याइएका देवताहरुलाई पुनं आपनो स्थानमा फिर्ता लग्ने, योसिं निकाल्ने र क्षमा पूजा आदि गरिन्छ ।

### ४.३.१.यचिद्यः फिर्ता लग्ने :

सम्यक् पर्वको समापनपछि कार्यक्रममा विभिन्न ठाउबाट विधिवत् पूजा साधना गरी ल्याइएका देवताहरु फिर्ता लग्ने गरिन्छ । यस्कालागि फागुण शुक्ल पंचमीको दिनमा यचिद्यः फिर्ता ल्याउने गरिन्छ । यस कामकोलागि हिरण्यवर्ण महाविहारका चक्रेश्वर सहित १० जना

---

[५५] **उही,** पृ. ३३ ।

[५६] **उही,** पृ. ३४ ।

आजहरु, दिगीका २० जना आजहरु, अथबहाल र मुबहालका थपाजु २, चितिया २, बेताजु १, बहालपाला १, सहभागी हुन्छन् । भोलीपल्ट भलिंधः पूजा गरी भलिधः फिर्ता ल्याउने गर्छ ।[५७]

### ४.३.२. योंसि निकाल्ने (लिडगो ठड्याएको निकाल्ने)

सम्यक्को चार दिन पछि अर्थात फागुण शुक्ल सप्तमी दिनमा हिरण्यवर्ण महाविहारका ३० जना आजहरु, मुबहाल र अथबहालका थपाजु २ जना, भान्छे ४ जना, बेताजु १ जना, चितिया २ जना मिली सम्यक् निम्ती राखेको योंसी निकाल्ने कार्य गरिन्छ । यही दिनमा पर्वको कार्य सिद्धि भएको उपलक्ष्यमा चोभारसंगैको क्वयेना गणेशलाई पूजा गर्न जान्छ । हाल चोभारको गणेश साधना गरी तानेर पूल्चोकमा स्थापीत क्वयना गणेशलाई मात्र पूजा गर्ने गरेको पाइन्छ । यसबेला दशस्थविरआजु, बेताजु, मुबहालः, अथबहालका थपाजु र चितिया संगै पालाका गुरुहरु सहभागी भएर चर्या गीत गाउन आउछ । यो बेला देव १, थाप २, उपाध्या सफु १, चर्या सफु १, चकेश्वर १, बेताजु १, चितिया २, अथबहाल र मुबहालका थपाजु एक एक जना, पालाहरुको गुरुजु ८ जना, भान्छे ४, सुवा नकी २, लकामी २ र मिठाई बनाउनेहरुलाई प्रसाद ग्रहण गराइन्छ । क्वयना पूजा सकेपछि सिकाभु गरी फर्किनेबेला हिरण्यबर्ण महाबिहारका चकेश्वर, बेताजु र आठ जना गुरुजुहरु पूर्णचण्डी गएर लिख्यचाकेगु गरी कलं पूजा गर्छ । सम्यक् महोत्सव सम्पन्न खुसीयालीमा आमोद प्रमोद पूर्वक हुं हुं जोगाम्वर चर्या गाएर फर्किन्छ। यसरी फिर्ता आउने बेला चल्खु, नकबहील, इल्हने भान्सार, इलाननि, ससुननि, क्वबहाल, भएर अन्तमा दिगीमा गएर कलं पूजा गर्छ ।यसरी सम्यक्का सम्पूर्ण कार्य विधिवत् समापन गरिन्छ।[५८]

यसरी सम्यक् महादान पर्वको धार्मिक र साँस्कृतिक क्रियाकलाप परम्परागत अनुसार *पनि सफुमा* उल्लेख भए अनुसार विधिवत् नै गरेको पाइन्छ । वर्तमानमा केही फेरबदल वा बिकृति आएपनि मुख्य परम्परागत विधिलाई हटाएको पाइदैन् । यस पर्वलाई धार्मिक आस्थाको केन्द्र् मानेर सहगागीता भएको देखिन्छ । यस पर्वमा गुठीयारहरुका साथै अन्य सहायक सदस्यहरुको पनि उपस्थित भएको पाइन्छ ।

---

५७ **उही,**

५८ शाक्य, **पूर्ववत्,** (पा.टि.सं ५), पृ. ३०, ३१ ।

# पाँचौ अध्यायः

## सम्यक् पर्वमा प्रदर्शन गरिने कलाकृतिहरु :

सम्यक् पर्वमा बौद्ध कला, धर्म र संस्कृतिको प्रदर्शनी गरेको पाइन्छ । यस पर्वमा मुर्तिहरु २ फिट् देखी ६ फिट् सम्मका देवीदेवताहरु ल्याउने गरेको पाइन्छ । यसरी ठूला मूर्तिका रुपमा दिपंकरको मुर्तिहरु छन् भने सानो आकारमा पनि पूर्णकद्को दीपंकर, वशुन्धरा तथा आर्यताराका मुर्तिहरु बनाएको पाइन्छ । सम्यक्मा ल्याइने विभिन्न प्रकारका मूर्तिहरु मध्ये केहीको वर्णन निम्न अनुसार गर्न सकिन्छ ।

### ५.१. थासँद्यो (स्वयम्भू चैत्य) :

संस्कृत शब्द स्तुपलाई पाली भाषामा *थुवे* भनिएको पाइन्छ । स्तुपलाई चैत्य पनि भन्ने गरिन्छ । स्तुपको निर्माण विभिन्न उदेश्यले गरेको पाइन्छ । यो विशेष गरी शारिरीक, परिभोगिक र उद्देशिक वा धम्म स्तुप रुपमा बनाएको पाइन्छ । बौद्धग्रन्थमा बुद्धले महापरिनिवार्ण प्राप्त गरेपछि उनको अस्थिधातु विभाजन गरी आठ देशमा चैत्य वा स्तुपको निर्माण गरेका थिए । यसरी महान व्यक्तिको सम्भनामा शरीरका अस्थिधातु राखेर बनाएको चैत्यलाई शारीरिक चैत्य भनिन्छ । जस्तै काठ्माडौको स्वयम्भूनाथ र बौद्धनाथ  आदी । त्यस्तै बौद्ध साहित्यमा उल्लेख भए अनुसार महान व्यक्तिले प्रयोग गरेका सामानहरु (पुस्तक, चिवर, पात्र) आदिलाई पनि गर्भगृहमा राखेर परिभोगिक चैत्य बनाएको पाइन्छ । त्यस्तै बुद्धको सम्भनामा वा मृतकको सुखावतीभूवन लाभगर्ने कामना गरी बनाएको चैत्यलाई उद्देशिक स्तुप भनिन्छ । प्राचीन समयमा स्तुपको निर्माण गर्दा एक दिस्कोको रुपमा मात्र गरिन्थ्यो तर पछिल्लो समयमा स्तुपको माथि हार्मिका, त्रयोदशी भुवन, छत्रावली गजुर, आधार पेटी, प्रदक्षिण पथ, माणेहरु, पानस (वटि बाल्ने भाडाँ) र गर्भगृहमा गवाक्षहरु राखेर पंचध्यानी बुद्ध, बोधिसत्व र ताराहरु आदिको मूर्तिहरु पनि राख्ने गरेको पाइन्छ ।

नेपालमण्डल सर्वप्रथम स्वयम्भू धर्मधातुको उत्पति भएको स्थल हो । यही तथ्यको सम्भनामा बौद्ध धर्मावलम्वीहरु कुनै पनि संस्कार वा धार्मिक कार्य गर्दा स्वयम्भू धर्मधातुको प्रतिक स्वरुप चैत्यको स्थापना गरेर पूजागर्ने  परम्परा यथावत् पाइन्छ । पाटन इल्हनेमा प्रत्येक पाँच वर्षमा एक पल्ट आयोजना गरिने *इल्हने सम्यक् महादान पर्वमा* सर्वप्रथम थासद्योःको

रुपमा धातुको वा अन्यको स्वयम्भू चैत्यको स्वरुप बनाएर पूजा गर्ने चलन छ । सम्यक् दिनमा थासद्योंलाई पहिलो स्थानमा पस्चिम फर्काएर अन्य आमन्त्रीत देवताहरुसंगै राख्ने गरिन्छ ।[१]

## ५.२. वशुन्धरा :

बौद्ध समाजमा बुद्धको जननीका रुपमा वशुन्धरादेवीलाई पूजा गर्ने चलन छ । संस्कृतको वशुन्धरा शब्द वशु र धरा मिलेर बनेको छ । वशुको अर्थ धन द्रब्य वा हिरा मणि सुन आदी र धरा को अर्थ धारण गरेकी हुन्छ । वशुन्धरादेवीको शरीरमा विभिन्न आभूषणहरु धारण गरेकी बाट वशुन्धरा नाम भएको भन्ने मान्यता पनि छ ।[२] वशुन्धरालाई पृथ्वीमाता प्रतिक भनेर पनि पूजा गर्ने चलन छ । वशु शब्दलाई अष्टवशु वा अष्टमातृकाको रुपमा र धरालाई जलको रुपमा वशुन्धरा देवीलाई पूजा गर्ने चलन छ । महायान धर्ममा वशुन्धरालाई कुवेर माता वा जम्भल वा जलेन्द्रकी पत्नी वा धनधान्यकी देवीको रुपमा पनि पूजा गरिन्छ । यिनले हातमा प्रज्ञापारमिता पुस्तक धारण गरेकोले ज्ञानकीदेवी भनिन्छ । हिन्दु मान्यता अनुसार वशुन्धरालाई भूदेवी वा भूमिदेवी भनिन्छ । यिनको पूजा, प्रार्थना र गतिला ब्रत वा तिला ब्रत बस्नाले मानिस धनवान, प्रज्ञावान र इच्छा पूर्ति हुने विश्वास गरिन्छ ।[३]

वशुन्धरा देवीको एक वा त्रिमुख रुपहरु छन् । यिनको एकमुख रुपको बनाउदा पहेलो वर्णको मात्र बनाइन्छ भने त्रिमुख बनाउदा सुर्यको किरणले पृथ्वीमा आएको रंग अनुसार पीतवर्ण, फिक्का रातो कुमकुमवर्ण र रक्तवर्ण गरी बनाइन्छ जसलाई त्रिकाल प्रतिनिधित्वगर्ने त्रि(स्वरुप) मानिन्छ । यिनलाई प्रभातकालमा कुमकुमवर्णकी महालक्ष्मीको रुपमा, मध्यान्हकालमा पीतवर्णकी वशुन्धरा र सन्ध्याकालमा रक्तवर्णकी कौमारीको रुपमा पूजीने परम्परा छ । यिनको दायाँ फिक्का रातो मुख सृष्टिको रुपमा, विचको पीतवर्णमुख स्थितिको स्वरुपमा र बायाँको गाढा रातो वर्णमुख संहारको रुपमा मानिन्छ ।[४] त्यस्तै बसुन्धरादेवीलाई प्रभातमा बालकुमारी, मध्यान्नमा महालक्ष्मी र सन्ध्यामा वाराहीको रुपमा पनि पूजा गर्ने चलन छ । साधनमाला अनुसार वशुन्धरालाई अक्ष्योभ्य तथागतबाट उभ्योदय भएको मानिन्छ भने विनयतोसमा

---

[१] बेताजु **चक्रराज बज्राचार्य**संग कुराकानीबाट प्राप्त जानकारी । (२०६३ ।०५।२२) ।

[२] महेन्द्र रत्न शाक्य, **बसुन्धरादेवी छगू अध्ययन,** (ललितपुर : लोटस रिर्सच सेन्टर, २०५१), पृ.२ ।

[३] मिलन शाक्य, *वशुन्धरा बुद्धिष्ट गदेश अफ एबुदेन्स,* **त्रि-बोधि**, भोल.२, (२०५९), पृ.७ ।

रत्नसंभवबाट भएको मानिन्छ । वशुन्धरादेवीको स्वरुप बनाउदा षोडसीवर्णकी मुसुमुसु हाँसेकी, कमलको फुलमाथि ललितासनमा बसेको बनाइन्छ । यिनले छ वटा हातहरुमा दायाँ हातमा जपमाला, रत्नमन्जरी र बरद मुद्रामा हुन्छ भने बाँया हातहरुमा प्रज्ञापुस्तक, धान्यमन्जरी र पूर्णकलश धारण गरेकी हुन्छ ।[५] यस्कासाथै यिनले अर्धबज्रपरंकासन बसेर दाँया खुटाले कलशमाथि राखेको शंखमा टेकेकी हुन्छ ।

बौद्ध देवी देवताहरुलाई मुख्य गरी शरीरको पाँच ठाँउमा आभूषण लगाउने गरिन्छ । जस्तै चकि, कुण्डल, कण्ठि, रुचक, मेखला र बस्त्रको रुपमा खास्टो, चोलो, घाङ्गर, जामा आदी लगाउने गर्दछ । बसुन्धरादेवीले आठ प्रकारका गहना र पाँच प्रकारका बस्त्र लगाएको पाइन्छ । यिनले शिरोभागमा अक्ष्योभ्यको मूर्ति (निलो बुद्ध) भएको मुकुट धारण गरेकी हुन्छ ।त्यसकारण यिनको अक्ष्योभ्यबुद्धबाट अभ्योदय भएको मानिन्छ । यस्का साथै कानमा कुण्डल, घाँटिमा कण्ठी र रत्नमाला, हातमा बाजु र चुरा, कम्मरमा मोतीको कि.कि.जाल र खुटामा पाउजु लगाएकी हुन्छ । त्यस्तै शरीरमा जामा, लुगा, खास्तो, मेखला आदि लगाएको हुन्छ ।[६]

काठमाडौ, ललितपुर, र भक्तपुरमा आयोजना हुने सम्यक् महोत्सवमा वशुन्धरादेवीको उपस्थिति अनिवार्य हुन्छ । ललितपुरको नागबहालमा मनाइने इल्हने सम्यक् महादान पर्वको चार दिन अगाडि पाटन जेष्ठवर्ण महाविहार टंगलबहालका वशुन्धरादेवीलाई विधिपूर्वक निमन्त्रणा दिइन्छ । फाल्गुण शुक्ल तृतियाको दिनमा बिहान यिनको कलं पूजा गरिन्छ र राति विभिन्न बाजागाजाका साथ स्त्रोत्र वाचन गरी काठको खट्मा राखेर जात्रा गरी सम्यक् स्थलमा पस्चिम फर्काएर राख्ने गरेको पाइन्छ ।[७] (हेर्नुहोस् चि.फ.नं.२४)

## ५.३. दीपंकर बुद्धः

---

४ रञ्जना, बज्राचार्य, **जेष्ठवर्ण महाविहार,** ( ललितपुर : आशारत्न धाख्वा, २०६०), पृ. २० ।

५ शाक्य, **पूर्ववत्,** (पा.टि.सं.३), पृ. ७ ।

६ शाक्य, **पूर्ववत्,** (पा.टि.सं २), पृ. २७, २८ ।

७ बज्राचार्य, **पूर्ववत्,** (पा.टि.सं ४), पृ. २७ ।

काठ्माडौ उपत्यकामा सम्यक् पर्व मनाउदा अतित बुद्ध प्रतिनिधित्वको रुपमा दीपंकर तथागतलाई सम्मान तथा दानधर्म गरेको पाइन्छ । प्राचीन समयमा दीपंकर बुद्धले दीपावती नगरको प्रसन्नशील महाविहारमा बसेर लोक हितको लागि धर्मोपदेश दिई रहेको बेला शाक्यमुनी बुद्ध बोधिसत्व सुमेध कुमार रुपमा जन्म लिई राखेका थिए । सुमेध कुमारले बाटो बनाइराखेको बेलामा दीपंकर तथागत  त्यही बाटो भएर आउनु भएछ । दीपंकर बुद्धलाई हिलो नलागोस् भनि सुमेध कुमार बाटोमा पल्टीदिएछ । यो दृश्य देखेर दीपंकर बुद्धले सुमेध कुमारलाई भविष्यमा शाक्यमुनी बुद्ध हुने भविष्यवाणी गरेका थिए । त्यसैले दीपंकर बुद्धलाई शाक्यमुनी बुद्धको पूर्व जन्मको गुरुको रुपमा मानेर हालसम्म पनि पूजा तथा दानधर्म गर्ने चलन यथावत पाइन्छ ।[८]

त्यस्तै बौद्धग्रन्थ कपिसावदान अनुसार सर्वानन्द राजाले दीपंकर बुद्धको उपदेशबाट प्रभावित भएर श्रावण शुक्ल अष्टमीको दिनमा दीपावती नगरमा दानशालाको आयोजना गरी दीपंकर बुद्ध, आर्यसंघलाई सम्यक्दान, पिण्डपात्रसहित भोजन गराउने संकल्प गरेर तीन पल्ट सम्म सम्यक्दान, नवदान र पंचदान गरेको उल्लेख पाइन्छ ।[९] त्यही दानशालामा एक गरीब थकुमती नाम गरेकी शाक्य कन्याले पनि कष्टगरी कमाएको अन्न गहुको क्षीर (तस्मी) बनाएर पिण्डपात्रमा राखी दीपंकर बुद्धलाई दान दिएका थिए ।[१०] तर दीपंकर बुद्धले राजा सर्वानन्दको दान भन्दा नकीजुको दान उत्तम मानेर सर्वप्रथम उनीबाटै दान लिएछ । पछि राजाले पनि मेहनत गरी धन कमाएर दीपंकर बुद्धलाई दान दिएको उल्लेख पाइन्छ । यही दिनको सम्झनामा हालसम्म पनि श्रावण शुक्ल अष्टमीको दिनमा ललितपुरमा पंचदान दिने चलन छ । त्यसकारण पाटनमा पंचदान, नवदान, गुला धर्ममा सम्यक् महादान पर्वमा दीपंकर बुद्धको मूर्ति प्रर्दशन गरी पूजा र दान दिने चलन छ ।[११]

दीपंकर बुद्धलाई जनबोलीमा समेद्य, कुयाँपाजु, चकंद्य, आजुद्यःको नामले पनि सम्वोधन गरिन्छ । दीपंकर बुद्धको समेद्यः नाम सम्यक् देवताबाट अपभ्रशं भएर रहन गएको भनाई पाइन्छ

---

[८] हेराकाजी बज्राचार्य, **गुइतःया वही विहार संघ**, (यल : दीपावती पुस्तकालय, २०५६), पृ. ४७ ।

[९] **उही,** पृ. ४९ ।

[१०] आशाकाजि बज्राचार्य, **नेपालवर्ष किया नखः चखः पुस्तकम्,** (यल : आशाकाजि बज्राचार्य, २०४४), पृ. ५४ ।

[११] हेमराज शाक्य, **सम्यक् महादान गुठी**, (काठ्माडौ : जगतधर तुलाधर, २०३६ ), पृ. ९  ।

। त्यस्तै सम्यक् पर्वमा आउदा दीपंकरको मूर्ति भित्र मान्छे बसेर बोकेर ल्याउने भएकोले नेवारी भाषा कुबिया (बोकेर) ल्याउने आजुबाट  अपभ्रंस भएर कुयाँपाजु भएको पाइन्छ । यस्कासाथै सम्यक् पर्वमा आउदा हिडेर वा चंक्रमण गरी आउने भएकोले दीपंकरलाई चंक्रमण देवताबाट अपभ्रशं भएर चकंद्य नाम रहन गएको भनाई पाइन्छ । त्यस्तै भगवान बुद्धलाई र दशपारमिता पूर्ण भएका संघका मूलदेवतालाई आर्यजु भनेर संम्बोधन गरिनेबाट दीपंकरको नाम आजुद्यः रहन गएको पनि पाइन्छ ।[१२]

सम्यक् पर्वको सधर्म चित्त उत्पन्न भई आयोजना गर्ने दाताले सर्वप्रथम ठूलो दीपंकरको मुर्ति र ताराको मुर्ति बनाइन्छ । दीपंकरको ठूलो  मूर्ति बनाउदा टाउको र दुई हात मात्र बनाउने गरिन्छ, खुटा बनाउने गदैन तर सानो आकारको बनाएमा पुरा शरीर भएको बनाइन्छ ।(हेर्नुहोस् चि.फ.सं.९) पूर्व मध्यकालमा दीपंकरको मूर्ति बनाउदा माटोको बनाउने गर्दथ्यो । टाउको साधारण मान्छेको जतिको मात्र बनाइन्थ्यो । दीपंकरको शिरमा पंचबुद्धको मुकुट, इयू ( निलो) हिरा र मुगा आदी आभूषणहरुको प्रयोग गरिएको पाइदैन । मूर्ति साधारण एवं स्वभाविक खालको मात्र बनाउने गरिन्थ्यो । मल्लकालमा आएर तामा वा पितलको बनाएर त्यसमा सुनको लेपन गरी बदी आभूषणयुक्त बनाउने गरेको पाइन्छ । दीपंकरको शिरोभाग र हातहरु साधारण मानिसको भन्दा ठूलो आकारको र सिरमा पंचबुद्ध मुकुट, मुगा र इयू(निलो) हिरा, सिक्री आदि बहुमुल्य पत्थरहरु जडित गरिएको पाइन्छ । दीपंकरको दायाँ हात अभय मुद्र्मा र बायाँ हात बरद मुद्रामा बनाउने गरिन्छ । शरीरको अन्य भाग धातु, बास, काठ, डोको (जाली) आदी बनाएको हुन्छ । (हेर्नुहोस् चि.फ.सं.२५)  मूर्तिको भित्री भाग खोक्रो हुन्छ र बाहिरबाट काषाय बस्त्र, गहना र फुलमाला आदीले छोपेको हुन्छ । मूर्तिको छातिनिर दुई वटा प्वाँल बनाएको हुन्छ । दीपंकरलाई चंक्रमन गराउने बेला मान्छे मूर्तिको भित्र बसेर छातिनिर राखेको दुइवटा प्वाँलबाट बाहिर हेरेर हिड्ने गरिन्छ । दीपंकरलाई बाहिरबाट पनि दायाँ र बायाँ अन्य मानिसहरुले समातेर हिडाउने गर्दछ ।[१३] सम्यक् पर्वमा सहभागी दीपंकरको पछाडि डण्डी सहितको छत्र ओडाएर ल्याउने गरिन्छ । यो छत्र विशेष प्रकारको कपडामा विभिन्न चित्रहरु र

---

१२ **उही,** पृ. ७५, ७६ ।

१३ श्रीजना शाक्य, **यल पंचदानको एक सास्कृतिक अध्ययन**, (अप्रकाशित शोधपत्र :एम.ए, त्रि.वि, २०४६), पृ. ६५, ६६ ।

लिपि भएको, तल भल्लर बनाएको र माथि शिखरमा चैत्य वा गजुर राखेको पाइन्छ ।[१४] यसरी छत्रमा सम्यक् मनाएको प्रतिक स्वरुप विभिन्न तहहरु बनाएको हुन्छ । जस्तै तीन तहको भएमा तीन पल्ट सम्म सम्यक् पर्व आयोजना गरेको हुन्छ ।

दीपंकरको शिरोभागमा मुकुट, मटु, छत्र, किकिंपा, बेताची, टिका (हिराको) आदि लगाउने गरिन्छ । कार्णभूषणको रुपमा कुण्डल, पेठी, दिग्पत्ता आदि लगाउने गरिन्छ । ह्दियभूषणको रुपमा कण्ठी, मोहमाला(मोहरको माला), ह्दियफो, सिख(सिक्री), जन्त्र, वंगलसिमाला, अम्बुकमाला, मुगा वा इयूको माला, गुणकेशरी फूलको माला आदि लगाउने गरेको पाइन्छ तर हातमा र पादमा आभूषण हुदैन ।[१५] दीपंकरको हातमा च्वामों (चमर) र दण्डी हुन्छ ।[१६] (हेर्नुहोस् चि.फ.नं.२६) दीपंकरको पुरा शरिर ढाक्ने तामा वा चाँदीको पता बुटाँ काटि सुनको लेपन गरिएको हुन्छ, जसलाई हेगा भनिन्छ । कम्मर देखी तल सम्म लगाईने विशेष प्रकारको लुगालाई जामा भनिन्छ । यो कपडा विशेष प्रकारको क्वेची (चिनिया कपडा) वा तासको कपडाबाट बनेको हुन्छ । हाल दीपंकरलाई पंचरंगको काश्यावस्त्र खास्टो ओडाउने चलन पनि छ ।[१७]

## ५.४. आर्यतारा :

बौद्ध धर्ममा महाकरुणा तथा दुःख, भय निवारण गर्न आर्यताराको उत्पति भएको मानिन्छ । आर्यतारलाई बुद्ध बोधिसत्वको जननी रुपमा पनि पूजा गरिन्छ । यिनलाई पंचतथागत मध्ये उत्तर दिशामा राखिने अमोघसिद्धि कुलबाट उत्पन्न भएको मानिन्छ । ताराहरु अवलोकितेश्वरका सक्तिका रुप मानिन्छ । बौद्ध धर्ममा एकविम्सती वा एक्काइस किसिमका ताराहरु स्वरुप बनाइने चलन छ । ती मध्ये स्वेततारा र हरिततारा प्रमुख छन् । स्वेततारा

---

ज्ञढ हेराकाजी बज्राचार्य र बज्राचार्य दिपक, **नेवा बौद्ध पूजा कियाय् छ्यला नाला वयाच्वंगु हलंज्वलं विवरण पुस्तिका,** ( यल : विश्व शान्ति पुस्तकालय, २०५१), पृ. ३९ ।

१५ आनन्दवीर बज्राचार्य, *बौद्ध देवीदेवताका आभूषण एक अध्ययन,* **पलेस्वाँ**, अंक १९, (२०५८), पृ. ७ ।

१६ रञ्जना धाख्वा, **रोल अफ दी हिरण्यवर्ण महाविहार इन सोसिल कल्चरल लाइफ अफ दी बुद्धिष्ट नेवार अफ पाटन**, (अप्रकाशित विद्यावारिधि शोधपत्र : त्रि.वि, २०५०), पृ. १५९ ।

१७ **हेराकाजी बज्राचार्य**संग कुराकानीबाट प्राप्त जानकारी । २०६३ ।०४।२२ ।

भन्नाले सप्तलोचनी हुन्  यिनलाई चीनकी राजकुमारी वेनच्याङ पनि भनिन्छ भने हरितताराका रुपमा भृकुतीलाई मान्ने चलन पनि छ ।

साधनमालाका अनुसार आर्यतारा ललितासनमा बसेकी, दायाँ हात अभय मुद्रामा र बायाँ हात वरद मुद्रामा नीलो उत्पलको कमलको डाँठ समातकी र उक्त फुल देवीको काँदमा गएर फर्केको हुन्छ ।[१८]

---

[१८] विनयतोस भटाचार्य, **दी इन्दीयन बुद्धिष्ट आइकनोग्राफी**, (कल्कत्ता : फिर्मा के.एल.मुखोपाध्याय, १९६८), पृ. ५६ ।

# छैठौं अध्याय :

## सम्यक् पर्वमा प्रयोग गरिने आवश्यक सामग्रीहरु :

बौद्ध धर्मावलम्वीहरुले इल्हने सम्यक् महादान पर्वलाई धार्मिक र साँस्कृतिक विधि अनुसार परम्परागत रुपमा मनाउने गरिन्छ । यस पर्वमा प्रत्येक कार्यको थालनी गर्नु पूर्व विधिवत् पूजा गरिन्छ । सम्यक् पर्वको थालनी गर्न नैरात्म्य गुहेश्वरीको पूजा, मिठाई बनाउदा नासद्यःपूजा, नागको जीवन्यास राख्दा कलश पूजा, गणेश पूजा, वशुन्धरा पूजा, दिगी पूजा, होम गर्ने आदि विशेष पूजा गरिन्छ । यसका साथै निमन्त्रणा जानेबेला आजुहरुले पनि विशेष प्रकारको लुगा, टोपी, छत्र ओढने गरेको पाइन्छ । आजुहरुलाई पनि अन्य देवताहरुलाई जस्तै विधिवत् लिख्य चायकेगु वा स्वागत गरिन्छ । यस पर्वमा पूजा तथा अन्य कार्यमा प्रयोग गरिने केही आवश्यक सामग्रीहरुको बारेमा जानकारी यस प्रकारका छन् ।

### ६.१. आजुहरुले प्रयोग गरिने वस्त्राभूषण :

बौद्ध विहारका वज्रयानी आजुहरुले विभिन्न धार्मिक कार्य र महोत्सव समारोहमा पूजा गर्दा विशेष प्रकारको लुगा, टोपी, र छत्र ओढेर आउने गरिन्छ । जसलाई नेवारीमा *स्वाच वा आजुलः, उद्यों तपुली* र *आजु छत्र* भनिन्छ । सम्यक् पर्वमा पनि आजुहरु निमन्त्रणा जाँदा र सम्यक् पर्वमा सहभागी हुदा यस प्रकारको परिवेशमा आगमण हुन्छ । आजु लः वा आजुको लुगा विशेष प्रकारको क्वेची कपडा वा चिनिया कपडाबाट लामो भोटो जस्तो र बाहुला ठुलो बनाएको हुन्छ । तल्लो भागमा सेतो जामा लगाउने गरिन्छ । त्यस्तै शिरोभागमा उद्यों तपुली(आजु टोपी) लगाउने गरिन्छ । यस्को अघिल्लो भागमा वज्रसत्व मूर्ति र माथि टुप्पोमा बिश्ववज्र राखिएको हुन्छ ।(हेर्नुहोस् चि.फ.सं.२०) त्यस्तै आजु छत्रमा रञ्जना लिपीमा मन्त्र अंकित गरिएको र घेरामा झल्लर हालेको हुन्छ । छत्रको टुप्पोमा धातुको चैत्य राखेको हुन्छ ।[५९]

### ६.२. पूजा सामाग्रीहरु :

गुह्यपूजा, कुमारीपूजा, पीठपीठादि देवताहरु पूजा गर्दा विधिवत् आवश्यक सामाग्रीहरु राखी कलं पूजा गरिन्छ । सम्यक् पर्वमा श्री नैरात्मा गुहेश्वरी पूजा, नासद्यः, क्वाबहाः पूजा, वतातले, दिगीमा पूजा, वशुन्धरा पूजा, गणेश पूजा र पूर्णचण्डी पूजा आदि ठाँउमा कलं पूजा गरिन्छ । कलं पूजामा प्रयोग गरिने सामाग्रीहरु निम्न प्रकारका छन् ।[५९]

### ६.२.१. कलं पूजाका सामग्रीहरु :

देवीदेवतालाई पूजा सत्कार गर्दा आवश्यक सामाग्री चामल, सिंन्दुर, फूलमाला, नैवद्य, फलफूल, दियो, धूप, दक्षिणा आदि राख्ने भाडाँलाई *पूजाभः* (पूजाभाण्ड) भनिन्छ । यो भाडाँ पितल वा तामाबाट बनेको थाल वा रिकापी जस्तो हुन्छ । यस पूजा भाण्डमा पहेलो र सुन्तला रंगको सिन्दुर राख्ने भाडो पनि राखिन्छ जसलाई नेवारीमा *कायभ* वा कायगोचा भनिन्छ । त्यस्तै नैवद्य राख्नेलाई *नैवद्य ख्वाला* भनिन्छ ।[५९] यस कलं पूजामा समेबजी (चिउरा, कालो भट्मास, अदुवा, बोडी, बारा, फुल, माछा, मासु, तोरीको साग आदि), जाँड, रक्सी, खाय (दही वा दुधमा नुन र तेल राखी बनाएको झोल पदार्थ) आदि राख्ने गरिन्छ । यी खाद्यान्न राख्ने भाडाँहरुको नाम पनि अलग अलग छन् । जस्तै समेबजी राख्ने भाडोलाई *समय् थल* भनिन्छ । खाय राख्ने भाडोलाई *खायकुली* भनिन्छ । खायकुलीको माथि अण्डा, माछा र मासु राख्ने अर्को भाडाँ पनि राखिन्छ जसलाई *खाय्पा* भनिन्छ । त्यस्तै जाँड राख्ने भाडोलाई *धालचा* (सुराई जस्तो सानो आकारको ) भनिन्छ । अन्ती वा रक्सी राख्ने विशेष भाडोलाई *थ्याकाचा* (करुवा जस्तो तर लामो आकारको) भनिन्छ ।[५९] उक्त सामग्रीहरुलाई विशेष प्रकारको पितल वा बाँस आदिबाट बनेको बाल्टीन जस्तो भाडाँ कलंभित्र राखिन्छ । कलंको माथि पूजाभः वा पूजाभाण्ड राख्ने गरिन्छ ।

### ६.२.२. कलश पूजा सामग्रीहरु :

नागबहालमा नयाँ नागको जीवन्यास राख्दा नाग गुरुजु (नाग पूजाको विशेष पुरेत) र सम्यक् पर्वका संचालक थकालीसंगै बसेर *कलश पूजा* गरिन्छ । यस पूजामा आफ्नो शरीर शुद्धकासाथै देवी देवतालाई स्नान गराउन प्रयोग गरिने शुद्ध जल राखिन्छ यस भाँडोलाई नेवारीमा *नील: थल* भनिन्छ । कलश पूजामा सम्वन्धीत देवीदेवताहरुलाई आव्हान वा साधना गरी राखेको धातुको पानी राख्ने भाडाँलाई *पूर्ण कलश* भनिन्छ । यस पूर्ण कलश माथि *दाफो स्वा कचा*(जपाकुसुम) हागाँ समेत भएको र *किसली* (माटोको सानो पालामा चामल, सुपारी र

दक्षिणा राखेको) राखेको हुन्छ । यसरी कलश पूजामा देवतालाई सत्कार गरेको स्वरुपमा कलशमाथि कपडाको पाँच प्रकारको (हरियो, रातो, पहेलो ,निलो, र सेतो ) कपडाको तह तहको गोलो चक्कामा झल्लर राखेर बनाएको छत्रलाई *न्यात छत्र* (पाँच तहको छत्र) भनिन्छ ।[५९] (हेनुहोस् चि.फ.सं.१३) वज्रयान पूजा गुह्य पूजा, र कलश पूजा गर्दा पनि *वज्र घण्टा* को प्रयोग गरिन्छ । वज्रावली, चक्रावली, किडिकनीजाल, हारार्द्धहार र अष्टदल पदम अंकित चैत्य आकारमा शिरोभागमा अर्धबज्राकिंत, अष्टधातु बोटि मिलाएर बनाएको मधुर ध्वनी आउने गुभाजुले हातले बजाउनेलाई वज्रघण्टा भनिन्छ । कलश पूजाका साथै भूमिशोधन गर्दा वज्र घण्टको प्रयोग गरेको पाइन्छ ।[५९] कलशादि पूजा गर्दा ज्वालान्हायक् र *सिन्हःमू*को पनि प्रयोग गरेको पाइन्छ । सिन्हमू भन्नाले धातु वा चाँदीको पाँच तहको चैत्य आकारको र गर्भ गृहमा सिन्दुर राख्ने बट्टा भएको भाँडो हो । (हेनुहोस् चि.फ.सं.१३) त्यस्तै ज्वालान्हायक भन्नाले धातु वा चाँदीको चैत्य आकारको चारैतिर ज्वाला बुट्टा भएको बिचमा धातुकै ऐना भएको हो । यस पूजामा देवीदेवतालाई देखाउने र आफू पनि हेर्न आर्दश ज्ञानको प्रतिक रुपमा प्रयोग गरिन्छ ।[५९]

**६.२.३. द्य : दुकायेगु पूजा सामग्रीहरु :**

फाल्गुण शुक्ल तृतियाको दिनमा सम्यक् पर्वमा आमन्त्रीत सम्पूर्ण देवी देवताहरुलाई नागबहालको दक्षिण द्वारमा गुरुजुद्वारा विधिवत् पूजा गरी द्यः दुकायेगु वा स्वागत गरिन्छ ।

**६.२.३.१. इलाँ :**

*इलाँ* भनेको देवी देवताहरुलाई सम्मानको रुपमा माथि राख्ने चारपाते झल्लर भएको कपडा वा पातालाई भनिन्छ । इतिल्हनेमा मनाइने सम्यक्मा स्वागत(*लशकुश)* गर्न मुख्य दिनको एक दिन अगाडि नै *इला प्यनी* भनेर कपडाको चइवा राख्ने चलन छ ।[५९]

**६.२.३.२. द्वाल्या कलश :**

बौद्ध परम्परा अनुसार विभिन्न धार्मिक साँस्कृतिक कार्यहरु थालनी गर्दा र स्वागत गर्नेबेलामा स्वागत द्रारको दायाँ बायाँ दुईवटा धातुको घडामा पानी भरेर *कलश* बनाएर, दहीको कटिरो कपडाले बेरेर श्रृंगार गरी राख्ने चलन छ । त्यसलाई *द्वाल्या कलश* भनिन्छ । यस सम्यक् पर्वमा आमन्त्रित देवीदेवताहरुलाई स्वागत गर्ने बेलमा नागबहालको दक्षिण ढोकाको दायाँबायाँ

दुईवटा द्वाल्या कलश स्थापना गरिन्छ । द्वाल्या कलश थाम्न त्रिखुटीको प्रयोग गरिन्छ त्यसलाई *मयू* भनिन्छ । यो धातुको तिनवटा खुटा वा डण्डी भएको गोलो आकारको हुन्छ ।[५९]

**६.२.३.३. द्य : दुकायेगु :**

सम्यक् पर्वमा देवी देवताहरुलाई आठजना गुरुजु र दुई जना सुवानकीं(भाछाको कामगर्ने आइमाईहरु) बसेर विधिपूर्वक स्वागत गरिन्छ । जसलाई द्यः दुकायेगु भनिन्छ । यसरी विधिवत् स्वागत गर्दा धातु वा काठको *सिफं* (पाथि)मा चामल, फूल, उख्खु, सर्स्यू, रायो आदि राखेर गरिन्छ । माटोको सानो भाडाँमा (सलिचा)मा आगो राखेर स्वागत गरिन्छ । यसरी सम्यक्मा स्वागत गर्दा देवी देवताहरुलाई वस्त्रको प्रतिक रुपमा *जजंका* वा जनैसुत्र दिने गरिन्छ । जजंका कचिका (काचोधागो)लाई तीन पल्ट बेरेर रातो कपडाको सानो टुका राखेर बनाएको हुन्छ । यसरी स्वागत गर्ने क्रममा देवतालाई *च्वामो* वा चमरले हम्किरहेको हुन्छ ।[५९] यस्का साथै देवीदेवताहरुलाई बास्नाको लागि धुप वा गुंगु पनि बाल्ने गरिन्छ । यस गुगु बाल्ने भाडोलाई *गुंगु मक* भनिन्छ । यो *गुंगु मकल* माटोको अथवा धातुको कलात्मक बुटाले बनाइएको हुन्छ । यस्कासाथै नरकटलाई चिरेर कपडा वा कपासले बेरेर मुठा बनाएका *तिप्वां* बटि बाल्ने गरिन्छ ।[५९] कुनै पनि धार्मिक पूजाको शुरुवात गर्दा सूर्य वा दीपलाई साक्षि राखेर कार्यसिद्धि र मंगलकामनाका लागि प्रतिक रुपमा *सुकुन्दा* राख्ने चलन छ । यस सुकुण्डामा गणेशको मूर्ति, नागको छत्र ओडेको कलश अकारको र तेल राखेर बत्ति बाल्न बनाएको हुन्छ । सम्यक्मा स्वागत गर्नेबेला सुकुन्दामा बत्ति बालेर अगाडि राखिन्छ ।

**६.२.४. लिख्य चायेकेगु पूजा सामग्री :**

*लिख्य चायकेगु* भन्नाले विशिष्ट व्यक्तिहरुलाई सम्मान दिन जल अभिषेक गरि वा खुटा धोएर स्वागत गर्ने कृयालाई भनिन्छ । सम्यक् पर्वमा पनि हिरण्यवर्ण महाविहारका दशपारमिताका प्रतिक स्वरुपमा रहेका दश जनाआजुहरु र बिस (२०) जना स्थविरहरुलाई थकुजुजु (मल्ल राजा)ले नागबहालको ढुङ्गेधारामाथिको उत्तरपूर्वमा अवस्थित मण्डपनिर पूर्व फर्केर बसेर विधिपूर्वक *लिख्य चायेकेगु* क्रिया गरिन्छ । आजुहरु आएपछि *स्वपु* (काठको पिर्का)मा

सेतो कपडा ओछ्याइन्छ र त्यसमाथि आजु उभिन्छ र एउटा पूजाको थालमा अक्षता, रातो सिन्दुर, फूल, दक्षिणा आदि राखेर आजुहरुको खुट्टामा पूजा गरिन्छ । त्यसपछि *झारी* (सुराई जस्तो अलि लामो भाडो) मा राखेको पंचामृत (गाईको दुध, तीर्थजल, शुद्ध पानी) अलि अलि शंखमा राखेर आजुको खुटा धुने गरिन्छ । यसरी अर्घ दिदाको पानी तामाको गोलो थाल *क्वाला* राखिन्छ र त्यस पानीलाई थकुजुजुले जलको रुपमा आपनो शरीरमा छर्कीने गरिन्छ ।[५९] (हेर्नुहोस् चि.फ.सं २०)

## ६.५. अन्य आवश्यक सामाग्रीहरु :

यसरी सम्यक् पर्वमा धार्मिक सामग्रीहरुका साथै अन्य सामग्रीहरुको पनि प्रयोग भएको पाइन्छ । उदाहरणका लागि मिठाई बनाउदा जसी (ठूलो गहिरो कराई), बाटा, झाझर, दारु पन्यू आदिको पनि प्रयोग हुन्छ । त्यस्तै  निमन्त्रणा जादा पिण्डपात्र, माटो वा धातुको भाँडामा घ्यू र बत्ति राखेर बनाएकोलाई *घ्यो देवा,* डालो आदि प्रयोग गरिन्छ । होम गर्दा नागको चित्र भएको माटोको सानो घैटा जस्तो भाँडा प्रयोग गरिन्छ जसलाई नाग कुलिचा वा *नाग क्वं* भनिन्छ । यसमा पूजा गर्ने बेला गाईको दुध राख्ने गरिन्छ । यसको माथि नाग छत्रको रुपमा सेतो कागजको छाता बनाएर राख्ने गरिन्छ । जसलाई *नागछत्र* भनिन्छ ।[५९] साथै रक्षकको रुपमा यक्ष यक्षिणी अनुहार चित्र भएको माटोको भाँडामा पूजा गरिन्छ । यी सामग्रीहरुका साथै देवीदेवता जात्रा गरि सम्यक् स्थलमा ल्याइदा र सम्यक् पर्व मनाउने मुख्य दिनमा पनि विभिन्न बाजाहरु पंचताल, कावाजा आदिको प्रयोग गरेको पाइन्छ ।

यस प्रकार सम्यक् पर्वमा परम्परागत संस्कारका अनुसार विधिवत् धार्मिक पूजाआजा गरि मनाइन्छ । प्राचीन समयमा प्रयोग गरेका विधिलाई निरन्तरता दिएको पाइन्छ । यी पूजाहरु विशेष गरी वज्रयानी परम्परा अनुसार नै भएको पाइन्छ । प्रत्येक पूजामा वज्रयानी गुरुजुहरुबाटै भएको पाइन्छ । सम्यक पर्वका थकाली वा मुख्य सदस्यको पूजामा सहभागिता अनिवार्य देखिन्छ । यसकासाथै सम्यक् पर्वका संस्थापक भलिभारो (मल्ल राजा) वंशजहरुबाट नै लिख्यचायेकेगु गर्ने प्रथा यथावत नै पाइन्छ । यसरी पूजा तथा संस्कारकासाथै प्राचीन भाडाँहरु सिद्ध गएको भनि जमिनमा गडेको अवस्थामा रहेका भाडाहरुलाई पनि पूजा गर्ने चलन छ । उदाहरणकोलागि नागबहालको भंसारमा अवस्थित जसि(ठूलो कराई), ईटा, दाउरा आदि ।

# सातौं अध्याय :

## उपसंहार :

बौद्ध धर्मावलम्वीहरुले पाटनको इल्हने सम्यक् महादान महत्वपूर्ण पर्वका रुपमा  मनाइन्छ। यस पर्वको साँस्कृतिक पक्षको अध्ययन गर्दा सर्वप्रथम बुद्धधर्मको इतिहासमा सम्यक् महादानको अवधारणालाई प्रकाशित पार्नु उपयुक्त हुन्छ। सम्यक् पर्वको अवधारणा वास्तवमा गौतमबुद्धको जीवनकाल देखिनै प्रचलित रहेको देखिन्छ। गौतमबुद्धको जन्म वर्तमान नेपालको लुम्बिनीमा आजभन्दा २५५० वर्ष अगाडि कपिलवस्तुका राजा शुद्धोधनकी जेष्ठी रानी मायादेवीको कोखबाट बैशाख पूर्णिमाको दिनमा भएको थियो। सिद्धार्थले २९ वर्षको उमेरमा शान्ति र ज्ञान प्राप्तीको लागि महाभिनिष्क्रमण वा दरवार त्याग गरेका थिए। उनले ६ वर्षसम्म कठोर तपश्या गरी ३६ वर्षमा उरुवेलाको जंगलमा (बौद्धगयामा) बोधिज्ञान वा बुद्धत्व प्राप्त गरेका थिए। बुद्धत्व प्राप्तीपछि यिनले सारनाथमा आपनो ज्ञानको प्रचार (धर्मचक्रप्रवर्तन) गरेका थिए। यिनैको उपदेश दशपारमिता र षट्पारमितामा दानपारमितालाई प्राथमिकता दिएको पाइन्छ। दान भन्नाले आफुसंग भएको वस्तु सधर्मचित्त उत्पन्न भई कसैलाई दिनुलाई भनिन्छ। दानधर्म गरी पारंगत गर्ने बौद्धचर्यालाई पारमिता भनिन्छ। त्यसैले बोधिसत्वले निर्वाण प्राप्तीको लागि गरिने कुशल चर्या नै पारमिता हो। दानलाई दानपारमिता (अमिसदान, अभयदान र धम्मदान), दानउपपारमिता र दानपरमत्थपारमिता गरी तीन प्रकारमा विभाजन गरिएको छ।  बौद्ध जातकका अनुसार बुद्धको समयमा पनि राजा, रानी, महाजन, गणीका, सर्वसाधारणहरु आदिले पनि संघभोजनदानका साथै विहार दान गरेको उल्लेख पाइन्छ। यसरी बुद्धको समयमा भिक्षु तथा संघलाई भोजनदान र अन्य दान दिएकोलाई सम्यक् दान भनेर उल्लेख गरेको  पाइन्छ। बुद्धको उपदेश अष्टाङ्गिक

मार्गमा पनि सम्यक् शब्दको प्रयोग गरेको पाइन्छ । संस्कृत शव्द सम्यक्को अर्थ बौद्ध धर्ममा सत्य, उचीत र मध्यम् हुन्छ । यस प्रकार बौद्ध धर्ममा गरिने विशेष दानलाई सम्यक् दान भनिन्छ ।

बौद्ध ग्रन्थका अनुसार सम्यक् पर्वको परम्परा अतित बुद्ध दिपंकरको समय देखि नै प्रचलनमा आइसकेको विश्वास छ । सर्वानन्दनृप जातकका अनुसार राजा सर्वानन्दले दीपंकरबुद्धलाई निमन्त्रणा गरी सम्यक्, पंचदान र नवदानको आयोजना गरेको उल्लेख पाइन्छ । प्रथम अभिलेख प्राप्त लिच्छवीकालिन प्रख्यात राजा मानदेव, राजा अंशुवर्मा र राजा नरेन्द्र देवको समयमा पनि विभिन्न विहारहरुको निर्माणका साथै संघ भोजन, संघ दान आदि गरेको अभिलेख पाइन्छ । त्यस्तै पूर्वमध्यकालमा अतिशा दीपंकर काठमाडौंको विक्रमशील महाविहार (ठँबही) मा आगमण भएको बेला तत्कालिन संघभोजन र बौद्ध शिक्षाको राम्रो भएको वर्णनबाट पूर्वमध्यकालमा सम्यक् भोजन दानको बारेमा थाहा पाउन सकिन्छ । मल्लकालमा सम्यक् परम्परा झन् विकसित भएको पाइन्छ । यस कालमा बनेका बौद्ध विहारहरुको अस्तित्व वर्तमान समयसम्म यथावत नै पाइन्छ । यसकासाथै यस कालमा बौद्धधार्मिक क्रियाकलापहरुको आयोजना गरी त्यसको निरन्तरताका लागि जग्गाको र गुठीको व्यवस्था मिलाएर गएको पनि पाइन्छ । यसै प्रसंगमा पाटन इल्हने सम्यक् महादान पर्वको इतिहास चौधौं शताब्दीका थकुरीबंशी भलिभारो वा भलिभरादले गरेको उल्लेख पाइन्छ । यिनले सम्यक् पर्वको आयोजना गर्नुका साथै निरन्तरताका लागि गुठी तथा जग्गाको व्यवस्था मिलाएका थिए । यसकालागि हिरण्यवर्ण महाविहारमा सम्यक् महादान गुठी बनाएर हरेक वर्ष फाल्गुण शुक्ल चतुर्थीका दिनमा आयोजना गर्ने उतरदायित्व दिएका थिए । तर बि.सं १७३१ सालमा जग्गा अधिकरणको कारणले आयस्तामा कमी आएर प्रत्येक पाँच वर्षमा एक पल्ट मात्र मनाउने गरियो। यो पर्व मनाउने परम्परा मध्यकालसम्म पनि चलिरहेकै देखिन्छ । यसरी मध्यकालमा परम्परागत गुठीका साथै एच्छीक रुपमा स्वइच्छाले पनि संघ भोजन तथा सम्यक् पर्वको आयोजना गरेको पाइन्छ । यसरी दाताहरुको सधर्म चित्त उत्पन्न भएर पंचदान, नवदान र सम्यक्दान आदि गरेको प्रमाण विभिन्न ताडपत्र, पिण्डपात्र, धातुपत्र, शिलालेखहरुमा उत्कीर्ण गरेको पाइन्छ ।(हेनुहोस् पृ.१७ देखि २० सम्म) । इल्हने सम्यक् महादान पर्व परम्परागत रुपमा वर्तमान समय सम्म पनि यथावत नै चलेको पाइन्छ । यसरी प्रत्येक पाँच वर्षमा एक पल्ट परम्परागत रुपमा आयोजना गर्ने यस गुठीले आगामी बि.सं २०६४ सालमा सम्यक् पर्व ४९९

औं पटकमा आयोजना गर्ने पालो आएको छ भने बि.सं २०६८ सालमा सम्यक् पर्व ५०० औं पल्टमा मनाउने भएको छ ।

ललितपुरका प्रमुख अठार वटा महाविहारहरु मध्ये हिरण्यवर्ण महाविहार पनि एक हो । यस विहारको कचाबहाल (हाँगा बहाल)हरु मध्ये वशुवर्धन वा पशुवर्धन महाविहार पनि एक हो । जनबोलीमा यस वशुवर्धन महाविहार क्षेत्रलाई नागबहाल वा इल्हने नामले पनि सम्वोधन गरिन्छ । यस क्षेत्रमा बासुकी र चम्पक नाम गरेका दुईटा नागको चित्र भएकोले नागबहाल नाम रहन गएको भनाई रहेको छ । इल्हने नामकरण बारेमा हेमराज शाक्यको मत अनुसार इल्हने शब्द नेवारी भाषा हिति न्ह्योने अर्थात नेपालीमा ढुङ्गेधारा अगाडि भन्ने शव्दबाट बनेको मान्दछन् । त्यसकारण यस स्थानमा बौद्ध पर्व सम्यक् महादानको आयोजना गर्ने भएकोले नै यस पर्वलाई इल्हने सम्यक् महादान भनिन्छ । यस स्थानमा सम्यक् महादानकासाथै अन्य बौद्ध साँस्कृतिक क्रियाकलापहरु दीपंखायात्रा, मतया जात्रा, लुचिद्य थायगु (माटोको चैत्य बनाउने), पंचदान, बुद्धजयन्ती, बाहापूजा, वशुन्धरा पूजा आदिको पनि आयोजना गरेको पाइन्छ । त्यसकारण इल्हने स्थान विभिन्न बौद्ध साँस्कृतिक क्षेत्रका रुपमा पनि परिचित छ ।

सम्यक् पर्व मूल रुपमा दुई किसिमले मनाउने परम्परा छ । प्रथम हिरण्यवर्ण महाविहारको इल्हने सम्यक् महादान गुठीबाट परम्परागत प्रत्येक पाँच वर्षमा फागुण शुक्ल चतुर्थीका दिन आयोजना गरिन्छ । यस पर्व आयोजना उक्त विहारका बिस स्थवीरहरु मध्ये पालै पालो आठजना आजुहरुलाई (सदस्य) अभिभारा दिएर मनाइन्छ । यस पर्वमा पाटनका प्रमुख अठारवटा बहालका देवताहरु, बहीलका देवता, र विगतका वर्षहरुमा दातृले सम्यक् आयोजना गरेको सम्झनामा बनाएका दीपंकरका मूर्तिहरु, क्वाबहालका कचाबहालका देवताहरु, आर्यताराहरु, शाक्यमुनि, लोकेश्वर, वशुन्धरा, थासद्यो(स्वयम्भू चैत्य), वज्रसत्व, लगनखेलथुर, भलिभारो आदिका साथै भिक्षु शाक्य, बज्राचार्य, आदिलाई पनि विधिपूर्वक निमन्त्रणा गरेर सम्यक् महादान गरिन्छ । दोस्रो शैली अनुसार कुनै दाताको सधर्म चित्त उत्पन्न भएमा विशेष तिथी हेरी कुनै पनि महिनामा आयोजना गरिन्छ । यसरी आयोजना गर्दा लगनखेल स्तुपको परिसर वा आपनो महाविहारमा नै दानशालाको आयोजना गरेको पाइन्छ । यसरी एच्छीक रुपमा सम्यक्

पर्वको आयोजना गर्दा दीपंकर तथागतको प्रतिमा र ताराको मूर्ति बनाउने गरेको पाइन्छ । यस्का साथै प्रज्ञापारमिता सफु(ग्रन्थ), धर्मधातुचैत्य, विलपौं, पौवाहा, लीला तुनापौं, देवताहरुको चित्र लेखाउने गरेको पाइन्छ । यस्का साथै सम्यक् पर्वको सम्झनामा घण्ट चढाउने, साल मिति अंकित गरी ताम्रपत्र, सिलापत्र, मण्डपका साथै गुठीको पनि व्यवस्था मिलाउने गरेको पनि पाइन्छ । त्यस्तै आपनो विहारको क्वापाद्यलाई पिण्डपात्र, पत्ता, किकिपा, मुकुट आदि चढाउने पनि गरिन्छ ।

सम्यक् पर्व परम्परागत गुठीबाट आयोजना गर्दा साँस्कृतिक कार्यक्रमको थालनी गत पर्वका गुठीहरुले आगामी गुठीयारहरुलाई हिरण्यवर्ण महाविहारमा अभिभारा सुम्पने कार्यबाट हुन्छ । यसरी अभिभारा दिंदा गुठियारहरुको उत्तरदायित्व, पूजा विधि, सम्यक् पूर्वको तयारी, प्रमुख दिनको कार्य र सम्यक्पछिका कार्यहरु तथा देवीदेवताहरुको नियमावली अनुसारको स्थानक्रम तथा दानको अनुपात आदिको बारेमा उल्लेख गरिएको *पनि सफु* (ग्रन्थ) पनि दिने गरिन्छ । यस *पनि सफुमा* सम्यक् पर्वमा गुठियारहरुको पूर्व कार्यको रुपमा गुठीको आयस्ता हेर्न जाने, गुहेश्वरी पूजा, मिठाई बनाउन चूलोको पूजा, रोटी पोल्ने, नागको चित्र बनाउने, रंग रोगन गर्ने, नागको जीवन्यास राख्ने, आवश्यक कामको बाँडफाँट गर्ने, लिङ्गो थड्याउने, विहारहरुमा निमन्त्रणा जाने आदि गरिन्छ । सम्यक् पर्व मनाउने मुख्य दिनको पूर्वरात गुरुजुहरु र सुवालनीहरुले आमन्त्रित देवीदेवताहरुलाई विधिपूर्वक स्वागत गरिन्छ । यस पर्वको मुख्य दिनमा क्वाबहालमा होम गरी थालनी गरिन्छ । सोही दिनमा थकुजुजु (मल्ल राजा)बाट क्वाबहाल संघका दशपारमिता आजुहरु र बिस स्थवीरहरुलाई लिख्यचाकेगु (जल अभिषेक गरी स्वागत) गरिन्छ । त्यसपछि सम्यक् भात पकाउने, मुलाको चानाको दाल पकाउने, बाह्र प्रकारको गेडागुडी पकाउने आदि कार्यहरु गरिन्छ । सम्यक् गुठीका तर्फबाट गुठीयारहरुले आमन्त्रित सम्पूर्ण देवीदेवताहरु तथा आजुहरुलाई पनि सफुमा दिएको नाप तौल अनुसार दान दिने गरिन्छ । सम्यक् महोत्सवको समापन पछि यस पर्वका लागि ल्याएको यचिद्यः फिर्ता लग्ने, योसिं वा लिङ्गो ठड्याएको निकाल्ने, कार्य समाप्तीको खुसीयालीमा चोभारसंगैको कोयना गणेशको पूजा गरी भोज गर्ने र अन्तमा पूर्णचण्डीमा पूजा गरी चर्या गीत गाउदै फर्किन्छ ।

सम्यक् महादान पर्वमा विभिन्न साँस्कृतिक कार्यका साथै बौद्ध कला, धर्म र संस्कृतिको प्रदर्शनी पनि भएको पाइन्छ । यस पर्वमा विभिन्न प्रकारका कलाकृतिहरुको प्रदर्शनी गरिन्छ । यस पर्वमा वशुन्धरा, थासद्यो(स्वयम्भू चैत्य), दीपंकर बुद्ध, तारा, लगनखेलथुरको प्रतिमा,

भलिभारोको प्रतिमा, शाक्यमुनी बुद्ध, आर्यअवलोकितेश्वर आदि देवीदेवताहरुको कलाकृति पाइन्छ । यस पर्वमा ठूला, साना विभिन्न आकारका मुर्तिहरु देखिन्छ । ठूला मूर्तिका रुपमा दीपंकर बुद्धका मूर्तिमा भित्र मान्छे बसि चंक्रमण वा हिडेर आउने गरिन्छ । जसलाई नेवारीमा कुयाम्पाजु भनिन्छ । त्यस्तै साना आकारका देवीदेवताहरुलाई खट्मा राखेर ल्याउने गरिन्छ । यस पर्वमा देवीदेवताहरु विभिन्न वस्त्र तथा आभूषणको सजावत गरी, छत्र ओढेर, खट्मा वा चंक्रमण गरी सहभागी गराइन्छ । सम्यक् पर्वमा सम्पूर्ण देवीदेवताहरु उपस्थित भएपछि सो स्थान बौद्ध संग्रालयको रुपमा देखिन्छ ।

यस पर्वमा परम्परागत साँस्कृतिक विधिमा धार्मिक पूजाआजा पनि गरेको पाइन्छ । यस धार्मिक साँस्कृतिक कार्यमा महत्वपूर्ण आवश्यक सामग्रीहरुको प्रयोग गरेको पाइन्छ । यस पर्वमा दशपारमिता आजुहरुको सहभागिता हुदा विशेष प्रकारको लुगा तथा टोपीको प्रयोग गरेको पाइन्छ । त्यस्तै गुह्य पूजा, कलश पूजा, लिख्यचायेकेगु, स्वागत गर्दा, निमन्त्रणा जाँदा आदि कार्यहरु गर्दा पनि परम्परागत आवश्यक सामग्रीहरुको प्रयोग गरेको पाइन्छ ।

## ७.१. निष्कर्ष :

दानपारमिताको महत्वलाई सफल बनाउन मनाइने यस पर्वको पूर्णताले निरोगी, ज्ञान प्राप्ती, सन्तान प्राप्ती, एश्वर्य भोग, आयु बृद्धि जस्ता विभिन्न आध्यात्मिक एवं सांसारिक लाभ हुने मान्यता छ ।

पाटन नागबहालमा मनाइने इल्हने सम्यक् महादान पर्वको आफ्नै विशेषता पाइन्छ । यो पर्व परम्परागत रुपमा प्रत्येक पाँच वर्षमा एक पल्ट हिरण्यवर्ण महाविहारका बिस स्थवीरहरु मध्ये पालै पालौ आठ आठजनालाई अभिभारा दिएर मनाइन्छ । बाह्रौं शताब्दीका भलिभारोले हिरण्यवर्ण महाविहारमा सम्यक् महादान गुठीको स्थापना गरेदेखि परम्परागत रुपमा प्रत्येक वर्ष आयोजना गरेको यो पर्व वि.सं.१७३१ मा जग्गा अधिकरणको कारणले प्रत्येक पाँच वर्षमा एक पल्ट मात्र मनाउने गरेको पाइन्छ । यो पर्व आगाम वर्ष वि.सं.२०६४ सालमा ४९९ औं पटकमा आयोजना गरिने छ भने २०६८ सालमा ५०० औं पल्टमा मनाइने छ । पाटनमा संघ भोजन तथा सम्यक् महादान पर्व परम्परागतका साथै एच्छीक रुपमा कुनै दाताले आयोजना गरेर पनि मनाएको पाइन्छ । यसरी एच्छीक रुपमा आयोजना गरेका समेद्यः हरुको संख्या ३६ जति छन् । यसप्रकार एच्छीक रुपमा सोही व्यक्तिले पनः आयोजना गरेमा समेद्यःको ओढने छत्रमा तह बढ्ने गर्छ । सम्यक् पर्वमा तीन तह सम्मको छत्र ओढेको समेद्यः पनि ल्याउने गरेको पाइन्छ । इल्हने

सम्यक् पर्व सफलता पूर्वक मनाउन आयस्ताको लागि गएको सम्यक्‌मा (२०६०) एक दातृले आफू बस्दै आएको दुइटा घरहरु पनि सम्यक् महादान गुठीलाई दान दिएको पनि पाइन्छ ।

इल्हने सम्यक् महादान पर्व आयोजना गर्दा हिरण्यवर्ण महाविहारको परिसर अर्थात नागबहाल(इल्हने) मा आयोजना गरिन्छ । एच्छीक रुपमा आयोजना गर्दा लगनखेल परिसर वा आपनो विहारको वरिपरि नै आयोजना गरिन्छ । उदाहरणको लागि रुद्रवर्ण महाविहारको योतालिवि, रत्नाकर महाविहार, यशोधर महाविहार आदि ।

यस परम्परागत सम्यक् महादान पर्वमा साँस्कृतिक कियाकलाप निरन्तरता भएता पनि केही फेरबदल भएको पाइन्छ । यस पर्वमा धार्मिक विश्वासमा कमी आएर उत्तरदायित्व पूरा गर्ने उद्देश्यले मात्र सहभागी भएको पाइन्छ । यसका साथै विभिन्न कियाकलापहरुमा पनि कमी आएको पाइन्छ । प्राचीन समयमा यचिद्यः स्वनेगु, छो पूजा, सुपौ चिनेगु, पोडे दस्तुर दिने आदि कार्यहरु गरिन्थ्यो तर हाल यी कार्यहरु गरेको पाइँदैन । त्यस्तै वर्तमान समयमा बढी खर्च र आयस्ता कमीका कारणले पूर्ण रुपमा कार्य गर्न असमर्थ देखिन्छ । त्यस्तै वर्तमान समयमा आफ्नो कामको व्यस्तताका कारणले गुठीयारहरु समारोहको प्रत्येक कार्यमा पूर्ण सहभागिता पाइँदैन । यस पर्वमा प्रत्येक कार्यको परितोषितको रुपमा प्राचीन शैलीमा मिठाई र अन्न दिइन्छ जस्ले गर्दा कार्यमा संलग्न व्यक्तिहरु जाँगर देखिंदैन । यस पर्वलाई धार्मिक र साँस्कृतिक आस्था नभएर विभिन्न विज्ञापनहरु दिने स्थलको रुपमा परिणत भएको देखिन्छ । यस्कासाथै नयाँ भौतिक वस्तुहरु टि.भि, कम्प्युटर, डि.भि.डि तथा अन्य कार्यमा व्यस्तताका कारण यस महान पर्वमा जनसहभागिता कमी देखिन्छ ।

सम्यक्‌मा प्रदर्शनी गरिने मूर्तिहरु विभिन्न कालकम अनुसार फरकपन आएको पाइन्छ । प्राचीन समयमा साधारण रुपमा बनाइन्थ्यो तर वर्तमान समयमा आभुषणको प्रयोग बढी पाइन्छ । प्राचिन मूर्ति तथा आभुषण चोरी भइसकेकोले नयाँ निर्माण गरेको पाइन्छ । देवीदेवताको कार्षाय वस्त्रमा नयाँपन आएको पाइन्छ । त्यस्तै खादाको प्रयोग, पंचरंगी कपडाको प्रयोग, फूलमाला तथा झल्लरको प्रयोग बढी भएको पाइन्छ । सम्यक् पर्वमा देवीदेवताहरु सहभागी हुन पनि असुरक्षाका कारणले कुनै कुनै देवताहरु केवल चित्रफलक मात्र ल्याउने गरेको पाइन्छ ।

त्यस्तै सम्यक् पर्वमा सहभागी हुने एक दीपंकरका मूर्ति चोरी भएको थियो । कनकमुनी आजु नाम गरेका दीपंकर बुद्धको मूर्ति विगत वि.सं २०५८ माघ ४ गते नागबहाल चिबाहा चुकबाट हराएको युरोपको अष्ट्रियामा बिकी गर्न राखिएको थियो । चोरी भएको मुर्ति थाहापाएर पुनः फिर्ता गरिएको थियो । यस हराएको मूर्तिलाई पुनः प्राप्त गरेको उपलक्ष्यमा २०६० कार्तिक १३ गते प्रर्दशनी गरेको थियो ।

यस सम्यक् पर्वमा प्रत्येक कार्यको थालनी धार्मिक आस्था र संस्कारको रुपमा विधिवत् पूजाबाट गरिन्छ । यस पर्वमा देवीदेवताहरुको स्वागत गर्न गुरुजुहरुबाट विधिवत पूजा गर्नुका साथै देव ब्राम्हणबाट बेद पढ्रिहेको पनि पाइन्छ । यसबाट यस बौद्ध पर्वमा हिन्दु धर्मको पनि सहभागिता भएको देखिन्छ । सम्यक्को मुख्य दिनमा परम्परागत रुपमा दशपारमिता आजुहरुलाई ठकुजुजु (मल्लराजा)का वंशजले विधिवत् स्वागत गरेको पाइन्छ । यसबाट तत्कालिन समयदेखी नै राजा महाराजा वा ठूला व्यक्तिहरु बौद्धधर्मप्रति आस्था भएको थाहा हुन्छ ।

## ७.३. सुझाव :

इल्हने सम्यक् महादान पर्व बौद्ध धर्मावलम्वीहरुको महत्वपूर्ण पर्व हो। यस पर्वलाई निरन्तरता दिन केही सुझावहरु निम्न प्रकारका छन् ।

१) बौद्ध धर्ममा दानको महत्व बुझाएर धार्मिक आस्था जागृत गर्न सकिन्छ ।

२) यस पर्वको मुख्य रुपमा आयस्ता वा आर्थिक क्षेत्रमा बृद्धी गरेमा निरन्तरता दिन सकिन्छ ।

३) यस पर्वमा स्थानीय युवावर्गलाई सक्रिय बनाउनु अति आवश्यक छ ।

४) सम्यक्का आयोजकहरुद्वारा देवीदेवताको सुरक्षामा बढी ध्यान दिनु आवश्यक छ ।

५) यस पर्वमा आन्तरिक तथा बाह्य पर्यटकहरुको बढी सहभागीता हुनु आवश्यक छ । पर्यटक आगमन भएमा आर्थिक विकासका साथै बौद्ध धर्मको प्रचार पनि गर्न सकिन्छ ।

६) यस पर्वको व्यापक विज्ञापन, पुस्तक, पम्प्लेट, टि.भि, इन्टरनेटबाट जानकारी दिई आकर्षण र महत्व बढाउन सकिन्छ ।

७) यस पर्वमा देवीदेवताहरुको स्थानक्रम बारेमा निति नियम बनाउनु आवश्यक छ ।

८) प्रत्येक कार्यको परितोषित वा ज्यालाको रुपमा बाजुमरि एउटा एउटा दिनुका साथै नगद पनि दिएमा काम गर्नेको जाँगर बढ्न सक्छ ।

९) सम्यक् पर्वको एच्छीक रुपमा आयोजना गर्नेहरुको शिलालेख वा स्तम्भ अभिलेख राखेमा स्मरणीय हुन्छ ।

१०) आगामी सम्यक् पर्व बि.सं २०६८ सालमा ५०० औं पटक पुगेको शुभ अवसरमा विशेष रुपमा मनाउनु आवश्यक छ ।

## ५.५.अन्य :

सम्यक् महादानमा थासँद्यो, बसुन्धरा, दीपंकर बुद्ध र ताराका साथै अन्य देवी देवताहरुको पनि उपस्थिति पाइन्छ । उदाहरणको लागि बज्सत्व मुखः, बज्रसत्व मुकुट, लोकेश्वरहरु, भलिभारो, मच्छिन्द्रनाथ, आदीनाथ, शाक्यमुनी बुद्ध र लगनखेल थुरको प्रतिमा आदि पनि राखिन्छ ।

यसप्रकार सम्यक् महादान पर्वमा उक्त सम्पूर्ण देवताका साथै तेतिसकोटी देवता, अष्टदीकपालहरु, आदि देवताहरु पनि उपस्थिती भएको मानिन्छ । योंसिको स्थापना गरी स्वर्ग,

---

| क.सं | सम्य्क देवता | चामल अञ्जुलीमा | स्याबजी( चिउरा) अञ्जुलीमा | वाजुमरि/ मथमरि | लाह्मिरि / सुमरि |
|---|---|---|---|---|---|
| ९९ | साखःति जयमां | ३ | ३ | * | ३ |
| १०० | जोग आजु हगूबहा | ३ | ३ | ३ | ३ |
| १०१ | क्वाःबाहाः का नापित | ३ | ३ | ३ | ३ |
| १०२ | चिकंबही धनदत्तब्रम्हचर्य | ३ | ३ | ३ | ३ |
| १०३ | ईतुंबाहा | * | * | * | * |
| १०४ | ख्वप आजुद्यः | * | * | * | * |

पाताल र धर्तीका सम्पूर्ण देवीदेवताहरुलाई निमन्त्रणा दिएको भनाई पाइन्छ। त्यसकारण सम्यक् पर्वमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सम्पूर्ण देवीदेवताहरु उपस्थित भएको पाइन्छ।

# परिशिष्ट : ख

## हिरण्यवर्ण महाविहारको पितलपत्रको नेवारी अभिलेखलाई नेपालीमा अनुवाद :

ओं नमो रत्नत्रयाय ॥ ओं नमो श्री दीपंकर बुद्धाय ॥ ओं नमो क्वाचपाल देवता भटारकाय ॥

श्रेयोस्तु नेपाल सम्वत् ११२४ फाल्गुणमासे शुक्ल पक्ष ॥ चतुर्थी तिथौ ॥ रेवती नक्षत्र ॥ शुभयोग ॥ गरकरणे ॥ मंगलबार ॥ मीन राशी गते चन्द्रमास ॥ कुम्भ राशि गते श्री सूर्यको शुभ दिनमा नेपालमण्डलको ललितपुर महानगरमा अवस्थित विश्वप्रसिद्ध भाष्करदेव वर्म संस्कारित हिरण्यवर्ण महाविहार क्वा:बहाको संघका चक्रेस्वर आजु हुनु भई धेरै वर्ष सम्म विहारमा सेवा गरी बस्नु भएका आपना पूर्वज ज्योतिराज बज्राचार्य ॥ उहााको सुपुत्र जोगमान बज्राचार्य ॥ उहााको पनि सुपुत्र शान्तरत्न बज्राचार्य र श्रीमतीहरु धर्मकुमारी बज्राचार्य र लक्ष्मीकुमारी बज्राचार्य समेत सबैजनाको सद्धर्मचित उत्पति भई हिरण्यवर्ण महाविहारको हातामा अवस्थित नागबहालमा प्रत्येक् पााच वर्षमा एक पल्ट मनाउदै आईरहेको भरिभारो थकुजुका आद्धितीय कीर्ति मानिने यस इतिल्हने सम्यक्को सम्यक् महादान गुठी कार्य सुचारु रुपमा पछिसम्म चलिरह्होस् भन्ने शुभकामना गरी कान्तिपुर महानगरको वडा नं ३३ कमलपोखरीको किता नं २५२४ र किता नं ३२१२ को आफु बसी आएको घर र जग्गा समेत इतिल्हने सम्यक् महादानको प्रयोजनका निमित्त सम्यक् गुठीको नाममा विधिवत दान गरेको हो । यस पुण्यकार्यको सम्फनामा श्रीमान शान्तरत्न बज्राचार्य र सहचर्या हामी दुई दिदीबहिनी(श्रीमती) हरुको प्रतिमा समेत बनाई आपनो विहार हिरण्यवर्ण महविहारमा चढायौं । यसको दानदातब्यको पुण्यले हाम्रो देश नेपालको इतिल्हने सम्यक् चन्द्र र सुर्य स्थायी भए सम्म स्थीर भई रहोस् । संगै यस्तो पुण्य कर्म आजसम्म परम्परागत रुपमा चलाईराखेका क्वाबहाल संघका दशपारमिता आजुहरु, बिसपारमिता आजुहरु र सम्पुर्ण संघका सदस्यहरुको शुभकामना गरेको हौ यस दानकार्यको पुण्य आपनो पूर्वज सहित आपनो दीवंगत श्रीमान् बज्राचार्य शान्तरत्न र दिदी धर्मकुमारीहरुको सुखावती भुवन लाभ होस् भनी कामना गरेको हो । साथै सम्पूर्ण प्राणी जगतको उद्धार होस् भनी आफू लक्ष्मी कुमारी बज्राचार्यको कामनाबाट प्रतिष्ठापित भएको हो । शुभमस्तु सर्वदा ॥

## सन्दर्भग्रन्थ सूचीः

### नेपालभाषा ग्रन्थहरु :

१) नेवामी, दरशा, **इल्हने सम्यक् महोत्सव,** यल : हिराकाजी सुजिका, २०४५ ।

२) नेवामी, दरशा, **सम्यक् महादान पर्व,** यें : धर्म रत्न शाक्य, २०४८ ।

३) बज्राचार्य आदीबज्र, र अरु,(संम्पा.तेज रत्न सिन्दुराकार), **सम्यक् महादान,** काठमाडौ : तेज रत्न सिन्दुराकार, २०५९ ।

४) बज्राचार्य, आशाकाजी, **पंचदान बिधि**, यल : सिद्धिराज शाक्य व सकल परिवार, २०३९ ।

५) बज्राचार्य, आशाकाजी, **नेपालवर्ष किया नखः चखः पुस्तकम,** यल : पं.बै आशाकाजी बज्राचार्य, २०४४ ।

६) बज्राचार्य, चुन्दा, **नेवाः तजिलजिइ नखः चखः,** यें : नेपालभाषा एकेडमी, २०५७ ।

७) बज्राचार्य, हेराकाजी व दीपक बज्राचार्य, **नेवा बौद्ध पूजा कियाय् छ्यला नाला वयाच्वंगु हलंज्वलं विवरण पुस्तिका**, ललितपुर : विश्व शान्ति पुस्तकालय, २०५१ ।

८) बज्राचार्य, हेराकाजी, **गुइत.या बहि बिहार संघ,** यल : दिपावती पुस्तकालय, २०५६ ।

९) बज्राचार्य, मन्जु र अरु,(संम्पा.तेज रत्न सिन्दुराकार), **सम्यक् महादान,** काठमाडौ : तेज रत्न सिन्दुराकार, २०५९ ।

१०) भिक्षु अमृतानन्द स्थवीर, **बुद्ध जीवनी,** काठमाण्डु : मन्त्री, धर्मोदय सभा, चतुर्थ विश्व बौद्ध सम्मेलन, २०१३ ।

११) शाक्य, महेन्द्र रत्न, **वसुन्धरा देवी छगू अध्ययन**, ललितपुर : लोटस् रिसर्च सेन्टर, २०५१ ।

१२) शाक्य, रविन्द्र र अरु (संम्पा.धर्म रत्न शाक्य 'त्रिशुली'), **दीपंखायात्रा,** यल : दीपंखा गुठी, दीपंखायात्रा ब्यवस्थापन समिति, २०६२ ।

१३) शाक्य, हेमराज, **इल्हन्ने सम्यक् संक्षिप्त इतिहास,** यल : संघ रत्न शाक्य, २०३२ ।

१४) शाक्य, हेमराज, **सम्यक् महादान गुठी,** ये : जगतधर तुलाधर, २०३६ ।

१५) शाक्य, हेमराज, **इल्हने सम्यक् इतिहास वः ध्वया ज्याभव** :, ललितपुर : बेखारत्न शाक्य, २०४८ ।

१६) शाक्य, हेमराज, **श्री वशुन्धरादेवीया साँस्कृतिक पृष्ठभूमि**, गुजिबहाल : भीमराज शाक्य, २०५० ।

### नेपालभाषा लेखहरु :

१) बज्राचार्य, धर्मसुन्दर, "पंचदान", **विश्व शान्ति,** अंक १६ (२०६३) ।

२) शाक्य, माणिक रत्न, "इतिल्हने सम्यक्या संक्षिप्त परिचय व थ्वया ज्याभवः", **पलेस्वां,** अंक.२१, (२०६०) ।

३) शाक्य, रविन्द्र,"दीपंखा यात्रा", **विश्व शान्ति**, अंक १६ (२०६३) ।

४) शाक्य हेमराज, "सम्यक् महादान परम्परा व इतिहास", **पलेस्वां,** अंक.२१, (२०६०) ।

## नेपाली ग्रन्थहरु :

१) कुमार, काश्यप **दशपारमिता,** भृकुटीमण्डप : सुखी होतु नेपाल बुद्ध विहार, २०६० ।

२) दीप, धुवकृष्ण, **हाम्रो संस्कृति हाम्रो ढुकुटी,** ललितपुरः साझा प्रकाशन, २०५२ ।

३) बज्राचार्य धनबज्र, **लिच्छविकालिन अभिलेख,** काठमाडौ : त्रि.वि. नेपाल र एसियाली अध्ययन संस्थान, २०३० ।

५) बज्राचार्य, रञ्जना, **पंचदान बौद्ध पर्व** , काठ्माडौ : शाक्य जः २०५६ ।

६) बज्राचार्य, रञ्जना, **बालार्चनदेव संस्कारित जेष्ठवर्ण महाविहार टंगबाहा मिननाथ एक अध्ययन,** ललितपुर : आशारत्न धाख्वा, २०६० ।

७) शाक्य, मीन बहादुर, **सम्यक महादान पर्व हिरण्यवर्ण महाविहार,** ललितपुर : आशा रत्न शाक्य, २०५६ ।

८) ज्ञवाली, सूर्य विक्रम, **नेपालको उपत्यकाको मध्यकालिन इतिहास,** काठमाडौ : रोयल नेपाल एकेडमी, २०१९ ।

## नेपाली लेखहरु :

१) कोण्डन्य, "सम्यक् दान : एक चिनारी", **आनन्दभूमि,** आनन्दकुटी विहार गुठी, अंक १०, (२०५८) ।

२) पराजुली, हरिप्रसाद, "दानपारमिता", **धर्मकीर्ति,** अंक १, (२०६३) ।

३) बज्राचार्य, आनन्दवीर, "बौद्ध देवीदेवताका आभूषण एक अध्ययन", **पलेस्वा,** अंक.१९ (२०५८) ।

४) मानन्धर, सुशिला, "पाटन शहरको साँस्कृतिक भूगोल", **पासूका**, अंक १, (२०५८) ।

## शोधपत्रहरु :

१) शाक्य, श्रीजना, "यल पंचदानको एक साँस्कृतिक अध्ययन" (अप्रकाशित शोधग्रन्थ, एम.ए. त्रि.वि), वि.सं.२०४६ ।

**English Books:**

!) Bhattacharya, B, "**The Indian Buddhist Iconography**", Calcutta: Firma K.L, Mukhopadhya, 1968 .

2) Locke, J, K, "**Buddhist Monasteries of Nepal",** Kathmandu : Sahayogi Press, P.v.t L.t.d 1985 .

3) Vaidya, K, "**Buddhist Traditions and Culture of the Kathmandu Valley(Nepal)",** Kathmandu : Shajha Prakashan, 1986 .

4) Wright, D, "**History of Nepal**", Kathmandu, Nepal : Antiquate Book Publishers, reprint, 1972.

## Article:

1) Shakya M, "Vasundhara: Buddhist Goddess of Abundance", **Tri-Bodhi,** T.U. Kritipur, Voll.2, 2002.

**Dissertation:**

1) Vajracharya(Dhakhwa), Ranjana "Role of The Hiranyavarna Mahavihar in Social-Cultural Life of The Buddhist Newar of Patan" (Unpublished Ph.D. Dissertation T.U), 1993.

**Web Sites:**

1) www.nagbahal.com

2) www.lrc.org.np

## अर्न्तवार्ता सूची :

( सम्बन्धित बिषयका निम्ती अनौपचारिक भेटवार्तामा आधारित । )

१) पं हेमराज शाक्य, (बरिष्ट लिपीबिद्), थैना, पाटन ।

२) मिन बहादु शाक्य, (लेखक), चाकुपाट, पाटन ।

३) हेराकाजी बज्राचार्य, (लेखक), धपागल, पाटन ।

४) माणिक रत्न शाक्य, (लेखक), ख्वायबही, पाटन ।

५) चकराज बज्रचार्य, (बेताजु), चाकुपात, पाटन ।

६) द्रब्य रत्न शाक्य, (सम्यक्का गुठियार), चाकुपाट, पाटन ।

७) तारण राज शाक्य, (सम्यक्का गुठियार), नागबहाल, पाटन ।

८) भिम रत्न शाक्य, (सम्यक्का गुठियार), खाछे, पाटन ।